# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधको शीर्षक 'साहित्यकार रमेश हरिलट्ठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ शोधको परिचय

साहित्यकार रमेश हरिलट्ठकको जन्म वि.सं. २०३७ साल फाल्गुन २१ गते भारतको मेघालयमा पिता भीमलाल सापकोटा र माता जयन्ती सापकोटाका ज्येष्ठ सुपुत्रका रूपमा भएको थियो । उनको स्थायी ठेगाना लुम्बिनी अञ्चल नवलपरासी जिल्लाको दुम्कीवास -१ मा पर्दछ । उनले गणित, अर्थशास्त्र र राजनीतिशास्त्र विषयमा प्रमाणपत्र तह उत्तीर्ण गर्नुका साथै अर्थशास्त्र र राजनीतिशास्त्रमा बी.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । रमेश हरिलट्ठकको नामबाट साहित्य सिर्जना गर्ने उनको खास नाम, थर रमेश सापकोटा हो । स्कुले जीवनदेखि नै विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना कविता, गजलहरू प्रकाशन गर्दै आएका हरिलट्ठकका हालसम्म प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् :– 'सानु' (२०५५) हृदयस्पर्शी प्रेमकथा, 'कुकुरलाई घ्यू'(२०५६) व्यङ्ग्यसङ्ग्रह, 'दबाइएका स्वरहरू '(२०५७), 'शब्दक्रान्ति'(२०५८) कवितासङ्ग्रह, 'जिन्दगीको कहानीमा'(२०६०) गजलसङ्ग्रह । उनको अंग्रेजी भाषामा लिखित 'Ten Ghazals' दस गजलहरू पनि (२०६०) मा प्रकाशित भएको छ । त्यस्तै उनका अन्य कविता र गजलहरू पनि विभिन्न पत्र–पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ ।

आफ्नो राष्ट्रप्रति प्रेमभाव दर्साउनु , समाजमा विद्यमान शोषण, दमन, कुरीति, अन्धविश्वास, अनुशासनहीनताप्रति झटारो हान्नु उनको साहित्य सिर्जनाको खास विशेषता हो । 'सानु' (२०५५) शीर्षकको प्रेम कथामा आधारित हृदयस्पर्शी प्रेमकथा प्रकाशन गरेर आफ्नो साहित्यिक यात्रा थालनी गरेका रमेश हरिलट्ठकले नेपाली साहित्यमा गजल, कविता, मुक्तकजस्ता विधाहरूमा समेत कलम चलाएको पाइन्छ । अठार वर्षको कलिलो उमेरदेखि आफ्नो साहित्यसाधनालाई निरन्तरता दिएका हरिलट्ठकको वि.सं.२०६१ साल श्रावण २१ गते असामयिक निधन भयो । जसको निधनबाट नेपाली साहित्यले एउटा आशा लाग्दो प्रतिभालाई गुमाएको छ । रमेश हरिलट्ठक नवलपरासीको साहित्यिक नवयुवा जमातका अत्यन्त उत्साही र क्रियाशील प्रतिभाका रूपमा पनि सम्मानित भएका थिए । उनी 'बाहुली' हवाई पत्रिकाका सम्पादकका साथै दाउन्ने साहित्यिक तथा सांस्कृतिक समूह नवलपरासी तथा विभिन्न पत्रपत्रिकाहरूमा समेत संलग्न थिए । यिनै साहित्यकार रमेश हरिलट्ठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन यस शोधपत्रमा गरिएको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधकार्यमा नेपाली साहित्यका विविध विधामा कलम चलाएका रमेश हरिलट्ठकको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गरिएको छ । उनका कवितासङ्ग्रह, गजलसङ्ग्रह, व्यङ्ग्यसङ्ग्रह गरी पाँच कृतिहरू प्रकाशित छन् । त्यस्तै अन्य फुटकर रचनाहरू पनि प्रकाशित छन् । उनको नेपाली गजल र कविताको क्षेत्रमा उल्लेखनीय योगदान रहेको छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वका समस्यामा केन्द्रित रहेर प्रस्तुत शोधकार्य तयार गरिएको छ । यस्तो आशा लाग्दो प्रतिभाको असामयिक निधन भएकोले उनको जीवनी व्यक्तित्व र कृतित्वको वारेमा अध्ययन अनुसन्धान गर्नु अत्यावश्यक देखिन्छ । तसर्थ यस शोधका निम्नलिखित समस्याहरू देखिन्छन्-

क) साहित्यकार रमेश हरिलट्ठकको जीवनी के कस्तो छ ?

ख) साहित्यकार रमेश हरिलट्ठकको व्यक्तित्व के कस्तो छ ?

ग) साहित्यकार रमेश हरिलट्ठकको कृतित्व के कस्तो छ ?

## १.५ शोधको उद्देश्य

साहित्यकार रमेश हरिलट्ठकको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरी परिचय दिनुका साथै उनका कविता र गजलको विश्लेषण गर्नु शोधको प्रमुख उद्देश्य हो । तसर्थ यस विषयमा गरिने प्रस्तुत शोधका निम्न उद्देश्यहरू रहेका छन् :

क) साहित्यकार रमेश हरिलट्ठकको जीवनीको अध्ययन गर्नु ।
ख) साहित्यकार रमेश हरिलट्ठकको व्यक्तित्वको अध्ययन गर्नु ।
ग) साहित्यकार रमेश हरिलट्ठकको कृतित्वको अध्ययन र विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार रमेश हरिलट्ठकको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा समग्ररूपमा अध्ययन गर्नुपर्ने देखिन्छ किनकि कलिलो अवस्थामै कृति प्रकाशनमा निरन्तरता दिने सिर्जनशील व्यक्तित्वका धनी रमेश हरिलट्ठकको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र र क्रमबद्ध रूपमा अध्ययन नभए तापनि सङ्क्षिप्त रूपमै भए पनि उनका कथा, गजल, कविता र हाइकूसङ्ग्रहका सम्बन्धमा विभिन्न लेखक र समीक्षकहरूबाट सामान्य चर्चा परिचर्चा भएको पाइन्छ । यस सम्बन्धमा यस अघि भएका विभिन्न कार्यहरूको यहाँ सङ्क्षेपमा विवरण प्रस्तुत गरिएको छ ।

बलराम सुवेदी (भानूदय मा.वि. दुम्कीवास न.पा.) ले २०५६ सालमा प्रकाशित 'कुकुरलाई घ्यू' व्यङ्ग्यसङ्ग्रहमा हरिलट्ठकको यस कृतिले समाजमा रहेका अन्धविश्वास, कुरीति र अनुशासनहीनता प्रति व्यङ्ग्य प्रहार गरेको छ जसले व्यक्तिलाई सद्बुद्धि र समाजलाई सत्मार्ग तर्फ डोऱ्याउने छ भन्दै शुभकामना शीर्षकमा उनको बारेमा सामान्य समीक्षा गरिएको छ ।

हरिहर खनाल ( भरतपुर– क–१२/१५, चितवन) ले २०५६ सालमा प्रकाशित 'कुकुरलाई घ्यू' व्यङ्ग्यसङ्ग्रहमा रमेश हरिलट्ठकको किशोरावस्थामै देखिएको सिर्जनप्रियताले समाजमा विद्यमान विकृतिप्रति तिखो व्यङ्ग्य गर्न सक्ने खुबी, अध्ययनशीलता, नियमितता र इमानदारिताको प्रशंसा गर्दै 'शुभकामना' शीर्षकमा उनको बारेमा सामान्य चर्चा गरेका छन् ।

दिल साहनीले २०५८ सालमा प्रकाशित 'शब्दक्रान्ति' कवितासङ्ग्रहको जनताका घर आँगनमा स्वागत पाउन सक्ने सङ्ग्रह शीर्षकको भूमिकामा यस कृतिले शोषित पीडित जनताका घर–आँगनमा ठूलो स्वागत पाउने छ, भन्दै सामान्य समीक्षा गरेका छन् ।

नेपाल पत्रकार महासंघ चितवनद्वारा २०५६ सालमा प्रकाशित 'कुकुरलाई घ्यू' व्यङ्ग्यसङ्ग्रहमा रमेशको यो सङ्ग्रहले नेपाली समाज र नेपाली राजनीतिमा घट्ने वा घटेका घटनालाई सटीक ढङ्गले व्यङ्ग्यात्मक शैलीमा चोटिलो व्यङ्ग्य प्रहार गरेको छ, भन्दै 'शुभकामना' शीर्षकमा उनको उत्तरोत्तर प्रगतिको सामान्य चर्चा गरेका छन् ।

घनश्याम न्यौपाने 'परिश्रमी' ले २०६१ साल ज्येष्ठमा प्रकाशित जिन्दगीको कहानीमा गजलसङ्ग्रहको 'जिन्दगीको कहानीमाको पाण्डुलिपि उपर दृष्टिप्रक्षेपण' शीर्षकको भूमिकामा रमेश हरिलट्टक नवलपरासी नवयुवा साहित्यिक जमातका अत्यन्त उत्साही र क्रियाशील प्रतिभा हुन् र यिनको गजलकारिता नेपाली साहित्यिक माहोल भएको भन्दै उनका बारेमा सामान्य समीक्षा गरेका छन् ।

शालिकराम पौड्यालले नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा २०६१ सालमा प्रस्तुत रूपन्देही जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन शीर्षकको शोधपत्रमा रूपन्देही जिल्लाका कविहरूको चर्चा गर्ने क्रममा रमेश हरिलट्टकको पनि सामान्य चर्चा गरेका छन् ।

बुंद रानाले २०६१ सालमा प्रकाशित 'जिन्दगीको कहानीमा' गजलसङ्ग्रहमा एउटा सफल गजलकार हुनलाई जे जति, जुन कुराहरूको आवश्यकता पर्दछ त्यसको उपस्थिति उनमा देखिन्छ, भन्दै 'शुभकामना' शीर्षकमा उनको सङ्ग्रह सङ्ग्रहणीय बनोस् भन्ने कामनाका साथ सामान्य चर्चा गरेका छन् ।

दैनिक लुम्बिनी (२०६४–४–२) को शनिवासरीयमा मुरारि पराजुलीले हरिलठ्ठकका रचनाहरूमा परिपक्व जीवन दृष्टि र विशिष्ट शैलीको प्रयोग भएको छ, भन्दै उनका बारेमा सामान्य चर्चा गरेका छन् ।

दैनिक जनसङ्घर्ष (२०६१–४–३०) को शनिवासरीयमा अमृता अनमोलले 'सम्झनाको कसीभित्र रमेश' शीर्षकमा रमेश हरिलठ्ठकको मृत्युको खबर सुनेपछि उनको पार्थिक शरीरमा पुष्प गुच्छा अर्पण गर्न जाँदा घटेका घटना र उनको सम्झना गर्दै एउटा लेख लेखेकी छन् ।

दैनिक लुम्बिनी, (२०६१–४–२५) गते सोमवारमा यानेन्द्र विवश जि.सी. ले 'मृत्यु युद्ध नजितेकै हो रमेश' शीर्षकमा रमेश हरिलठ्ठकले अल्पायुमै धर्ती छोडे पनि धेरै कुरा छोडेर बिदा भएका छन् । हामी उनका रचना, चाहना, इच्छा र सुझावहरू सदा ग्रहण गर्ने छौं  भन्ने कुराको चर्चा गरेका छन् ।

जनसङ्घर्ष २०६१ साउन ३० गते शनिवासरीयमा निर्मल ढुङ्गानाले 'गजलकार स्व. रमेशलाई जिउँदो बनाउनुपर्छ' शीर्षकमा उनको जीवनी व्यक्तित्व र कृतित्वको सामान्य चर्चा गरेका छन् ।

जनसङ्घर्ष २०६१ भाद्र ७ गते सोमवारमा जे.बी.क्षेत्रीले 'नओइलिने फूल सारेर गएका माली' शीर्षकमा गजल सागरद्वारा आयोजित सत्रौं दिनको श्रद्धाञ्जली शोक सभामा उनको बारेमा गरिएको सम्झनालाई समेटेर लेख लेखेका छन् ।

द माउन्टेन भ्यू वर्ष १ अङ्क छ, अक्टोबर १२, २००३ मा शिव बरालले **'Ramesh and his 10 Ghazals'** मा **'your attempts is of course a motive all'** भन्दै उनको दस गजलका बारेमा समीक्षा गरेका छन् ।

उपर्युक्त लिखित विभिन्न लेखक समालोचक, शुभकामना र मन्तव्य दिनेहरूले साहित्यकार रमेश हरिलठ्ठकको कृतित्वको बारेमा सामान्य उल्लेख गरे तापनि उनको समग्र जीवनी व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन अनुसन्धान भएको छैन । तसर्थ साहित्यकार रमेश हरिलठ्ठकको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हुनु जरुरी छ ।

## १.७. शोधको औचित्य र महत्त्व

साहित्यकार रमेश हरिलट्ठकको नेपाली साहित्यका विभिन्न विधा, उपविधा कथा, कवित, गजल आदि क्षेत्रमा योगदान भए तापनि उनका बारेमा यथेष्ट शोध भएको पाइँदैन । कृति प्रकाशनमा निरन्तरता दिँदै आएका हरिलट्ठकको २४ वर्षको कलिलो उमेरमा असामयिक रूपमा निधन भएकाले उनीप्रति श्रद्धाञ्जली भाव व्यक्त गर्दै उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा खोज अध्ययन र अनुसन्धान गर्नु अत्यावश्यक देखिन्छ । साहित्यकार हरिलट्ठकका कृतिहरू साहित्यिक दृष्टिले महत्त्वपूर्ण भएकाले तिनको अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ । रमेश हरिलट्ठकको देहान्तपछि पनि उनको देनलाई समाजमा स्थापित गराउन यसको महत्त्व रहने छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

साहित्यकार रमेश हरिलट्ठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्दा उनका वि.सं.२०५५ साल देखि २०६६ सालसम्म प्रकाशित कवितासङ्ग्रह, कथा, गजलसङ्ग्रह, हाइकू सङ्ग्रह र व्यङ्ग्यसङ्ग्रह आदिमा केन्द्रित भई अध्ययन र विश्लेषण गरिने छ ।

## १.९. समाग्री सङ्कलन विधि

यस शोधकार्यको लागि आवश्यक सामग्री सङ्कलन गर्न पुस्तकालयीय अध्ययनलाई मूल आधार बनाइएको छ ।

यसका अतिरिक्त आवश्यकतानुसार हरिलट्टकका घर–परिवारका अन्य सदस्य इष्टमित्र गुरूहरू र सम्बद्ध विज्ञहरूबाट जानकारी लिइएको छ । प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बद्ध आवश्यक

सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । त्यस्तैगरी सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यकता अनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक र सङ्घ–संस्थाबाट पनि जानकारी लिइएको छ । यस शोधपत्रमा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अवलम्बन गरिएको छ ।

## १.१० शोध विधि

**साहित्यकार रमेश हरिलट्टकको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्रको रूपरेखा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेद – शोध परिचय

दोस्रो परिच्छेद – साहित्यकार रमेश हरिलट्टकको जीवनीको अध्ययन

तेस्रो परिच्छेद – साहित्यकार रमेश हरिलट्टकको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद – साहित्यकार रमेश हरिलट्टकको कृतित्वको अध्ययन

पाँचौं परिच्छेद – शोध निष्कर्ष

# दोस्रो परिच्छेद

## साहित्यकार रमेश हरिलट्ठकको जीवनीको अध्ययन

### २.१ परिचय

नेपाली साहित्यमा कलम चलाउने विभिन्न हस्तीहरूमध्ये रमेश हरिलट्ठक (वि.स.२०३७–२०६१) पनि एक हुन् । उनले आफू बाँचेको युगलाई आधार स्रोत बनाएर साहित्यको सिर्जना गरेका छन् । मानव जीवनमा अनेकौं घटनाहरू घटित हुन्छन् । मानिसका जीवनमा घटित यावत् घटनाहरू र उसले गरेका सबै क्रियाकलापहरूको प्रस्तुतिलाई नै जीवनी भनिन्छ । कसैको जीवन सम्बन्धी इतिवृत्त हो ।[1] व्यक्तिमा व्यक्तिगत जीवनका आन्तरिक र बाह्य चरित्रको यथार्थ चित्रण गर्नु नै जीवनीको मुख्य उद्देश्य हो ।[2] जीवनीको माध्यमबाट कुनै पनि चरित्र नायकलाई सबैको अगाडि प्रस्तुत गरेर चिनाउने गरिन्छ । मानिसले गरेका हरेक क्रियाकलापको प्रस्तुति लेखाजोखा जीवनीमा गरिन्छ । जीवनी लेख्नु भनेको उसले आफ्नो जीवनमा गरेका महत्त्वपूर्ण पक्षहरूलाई समेटी उसको देनलाई समाजमा स्थापित गराउनु हो । यस अध्यायमा साहित्कार रमेश हरिलट्ठकको सम्पूर्ण जीवन चरित्रलाई केलाएर प्रस्तुत गरिएको छ ।

#### २.१.१ जन्म र जन्मस्थान

रमेश हरिलट्ठकको जन्म वि.सं. २०३७ फागुन २१ गते कृष्णपक्षको चतुर्दशी तिथिका दिन भारतको मेघालयमा पिता भीमलाल सापकोटा र माता जयन्ती

१४. बालकृष्ण पोख्रेल (सम्पा.)नेपाली बृहत् शब्दकोश, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ,२०६०, पृ.४७५ ।
१५. ऐजन ।
१६. रामजी भट्टराई ‘ रामवाबु घिमिरेको व्यक्तित्व र कृतित्व’  अप्रकाशित स्नातकोत्तर शोधपत्र. २०६२,पृ.७ ।

सामकोटाका ज्येष्ठ पुत्रका रूपमा भएको हो ।[३] उनका पिता रोजगारको क्रममा परिवारसहित भारततिर प्रस्थान गरेका थिए । त्यहाँको कुनै एउटा दूधडेरीका सञ्चालक भएर आफ्नो जीविकोपार्जन गरेका भीमलालका तीनवटै सन्तानहरूको जन्म भारतको मेघालयमा नै भएको थियो । स्वच्छ, शान्त, शीतल र रमणीय वातावरणमा हरिलट्ठकले सात वर्षसम्मको समय आमाबाबुको काखमा हाँस–खेल गर्दै बिताएका थिए । त्यसपछि उनी आमा बावुसँगै नेपाल आएका थिए । उनको पुर्खौली घर स्याङ्जा जिल्लामा पर्दछ । भारतबाट फर्केपछि उनका माता पिता वि.सं.२०४४ सालमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलको नवलपरासी जिल्ला दुम्कीवास –१ मा स्थायी रूपमा बसोबास गर्दै आएका छन् ।[४]

ब्राहमण परिवारमा जन्मेका रमेश हरिलट्ठकको खास थर 'सापकोटा' हो । 'हरिलट्ठक' उपनाम पछि स्वेच्छाले राखेका थिए । उनका पिताले जेठी श्रीमतीको मृत्यु भएपश्चात् अर्को विवाह गरेका थिए ।[५] यसरी रमेश हरिलट्ठकका जेठी आमातिर दुई सन्तान र उनकी आमातिर आफू, एक भाइ राजीव सापकोटा र एक बहिनी राधा सापकोटा रहेका छन् । [६]

यसरी भारतको मेघालयमा जन्मी त्यही हुर्के बढेका र सात वर्ष सम्मको बाल्यकाल सोही ठाउँमा व्यतित गरेर हरिलट्ठक पछि नेपाल आई बसोबास गर्न थालेको पाइन्छ ।

## २.१.२ वंश परम्परा

रमेश हरिलट्ठकको वंश–परम्पराको कुनै ऐतिहासिक लिखित तथा प्रामाणिक आधार फेला पर्दैन तापनि उनका परिवारजनको जानकारीअनुसार उनका पुर्खाहरू

---

१७. शोधनायकका पिता भीमलाल सापकोटा प्राप्त जानकारी ।
१८. ऐजन ।
१९. ऐजन ।
२०.शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।

बाग्लुङ जिल्लाको थन्थाप गा.वि.स. बाट बसोबास गर्न थालेको पाइन्छ ।[७] त्यसपछि रमेशका पिता भीमलाल सापकोटाले रोजगारको क्रममा भारतको मेघालयमा केही समय बिताएपछि वि.सं.२०४४ सालमा नेपाल फर्के र पछि स्याङ्जा पुनः बसाइँ सरी पछि नवलपरासीको दुम्कीवास –१ मा बसोबास रमेश हरिलट्टकका हजुरबुवा संस्कृतका धुरन्धर विद्वान् र पण्डित थिए । जसले गर्दा घर–परिवारमा पहिलेदेखि नै शैक्षिक वातावरण भएको पाउन सकिन्छ, जुन वातावरणले पनि उनलाई शिक्षातर्फ उन्मुख हुन प्रेरित गरेको देखिन्छ ।

कौण्डिन्य गोत्रीय सापकोटा थरमा जन्मेका रमेश हरिलट्टकका पिता भीमलाल सापकोटाका दुई नाल थिए र ती मध्ये उनी कान्छीपट्टिका सन्तान हुन् । हरिलट्टककी जेठीआमापट्टि दुई सन्तान रहेका र आफ्नी आमापट्टि उनी, उनका एक भाइ र एक बहिनी गरी तीन सन्तान भएको पाइन्छ । जेठी आमा पनि बितिसकेकी र उनका दुई सन्तान पनि छुट्टिएर आ–आफ्नो व्यवस्था गरी बसेका छन् । रमेशको पनि असमयिक निधन भएको र बहिनीको पनि विवाह भैसकेको हुनाले उनको घरमा हाल माता–पिता र राजीव सापकोटा गरी ३ जनासँगै रहेको पाइन्छ । राजीव सापकोटा पनि जागीरको क्रममा बुटवल बस्दै आएका छन् । उनले सगरमाथा उच्च मा.वि. मा नेपाली विषयको अध्यापन गर्दछन् ।

### २.१.३ नामकरण

ब्राह्मण परिवारमा जन्मिएका रमेश हरिलट्टकको नामकरण हिन्दू धर्म, परम्परा र संस्कृतिअनुसार भएको पाइन्छ । पिता भीमलाल सापकोटा र माता जयन्ती सापकोटाका ज्येष्ठसुपुत्रका रूपमा वि.स. २०३७ फाल्गुन २१ गते जन्मिएका रमेश सापकोटाको न्वारनको नाम गायत्रीप्रसाद सापकोटा हो ।[२४] न्वारनको नामअनुसार उनको जन्म राशि तुला हुन्छ । रमेश सापकोटा नाम उनका माता–पिताले राखिदिएका थिए ।[२५] अध्ययनको क्रममा सापकोटा थर नलेखी 'हरिलट्टक' उपनाम स्वयंले राखेका थिए । रमेश साहित्यका क्षेत्रमा पनि

२१. ऐजन ।

'हरिलट्ठक' उपनामबाटै सुपरिचित छन् । अभिधा अर्थमा नभई व्यङ्ग्य अर्थमा 'हरिलट्ठक' आफ्नो उपनाम राखेको कुरा उनका भाइबाट जानकारी प्राप्त हुन्छ ।[२६]

---

२४. शोधनायकका पिता भिमलाल सापकोटाबाट प्राप्त जानकारी ।

२५. शोधनायाकको माता जयन्ती सापकोटाबाट प्राप्त जानकारी ।

२६. ऐजन ।

## २.१.४ पारिवारिक पृष्ठभूमि

रमेश हरिलट्ठकको पारिवारिक पृष्ठभूमिलाई हेर्दा सामान्य रहेको देखिन्छ । कृषि पेसाको पृष्ठभूमिबाट विकसित भएको उनको परिवारमा राम्रो शैक्षिक चेतना भएको पाइन्छ । त्यतिबेला लेखपढको चलन नभए तापनि उनका हजुरबुवा शिक्षित थिए । श्रीमदभागवत् सप्ताह लगाउने, विभिन्न कर्मकाण्डहरू गराउने टीकाराम सापकोटा धुरन्धर विद्वान् एवं पण्डित थिए । उनको प्रवचन सुन्न सबै व्यक्तिहरू इच्छुक हुन्थे । रमेश हरिलट्ठकका पिता पनि आफ्ना पिताबाट प्रेरित भई शिक्षा ग्रहण गरेका थिए । केही समय भारततिर रोजगारको क्रममा गए तापनि हाल उनले पण्डित्याइँ पेसालाई अँगालेको पाइन्छ । रमेश हरिलट्ठककी माता जयन्ती सापकोटा पनि शिक्षित नै छन् । यसरी घरायसी शिक्षित वातावरणमा हुर्किएका रमेश हरिलट्ठकले पाँच वर्षको उमेरदेखि नै अक्षरारम्भ गरेका थिए । बावुआमाको आकाङ्क्षा पनि आफ्ना सन्तानहरूलाई धेरै पढाइ ठूलो व्यक्ति बनाउने उद्देश्य रहेको पाइन्छ ।[२७] सानो, छोटो र शिक्षित परिवार देखिने रमेशका भाइ राजीव सापकोटा र बहिनी राधा सापकोटा दुबैले स्नातकोत्तर तह सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । दुई नाल रहेका भीमलाल सापकोटाका जेठीतिरका सन्तानहरू पनि शिक्षित नै देखिन्छन् । उनीहरू भिन्न भई रोजगारको सिलसिलामा विदेशतिर गएको पाइन्छ । [२८]

यसरी रमेश हरिलट्ठकको पारिवारिक पृष्ठभूमिलाई समग्रमा हेर्दा वर्गीय हिसाबले मध्यम र चेतनाका दृष्टिले शिक्षित रहेको देखिन्छ । पहिलेदेखि नै पढ्ने र

पढाउने परम्परा चल्दै आएको रमेश हरिलट्टकको परिवार विद्वत् वंशज भनेर चिनिन्छ सरस्वती र लक्ष्मी दुबैको वास रहेको यो परिवार शैक्षिक फाँटमा अग्रपङ्क्तिमा आउँछ । आध्यात्मिक चिन्तन, पाञ्चायन पूजा, गीता पाठ नित्य गर्ने

२७. शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।
२८. ऐजन ।
२९.ऐजन ।

हरिलट्टकको परिवारमा सत्य, अहिंसा, दया, माया, सहिष्णुता, परोपकारी भावना प्रशस्त मात्रामा पाइन्छ । [२९]

### २.१.५ बाल्यकाल र उपनयनसंस्कार

रमेश हरिलट्टकको सात वर्षसम्मको बाल्यकाल प्रवास मातापिताको काखमा हाँस खेल गर्दै बितेको थियो । उनका पिता रोजगारको क्रममा भारतको मेघालयमा सपरिवार लागेका थिए । त्यहाँको वातावरण पनि त्यत्तिकै स्वच्छ, शान्त र रमणीय थियो । जागिरे भएको कारणले गर्दा उनीहरू आर्थिक अभावले पिरोलिनु परेन । जसले गर्दा छोराले भनेका चीज–बीजहरू तुरुन्त किनेर ल्याइदिने गर्दथे । परदेशी मुलुकमा कति बस्ने भनी उनका माता–पिता वि.सं.२०४४ सालमा नेपालमा आई लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको दुम्कीवासमा स्थायी रूपमा बसोबास गर्न थालेको पाइन्छ । नेपाल आउँदा रमेश हरिलट्टक सात वर्षका थिए । मेघालयमा रहँदा दुई कक्षासम्म अध्ययन गरेका रमेश हरिलट्टक नेपालमा आएपछि दुम्कीवासको भानूदय मा.वि.मा कक्षा एक (१) मा भर्ना भई अध्ययन गर्न थाले । आसाममा रहँदा माता–पिताको, गुरूहरूको प्रयासबाट सामान्य अक्षर चिनी सकेका रमेशलाई नेपालमा आई भर्ना भएपछि अक्षर चिन्न केही गाह्रो भएन । उनका हजुरबुवाले पनि अक्षर चिनेकाले नातिलाई काखमै राखी पढ्न लगाउने र आफू ध्यान दिएर सुन्थे, नजानेको ठाउँमा सच्याइदिने गर्दथे ।

रमेश हरिलट्टक सानैदेखि मिलनसार मृदुभाषी र गम्भीर प्रकृतिका थिए, जसका कारण उनी आफ्नो परिवारभित्र मात्र होइन छरछिमेकबाट पनि माया र ममता पाउने गर्दथे । बालसुलभ प्रवृत्तिका कारण उनी आफ्ना साथीभाइहरूसँग मिलेर डण्डी–वियो, लुकामारी र भकुन्डोजस्ता खेलहरू खेल्न मन पराउँथे तर कहिल्यै पनि उनी जुवा–तास जस्ता कुप्रवृत्तिमा

लागेनन् । कृषि पेसाको पारिवारिक पृष्ठभूमिमा हुर्किएका हरिलट्टकका घरमा पेसा गाईभैंसी, कुखुराहरू आदि थिए । स्कुलबाट आएपछि नास्ता गर्ने र गृहकार्य गर्ने कार्य सिद्धिएपछि बाँकी रहेको समयमा घरमा आमाबुवालाई सघाउने गर्दथे । रमेश हरिलट्टकले सबै प्रवृत्तिका साथीहरूको सङ्गत गर्दथे र तिनीहरूबाट राम्रा बानी व्यहोरा मात्र सिक्ने गर्दथे । 'हुने विरुवाको चिल्लो पात' भनेझैं उनी सानैदेखि प्रतिभाशाली व्यक्ति थिए । एक

पटक पढेको कुरा तुरुन्तै सम्झन सक्थे । उनी कक्षा एकदेखि नै प्रत्येक कक्षामा प्रथम हुँदै आएका थिए । जसले गर्दा उनी तीक्ष्ण वुद्धिका थिए भन्न सकिन्छ ।

यसरी रमेश हरिलट्टकको बाल्यकाल माता–पिताको आँखाका नानीको रूपमा स्नेहको छहारीमा हाँसखेल गर्दै लुकामारी खेल्दै कहिले प्रदेशमा कहिंले स्वदेशमा छागाँ, छहरा, भिरपाखा, कन्दरामा रमाउँदै सुखद् रूपमा बितेको पाइन्छ । रमेश हरिलट्टकको उपनयन संस्कार २०५४ सालमा १८ वर्षको उमेरमा आफ्नै घरमा विधिपूर्वक भएको थियो ।[८] ब्राह्मण कुलमा जन्मेकै कारण उनको उपनयन संस्कार वैदिकपरम्परा अनुसार गरिएको थियो ।

### २.१.६ शिक्षा–दीक्षा

शिक्षा भनेको ज्ञान प्राप्त गर्नु हो । शिक्षा आज सर्वव्यापी जीवन पर्यन्त र मानवीय अधिकारको रूपमा स्थापित भएको छ । कुनै पनि अबोध बालकलाई राम्रो मार्गदर्शन दिई सफल सामाजिक प्राणी बनाउने काम शिक्षाले गर्दछ । साहित्यकार रमेश हरिलट्टकले आफ्ना माता –पिताबाट पाँच वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । आसाममा रहँदा त्यही नजिकैको स्कुलमा दुई कक्षासम्मको अध्ययन गरेका हरिलट्टक नेपालमा आएपछि नवलपरासी जिल्लाको दुम्कीवास नजिकै रहेको भानूदय मा.वि.मा पुनः एक कक्षामा भर्ना भएर पढ्न थाले ।[९] उनको शिक्षादीक्षामा माता–पिताको साथै उनका हजुरबुवा टीकाराम सापकोटाको पनि उत्तिकै योगदान रहेको पाइन्छ । करिब १२/१३ वर्षसम्म उनले हजुरबुवाको काखमा हाँसखेल गर्दै, पढ्दै

३०. ऐजन ।
३१. ऐजन ।

बिताएको पाइन्छ । [१०] उनका हजुरबुवा महान् पण्डित भएको हुनाले हजुरबुवाले भट्टयाएका संस्कृतका श्लोकहरू, रामायण, गीताका श्लोकहरू ध्यानपूर्वक रुचिका साथ सुन्ने गर्दथे । यसरी आफ्ना घरमा पनि शैक्षिक वातावरण पाएका रमेश हरिलट्ठक कक्षा एकदेखि नै प्रथम हुँदै २०५४ सालको एस.एल.सी. परीक्षामा पनि प्रथम श्रेणीमा उत्तीर्ण भएका थिए । [११] अध्ययन गर्ने क्रममा भानूदय मा.वि.को शैक्षिक वातावरणबाट उनी

अत्यन्त प्रभावित भएका थिए । त्यस विद्यालयमा प्रत्येक शुक्रबार साहित्यिक कार्यक्रम हुने गर्दथ्यो । उनी स्कुलबाट सञ्चालित प्रत्येक कार्यक्रममा सक्रियताका साथ सहभागी हुन्थे ।[३४] जुन कार्यक्रमबाट उनमा साहित्यिक पुस्तकहरू खोजी खोजी पढ्ने रुचि जाग्न थाल्यो । उनी स्कुलमा सञ्चालन हुने साहित्यिक कार्यक्रममा मात्र सहभागी नभएर रूपन्देही जिल्लाका अन्य स्थानहरूमा सञ्चालित साहित्यिक कार्यक्रमहरूमा पनि जागरुकताका साथ भाग लिई मुक्तक, कविता, गजल आदि सुनाउने गदर्थे ।[३५]

प्रवेशिका परीक्षा उत्तीर्ण हरिलट्ठक उच्च शिक्षा हासिल गर्नका लागि वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनमा प्रमाणपत्र तहमा भर्ना भए । त्यहाँबाट गणित, अर्थशास्त्र र राजनीतिशास्त्र मूल विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेपछि उनी बुटवल बहुमुखी क्याम्पस बुटवलमा स्नातक तह (बी.ए.) मा भर्ना भए ।[३६] त्यहाँ उनले अर्थशास्त्र र राजनीतिशास्त्र मूल विषय लिई अध्ययन गर्न थालेका थिए तर आफ्ना अनगिन्ती इच्छा, रहर र सपना हुदाँहुदै पनि तिनलाई पूरा गर्न नपाउँदै लाउँ–लाउँ र खाऊँ–खाऊँ भन्ने २४ वर्षको उमेरमै यस संसारबाट बिदा भए ।

रमेश हरिलट्ठक विद्यालयीय अवस्थादेखि नै साहित्य साधनामा लागेका थिए । गजल, मुक्तक, कविता जस्ता विधाहरूमा कलम चलाई प्रकाशन गर्ने गर्दथे । 'सानु' हृदयस्पर्शी प्रेम कथा, 'कुकुरलाई घ्यू' व्यङ्ग्यसङ्ग्रह आदि उनका कृतिहरू प्रमाणपत्र तह अध्ययन गर्दा गर्दै रचना गरिएका थिए । उनले स्कुल, कलेजहरूद्वारा सञ्चालित जुनसुकै कार्यक्रमहरूमा पनि रुचिका साथ भाग लिने गर्दथे ।[३७] उनमा गाउने, नाच्ने, बजाउने चित्र कोर्ने आदि कला थियो । जुनसुकै क्षेत्रमा पनि पछि नहट्ने हरिलट्ठक बहुमुखी प्रतिभाका धनी थिए ।

---

३२. ऐजन ।

यसरी उनको औपचारिक शिक्षा बि.ए. सम्म रहेको र जुनसुकै क्षेत्रमा पनि सक्रियताकासाथ सहभागी हुने रमेश हरिलट्टक अनौठो प्रतिभा थियो। स्कुल पढ्दादेखि नै फुटकर कविता, गजल, मुक्तकहरूमा कलम चलाउँदै आएका रमेशका पाँच ओटा कृति

---

३४. ऐजन ।

३५. घनश्याम न्यौपाने 'परिश्रमी' बाट प्राप्त जानकारी ।

३६. शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।

३७. ऐजन

प्रकाशन भइसकेका छन् तर विधिको विडम्बना पनि विचित्रको हुँदो रहेछ आफ्ना अनगिन्ती इच्छा रहर र सपनालाई पूरा गर्न नपाउँदै यस संसारबाट उनी सदाका लागि बिदा हुनु पऱ्यो ।

## २.१.७ सेवा र पेसा

कुनै पनि संघ–संस्थामा आबद्ध भएर सामाजिक कार्यमा सहयोग पुऱ्याउनु सेवा हो । जसमा आफ्नो स्वार्थको निम्ति नभई समाजको लागि सहयोग गरिन्छ, तर आफ्नो जीविकोपार्जनकासाथै सामाजिक कार्यमा पनि टेवा दिने उद्देश्यले पेसालाई अँगालिन्छ । नेपालजस्तो गरिब देशमा बिहान–बेलुका हातमुख जोर्नको निम्ति पनि विद्यार्थी जीवनदेखि नै उनी शिक्षण पेसामा लागेको पाइन्छ । [३८] उनले सगरमाथा बोडिङ स्कुलमा शिक्षकको रूपमा रहेर तीन वर्षजति सेवा गरे भने आफ्नो घर नजिकैको शान्तिदीप बोडिङ स्कुलमा करिब १ वर्ष गरी जम्मा ४ वर्ष आफ्नो पेसामा संलग्नता रहेको पाइन्छ ।[३९] स–साना केटाकेटीहरूसँग छिट्टै घुलमिल हुन सक्ने र ज्यादै मायालु स्वभावका भएकाले स्कुलका छात्र–छात्राहरूले पनि उनको प्रशंसा गर्दथे । शिक्षण पेसाको साथै रमेश हरिलट्टकले विभिन्न संघ–संस्थाहरूमा पनि आबद्ध भई सेवा गरेका थिए । उनी विभिन्न सामाजिक संघ–संस्थाहरूमा आबद्ध थिए । जसमध्ये–

– गजल सागर नेपालका अध्यक्ष

– पारदर्शी साप्ताहिक पत्रिका नवलपरासीका संवाददाता

– जनदर्पण साप्ताहिकका  समाचार सङ्कलनकर्ता तथा स्तम्भलेखक

---

३३. ऐजन

बाडुली साहित्यिक पत्रिका भरतपुरका सदस्य पर्दछन् । त्यस्तै उनले स्कुल, कलेजहरूद्वारा सञ्चालित हरेक साहित्यिक कार्यक्रममा पनि रुचिका साथ भाग लिन्थे ।

यसरी रमेश हरिलट्टकले आफ्नो जीवनकालमा शिक्षण पेसाको साथै विभिन्न सामाजिक संघ–संस्थाहरूमा आबद्ध भई सेवा गरेका थिए । समाजका विकृति–

३८. ऐजन।
३९. ऐजन।

विसङ्गति, शोषण–दमन, अन्याय–अत्याचार प्रतिरोध प्रकट गर्ने रमेश हरिलट्टकको अन्र्तहृदयदेखि नै समाजको सेवा गरी समाजलाई उन्नतिको शिखरमा पुर्‍याउने उद्देश्य रहेको पाइन्छ ।

## २.१.८ आर्थिक स्थिति

रमेश हरिलट्टकको आर्थिक स्थिति मध्यम खालको नै भए तापनि हाल बसाइँ सरी नवलपरासी जिल्लाको दुम्कीवास–१ मा डेढ विगा जति जमिन लिई एकतले पक्की घर बनाइ बसोबास गरेको देखिन्छ । सानैदेखि विदेशतर्फ पलायन भएका रमेश हरिलट्टकका पिता भारतको मेघालय भन्ने ठाउँमा दूध डायरीका सञ्चालक भएर काम गर्दथे ।[४०] हजुरबुवा पनि समाजमा पण्डित भएका र आफ्ना पिताको पनि जागिर भएकाले हरिलट्टकलाई अध्ययन कार्यमा कहिल्यै कठिनाई परेन । चार भाइहरूमध्ये रमेशका पिता कान्छा थिए । दाजुभाइसँग छुट्टीभिन्न भएपछि उनले आफ्ना भागमा परेको पैतृक सम्पत्तिलाई बेचविखन गरेर त्यहाँबाट नवलपरासीमा आई स्थायी रूपमा बसोबास गरेका थिए ।[४१] जेठी आमा पट्टिका दाजुहरू पनि छुट्टि भिन्न भई आआफ्नो गरी खाएका र हाल विदेशतिर रहेकाले उनीहरूको आर्थिक स्थिति पनि सबल नै देखिन्छ । रमेशका भाइ राजीव पनि हाल सगरमाथा उच्च मा.वि. मा अध्यापन गर्ने गर्दछन् । उनका पिताले पण्डित्याइँ पेसालाई अनुसरण गर्नुका साथै कृषि पेसालाई पनि निरन्तरता दिएको देखिन्छ । माताले पनि गृहिणीको साथै पोल्टीफार्म व्यवसायलाई निरन्तरता दिएकी छन् । यसरी समग्र रूपमा मूल्याङ्कन गर्दा रमेश हरिलट्टकको आर्थिक अवस्थालाई सबल नै मान्नुपर्छ ।

## २.१.९ सम्मान र पुरस्कार

साहित्यकार रमेश हरिलट्टक विद्यार्थी जीवनदेखि नै विद्यालयद्वारा सञ्चालित हरेक कार्यक्रमहरूमा भाग लिने गर्दथे । उनको तीक्ष्ण बुद्धिको कारण जुनसुकै कार्यक्रममा पनि भाग लिदा सधै प्रथम द्वितीय स्थान हासिल गर्दथे ।[४२] यसरी

४०. शोधनायकका पिता भीमलाल सापकोटाबाट प्राप्त जानकारी ।
४१. ऐजन
४२. शोधनायकका परिवारजनबाट प्राप्त जानकारी

विद्यार्थी जीवनदेखि नै साहित्यिक कार्यक्रममा भाग लिई सम्मानित र पुरस्कृत हुँदै आएका हरिलट्टक क्याम्पसस्तरीय हरेक कार्यक्रमका साथै विभिन्न संघ–संस्थाहरूमा आबद्ध भई कार्य गरेकाले उनलाई विभिन्न संघ–संस्थाले सम्मानित र पुरस्कृत गरेको पाइन्छ ।

यसरी रमेश हरिलट्टक स्कुल एवं क्याम्पस स्तरीय हरेक कार्यक्रममा सहभागी हुनुको साथै विभिन्न सामाजिक संघ –संस्थाहरूमा आबद्ध भई उल्लेखनीय योगदान गरे वापत सम्मानित र पुरस्कृत हुनु स्वाभाविकै हो । यसप्रकार कलिलो उमेरमा नै सबैतिर सहभागी भई पुरस्कृत भएको देखिन्छ । उनलाई सम्मानित र पुरस्कृत गर्ने संघ–संस्थाहरू निम्ननुसार रहेका छन् :

- नेपाल रेडक्रस सोसाइटी नवलपरासी– २०५३
- 'बाडुली' साहित्यिक हवाई पत्रिका चितवन – २०५६
- जनदर्पण साप्ताहिक चितवन – २०५७
- त्रि.वि. अन्तर्गतको बुटवल बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन – बुटवल – २०५८
- द रेयुकाई नेपाल बुटवल शाखा – २०५९
- बुटवल साहित्य कला संस्कृति प्रतिष्ठान र लुम्बिनी कला मञ्च बुटवल – २०५९

यसरी रमेश हरिलट्टक आफ्नो छोटो जीवनावधिमा पनि क्षमतानुसार सबैजसो कार्यक्रमहरूमा सहभागी भई सम्मानित र पुरस्कृत भएका छन् ।

## २.१.१० पारिवारिक अवस्था

कुनै पनि व्यक्तिको जीवन चक्रको अध्ययन गर्दा पारिवारिक अवस्थाको अध्ययन गर्नु आवश्यक हुन्छ । रमेश हरिलट्टकको पारिवारिक अवस्थालाई नियाल्दा सानो र सुखी परिवार नै देखिन्छ । उनका परिवारमा माता–पिता, एक भाइ र एक बहिनी छन् । उनी अविवाहित थिए । उनको अल्पायुमै निधन भएकोले उनको

पारिवारिक अवस्था त्यति सन्तोषजक देखिँदैन । कुनै पनि बावुआमाले आफ्ना सन्तानको नराम्रो भएको देख्न चाहदैनन् तर दैवको खेला कसैले बुझ्न सक्ने कुरा पनि भएन । सामान्य ज्वरोपश्चात् उनलाई हस्पिटलमा भर्ना गरिएको थियो तर उनले मृत्युलाई जित्न सकेनन्, आखिर यो संसारलाई छाडेर सदाका लागि बिदा भए । उनी नभएर असन्तोष देखिए तापनि हाल उनको पारिवारिक अवस्था सामान्य नै छ । एक–आपसमा मिलीजुली बस्ने सुख दुःखमा सहयोग गर्ने प्रवृत्ति उनको परिवारमा पाइन्छ ।

### २.१.११ लेखन प्रेरणा र प्रभाव

सिर्जना शक्ति प्रतिभाको वरदान हुने भए पनि त्यसका निमित प्रत्येक साहित्यकारले बाह्य प्रेरणा पाएको, अग्रज र समकालीन साहित्यकारहरूबाट प्रभाव ग्रहण गरेको देखिन्छ । पूर्वीय साहित्यशास्त्रमा पनि यस बारेमा विविध चर्चा–परिचर्चा पाइन्छ तर पनि काव्यको प्रेरक हेतुको रूपमा प्रतिभा, व्युत्पत्ति र अभ्यास यी तीनै कुरालाई एक न एक रूपमा सबैले स्वीकारेका छन् । साहित्यकार रमेश हरिलठ्ठक पनि आफ्नो सिर्जनाको मूल कारण पूर्वीय सिद्धान्त अनुरूप प्रतिभा, व्युत्पत्ति र अभ्यास तीन कुरालाई नै मुख्य ठान्दछन् । साहित्य निर्माणमा आन्तरिक र बाह्य दुबै तत्त्व सक्रिय रहेको देखिन्छ । आन्तरिक प्रेरणामा आफूले देखेभोगेका, अनुभव गरेका तत्कालीन सामाजिक र राजनैतिक पृष्ठभूमिबाट प्रभावित भई काव्य सिर्जनातर्फ लागेको पाइन्छ । काव्य सिर्जनाका लागि आन्तरिक भन्दा बाह्य प्रेरणाले प्रभावित तुल्याएको हुन्छ । त्यस्तै रमेश हरिलठ्ठकलाई पनि ग्रामीण एवं सहरिया परिवेशले प्रभावित पारेको थियो ।

रमेश हरिलठ्ठकले सर्वप्रथम लेखन प्रेरणा आफ्नै माता–पिताबाट प्राप्त गरेका थिए । भारतमा रहँदा आफ्ना माता–पिताको साथै गुरूजनको सक्रियतामा सामान्य अक्षरहरू चिनिसकेका रमेशले नेपालमा आएपछि पनि उत्तिकै शैक्षिक वातावरण पाएका थिए । उनका हजुरबुवा विद्वान् पण्डित थिए । त्यसैले हरिलठ्ठकले हजुरबुवाबाट पनि त्यत्तिकै राम्रो प्रेरणा पाएका थिए । हजुरबुवाले भट्ट्याएका मीठा–मीठा संस्कृतका रामायणका र गीताका श्लोकले उनलाई पढाइप्रति झनै प्रेरित पार्दथ्यो । स्कुलमा पनि उनी आफ्ना गुरूजनबाट त्यत्तिकै प्रभावित भएका थिए । [१२] जसले गर्दा उनको पढाइको जग राम्रो हुन गयो ।

उनलाई पढ्न, लेख्न, साहित्य सिर्जना गर्न पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि सञ्चारका साधनहरूले पनि त्यत्तिकै प्रभावित पारेको पाइन्छ । रेडियो, एफ.एम. आदिबाट

---

४३. ऐजन

साहित्यिक कार्यक्रम रुचिपूर्वक सुन्ने र आफूले पनि केही कोर्ने गर्दथे ।[४४] त्यस्तै साहित्यकार लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल आदिका काव्यकृतिहरू पनि उनी रुचिका साथ अध्ययन गर्दथे । जसले गर्दा उनलाई साहित्यतर्फ झनै प्रेरित गरेको पाइन्छ ।

रमेश हरिलठ्ठक भावुक प्रवृत्तिका व्यक्ति थिए । दुःखी गरिब, असहाय व्यक्तिहरूप्रति दयाको भावनाले हेर्ने गर्दथे । उनले सर्वप्रथम 'गरिबको गीत' नामक कविता प्रकाशन गरेर साहित्ययात्रा थालनी गरेका थिए । जुन यसप्रकार छः

"भोकै नाङ्गै हिड्ने ती बालबच्चा देख्दा
मन मेरो अति रोयो तिनको गीत लेख्दा
यस्तै रैछ आँसु, हाँसो संसारको रित ।
लेखिराख्छु सधै भरि गरिबको गीत ॥"

– गरिबको गीत–२

## २.१.१२ रुचि र स्वभाव

साहित्यकार रमेश हरिलठ्ठकको सानै उमेरदेखि अध्ययनका साथै खेल खेल्ने, पत्र–पत्रिकामा प्रकाशित भएका विभिन्न लेखहरू पढने, कविताहरू पढ्ने र लेख्ने बानी थियो । धेरैजसो मानिसका स्वभाव नैसर्गिक हुन्छन् । यस्तो जन्मजात स्वभाव स्वतःस्फूर्त हुन्छ, स्वाभाविक हुन्छ । वातावरणले व्यक्तिलाई स्वभावमा परिर्वतन ल्याउन सक्ला तर स्वभाव वंशाणुगत र कर्मानुगतको सम्मिश्रण हो ।[४५] मान्छेका रुचि र स्वभाव जन्मेदेखि बाँचुन्जेलसम्म उसको परिवार, समाज आदिको प्रत्यक्ष असर परेको हुन्छ । रुचि भन्नाले उसको चाहना भन्ने कुरा बुझिन्छ भने स्वभाव उसको जीवनमा भएको जन्मजात गुण वा आर्जित बानी व्यहोरा भन्ने बुझिन्छ । त्यस्तै रमेश हरिलठ्ठकको वंशावली पनि शिक्षित भएको हुनाले उनी पनि तीक्ष्ण बुद्धिका थिए ।[४६] उनमा धेरै पढ्नुपर्छ, ठूलो मान्छे बन्नु पर्छ भन्ने चाहना थियो । रमाइला–रमाइला कथा, कविताहरू पढ्ने पत्रपत्रिकाहरू

पढ्ने हरिलट्ठक लगनशील र मिहिनेती थिए । जसबाट उनी साहित्य लेखनतर्फ प्रेरित भएका थिए ।

---

४४. ऐजन
४५. बालकृष्ण पोखरेल (बि.) नेपाली बृहत् शब्दकोश पृ.१८० ।
४६. शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।

उनले समाजमा विद्यमान कुसंस्कार, कुरीति, शोषण–दमन, अन्धविश्वास आदि प्रति तिखो व्यङ्ग्य प्रहार गरेर समाजलाई सुमार्गतर्फ डोऱ्याउने चाहना राख्दथे । उनी प्रगतिवादी विचारधाराका व्यक्ति थिए । सानैदेखि अध्ययनको साथसाथै गायन, वाद्यवाधन, हास्यव्यङ्ग्य आदि कार्यक्रमहरूमा पनि त्यत्तिकै रुचिका साथ भाग लिने गर्दथे ।

पूर्वीय भन्दा पाश्चात्य साहित्य पढ्न रुचाउने हरिलट्ठकले प्रगतिवादी र क्रान्तिकारी कविताहरू लेख्न रुचाउने, सादा जीवन उच्च विचारको धारणा राख्ने हरिलट्ठकले पोसाकमा सर्ट पाइन्ट लगाउन बढी मन पराउँथे । खानतर्फ उनलाई सात्विक भोजन नै मन पर्दथ्यो । शान्त वातावरणमा बस्न रुचाउने हरिलट्ठक एकान्त प्रेमी, भावुक र धीर स्वभावका व्यक्ति थिए । विशेषगरी स–साना केटाकेटीहरूसँग घुलमिल हुन मन पराउँने रमेश हरिलट्ठकले सबै जसो मानिसहरूसँग सङ्गत गरी उनीहरूबाट राम्रा बानीहरू मात्र ग्रहण गर्दथे ।

साहित्यसम्बन्धी पुस्तकहरू पढ्न र लेख्न रुचि लिने रमेश हरिलट्ठकले बालपुस्तकालय पनि खोल्ने इच्छा प्रकट गरेको हुँदा उनको आकाङ्क्षालाई पूरा गर्न माता–पिताकै सक्रियतामा वि.सं.२०६४ सालमा रमेश स्मृति पुस्तकालय स्थापना गरेको पाइन्छ ।[४७]

यसरी सबैसँग घुलमिल हुन सक्ने सरल स्वभावका कारण रमेश सबैका प्रिय पात्र थिए । अरूलाई मनोमानी हुने कार्यमा कहिल्यै पनि अगाडि नसर्ने, देशको बिग्रदो स्थितिप्रति चिन्तनशील रहने हरिलट्ठकको समाजलाई प्रगतिपथमा लम्काउनु पर्छ भन्ने चाहना थियो ।

## २.१.१३ बसाइँसराइ

साहित्यकार रमेश हरिलट्टकको पुर्ख्यौली थलो स्याङ्जा जिल्लाको थार्पाथुम–५ मा पर्दछ । त्यहाँबाट उनका पिता वि.सं. २०४४ सालमा लुम्बिनी अञ्चल

४७. ऐजन ।

नवलपरासी जिल्लामा पर्ने दुम्कीवास वडा नं.१ मा आई स्थायी रूपमा बसोबास गर्न थालेको पाइन्छ । [४८] उनका पिता सानैमा रोजगारको क्रममा विदेशतर्फ पलायन भएका थिए । भारतको मेघालयमा केही समय काम गरेपछि वि.सं.२०४४ सालमा नेपालमा आई आफ्नो पुर्ख्यौली सम्पति बेचविखन गरी नवलपरासीमा स्थायी रूपमा बसोबास गर्न थालेका थिए । पूर्व–पश्चिम राजमार्गको नजिकै पर्ने उनको घरको वरिपरिको वातावरण अत्यन्त सुन्दर, शान्त र रमणीय रहेको छ ।[४९]

## २.१.१४ धार्मिक अवस्था

साहित्यकार रमेश हरिलट्टक हिन्दू धर्मालम्वी हुन् । उनी परम्परावादी सोचभन्दा भिन्न तरिकाले धर्म मान्ने गर्दथे । वैदिक सनातन हिन्दू परम्पराप्रति झुकाव राख्ने संस्कृतका विद्वान् गुरूकुल परिवारमा रमेश हरिलट्टकको जन्म भएको थियो । उनी धर्मप्रति आस्था राख्दथे तर मन्दिरमा गएर पूजा गर्नुभन्दा मानव सेवामा ठूलो धर्म मिल्छ भन्ने मान्यता राख्दथे । त्यस्तै मानववाद नै विश्वमा सबैभन्दा ठूलो धर्म मान्ने हरिलट्टकका आफ्ना काव्यमा मानवतावादी चिन्तन पाइन्छ ।[५०]

उनका हजुरबुवा पण्डित पेसामा संलग्न थिए । सप्ताह, पुराण लगाउने, कर्मकाण्ड गराउने नित्य पूजा भजन किर्तन गर्ने, उनको परिवारमा धर्मप्रति आस्था रहेको पाइन्छ जसको प्रभाव उनमा पनि परेको थियो । प्रगतिवादी विचारधाराका व्यक्ति भएकाले उनी धर्मलाई आत्मसात गर्दै मानव सेवामा सक्रियताका साथ तत्पर रहन्थे ।

## २.१.१५ भ्रमण

साहित्यकार रमेश हरिलट्टकले विदेशको भ्रमण गर्ने अवसर नपाए तापनि नेपालका विभिन्न भूभाग र शहरहरू पोखरा, काठमाडौं, भैरहवा, नेपालगञ्ज आदिको भ्रमण गरेका छन् । नेपालका प्रमुख स्थलहरूको भ्रमण गरी त्यहाँका महत्त्वपूर्ण घटनाहरू डायरीमा टिप्ने बानी उनमा थियो । कुनै भ्रमण

मनोरञ्जनात्मक हुन्छन् भने कुनै भ्रमण शिक्षाप्रद हुन्छन् । भ्रमणबाट नयाँ–नयाँ कुराहरू चिन्न थाहा पाउन सकिन्छ ।

४८. ऐजन ।
४९. ऐजन ।
५०. ऐजन ।

### २.१.१६ मृत्यु

साहित्यकार रमेश हरिलट्टक देशप्रेमी, समाजप्रेमी, प्रगतिवादी विचारधाराका व्यक्ति थिए । साहित्यका विविध विधाहरूमध्ये विशेष गरी कविता विधाको उपविधा अन्तर्गत पर्ने गजलका क्षेत्रमा उनको उल्लेखनीय योगदान पाइन्छ । आजकल गजललाई विभिन्न साहित्यकारहरूले साहित्यको एउटा विधा मानेका छन् । रमेश हरिलट्टकले पनि गजललाई साहित्यको विधा अन्तर्गत राख्नुपर्ने कुरामा जोड दिएका छन् । विशेषगरी गजल विधामा जोड दिएकाले हरिलट्टकलाई गजलकार पनि भनिन्छ । उनले साहित्यका कथा, कविता, गजल, मुक्तक आदि फाँटमा कलम चलाएका छन् । उनका रचनामा सामाजिक विकृति, विसङ्गति, कुरीति, भ्रष्टाचारप्रति तीखो व्यङ्ग्य प्रहार भएको पाइन्छ । विद्यार्थी जीवनदेखि नै कविता, मुक्तक आदि रचना गरी सुनाउने हलिट्टकले २४ वर्षको कलिलो उमेरभित्र पाँचवटा ससाना कृतिहरू प्रकाशन गरेका छन् । उनले टेन गजल्स (10 Ghazals) नामक अंग्रेजी भाषामा लिखित गजल पनि प्रकाशन गरेका छन् । अंग्रेजी भाषामा लेखिएको 10 Ghazals बाट के कुरा प्रस्ट हुन्छ भने उनी अङ्ग्रेजीमा पनि गजल लेख्न सक्थे ।

यसरी साहित्यप्रतिको अनुराग गहिरिँदै गएका कोपिलाउँदा कवि अथवा गजलकार रमेश हरिलट्टकले आफ्नो सपनालाई पूरा हुन दिन नपाउँदै छोटो समयमा यस संसारबाट विदा लिनु पऱ्यो । कृति प्रकाशनमा निरन्तरता दिँदै आएका रमेश हरिलट्टक साहित्यानुरागी हुन् । उनको असामयिक निधन भएकाले कृति प्रकाशनमा पनि अवरोध तुल्याएको छ । सामान्य ज्वरोपश्चात् स्वास्थ्योपचारको क्रममा बुटवलको लुम्बिनी अस्पतालमा उनलाई भर्ना गरिएको थियो ।[५१] त्यहाँ डाक्टरले मलेरिया रोग लागेको पत्ता लगाएका थिए । त्यहाँ स्वास्थ्यमा केही सुधार नआएपछि अस्पतालले काठमाडौंको एच. ए. एम.एस. अस्पतालमा रिफर गरेको थियो । अत्यधिक बढ्दो ज्वरोको कारणले उनी जाँदाजाँदै बाटैमा बेहोस भए र त्यहाँ पुगेर भर्ना पनि गरियो तर स्वास्थ्यमा सुधार आउन सकेन । यसरी २०६१ सालको श्रावण २१ गते बुधबारका दिन राति १२ बजे यस संसारबाट सदाका लागि बिदा भए ।[५२]

५१. ऐजन ।
५२. ऐजन ।

हुन त जन्मेपछि एकचोटि सबै मर्नु पर्छ,यो प्रकृतिको नियम हो तर कलिलो उमेरमा निधन हुँदा सबैको हृदयमा गहिरो चोट पुऱ्याउनु स्वाभाविकै हो । उनको भौतिक शरीर यस धर्तीमा नरहेतापनि उनका कृतिहरू र उनले समाजमा दिएको देन सदा अजरअमर रहनेछ ।

निष्कर्षमा मानिसको जीवनमा घटेका यावत् घटनाहरू र उसले आफ्नो जीवनमा गरेका यावत् क्रियाकलापहरूको यथार्थ प्रस्तुति नै जीवनी हो । व्यक्तिमा निहित आन्तरिक र बाह्य चरित्रको यथार्थ प्रस्तुति नै जीवनीको मुख्य उद्देश्य हो । त्यसैले साहित्यकार रमेश हरिलट्टकको जीवनी प्रस्तुत गरेर यहाँ उनलाई पाठक सामु चिनाउने प्रयास गरिएको छ । यहाँ प्रस्तुत गरिएको रमेश हरिलट्टकको जीवनीको आन्तरिक र बाह्य चरित्रचित्रण वंश–परम्परा, जन्म र जन्मस्थान, नामकरण, पारिवारिक पृष्ठभूमि, बाल्यकाल उपनयनसंस्कार, शिक्षा–दीक्षा, सेवा र पेसा, आर्थिक स्थिति, सम्मान र पुरस्कार, पारिवारिक अवस्था, लेखनमा प्रेरणा र प्रवास, रुचि र स्वभाव, बसाइँ–सराइँ धार्मिक आस्था र भ्रमणबारे प्रकाश पारिएको छ । जसले गर्दा रमेश हरिलट्टकलाई सबैका सामु सुपरिचित गराउने विश्वास पनि राखिएको छ । उनी अहिले हाम्रो सामु नरहे तापनि उनका कृतिहरू अमर रहने छन् । भौतिक रूपमा यस संसारमा नरहेका रमेश हरिलट्टकको जीवनी, व्यक्तित्व र कृतित्वको खोज अनुसन्धानले पक्कै पनि उनलाई सुपरिचित गराउन सहयोग पुऱ्याउने छ । प्रकाशित कृतिहरूले सृष्टा हरिलट्टकलाई अमर बनाउने छन् । अल्प समयमै आफ्नो व्यक्तिगत पहिचान बनाएका रमेश हरिलट्टकले जीवनमा गर्नुपर्ने कामहरू धेरै थिए । समाजले उनीबाट धेरै अपेक्षा गर्नु स्वाभाविक थियो तर विधिको विडम्बना पनि कति विचित्रको लाऊँ–लाऊँ र खाऊँ–खाऊँ भन्ने चौबीस वर्षको अल्पायुमा उनी दिवङ्गत हुन पुगे । 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो

टारेर टर्दैन त्यो' भन्ने लेखनाथीय उक्ति उनमा लागू हुन पुग्यो । यसरी वि.सं. २०६१ साल श्रावण २१ गते बुधवारका दिन उनको मृत्यु भएको थियो ।

# तेस्रो परिच्छेद

# साहित्यकार रमेश हरिलट्टकको व्यक्तित्वको अध्ययन

## ३.१ परिचय

जीवनका विविध पाटाहरूका आधारमा व्यक्तिलाई चिन्ने र चिनाउने गरिन्छ । जसका आधारमा उसको समग्र पक्षको अध्ययन गर्न सकिन्छ । व्यक्तिले आफ्नो जीवनमा गरेका यावत् क्रियाकलापहरूबाट नै उसको व्यक्तित्व निर्माण हुने गर्छ । कुनै व्यक्तिमा विशेष रूपमा निर्मित गुण वा क्षमता एवम् अरूलाई प्रभाव पार्ने विशेषतालाई व्यक्तित्व भनिन्छ । [५३] अन्य व्यक्तिबाट व्यक्तिलाई फरक देखाउने चरित्रका विभिन्न पक्ष, विशेषता र गुण नै व्यक्तित्व हो ।[५४] कुनै व्यक्तिको व्यक्तित्व बुझ्नका लागि उसको जीवनका विविध परिस्थितिमा भोगेका सुख–दुःखका उकाली–ओरालीहरू र बाँचेको सामाजिक वातावरण र सिकेका अनुभवहरूलाई पनि बुझ्नु पर्ने हुन्छ । मान्छेले जीवनमा भोगेका कुराहरू, जीवनमा आएका उतारचढावहरू, आफ्नो परिवार, समाज, वातावरण, शिक्षा–दीक्षा आदिले व्यक्तिको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छन् । व्यक्तिको साहित्येतर र साहित्यिक गरी दुई किसिमको व्यक्तित्व हुन्छ । व्यक्तित्वका वैयक्तिक क्रियाकलाप, आचरण र व्यवहारबाट साहित्येतर अथवा सामान्य व्यक्तित्वको निर्माण हुन्छ भने साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदान, सामाजिक, राजनैतिक र सार्वजनिकीकरण साहित्यिक व्यक्तित्व अन्तर्गत पर्दछ । समष्टिगत रूपमा साहित्यकार रमेश हरिलट्टकको व्यक्तित्वलाई निम्न बमोजिम अध्ययन गर्न सकिन्छ :

## ३.२ साहित्येतर व्यक्तित्व

साहित्येतर व्यक्तित्वअन्तर्गत व्यक्तिको शारीरिक, उचाइ, मोटाइ, आकार, आनीबानी, प्रकृति र उसले गरेका विविध क्रियाकलापहरूको अध्ययन गरिन्छ । यहाँ

५३. बालकृष्ण पोखरेल (सम्पा.),नेपाली बृहत् शब्दकोश, (काठमाडौंःने.रा.प्र.प.,२०६०),पृ.११७५ ।
५४. ए. एस.हर्नवे, अक्सफोर्ड लर्नर्स डिक्सनेरी, छैटौं संस्करण,(अक्सफोर्ड युनिर्भसिटि प्रेस,२००),पृ.९४३ ।

रमेश हरिलट्ठकको बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व सामाजिक व्यक्तित्व, शैक्षिक व्यक्तित्व आदि विभिन्न क्षेत्रमा क्रियाशील जीवनको पहिचान गरिएको छ ।

## ३.२.१ बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्व अन्तर्गत शारीरिक स्वरूप, उचाइ, मोटाइ, वर्ण आदि पर्दछन् । रमेश हरिलट्ठकको शारीरिक व्यक्तित्व प्रत्यक्ष रूपमा देख्न नवलपरासीमा रहेको उनको तस्वीर, परिवारजन र साथीसमूहको भनाइअनुरूप मझौला कद, गहुँगोरो वर्ण, करिब ५ फिट ३ इन्च जति उचाइ, पातलो शरीर हँसिलो मुहार, मिलेका दन्त लहर भएको पाइन्छ ।[५५] कपडामा सर्ट, पाइन्ट, टिसर्ट लगाउन मन पराउने हरिलट्ठकको शारीरिक संरचना पातलो थियो । जसले गर्दा जुनसुकै कार्य गर्न पनि फूर्तिका साथ अग्रसर हुन्थे । उनले हिँड्दा हातमा एउटा डायरी र कलम कहिल्यै पनि छुटाउँदैनथे । अध्ययन, अध्यापन, चिन्तनमनन र सिर्जनामा तल्लीन रहने हरिलट्ठक फुर्सदको समयमा रेडियो टेलिभिजन सुन्ने, पत्रपत्रिका पढ्ने र साहित्यसम्बन्धी कलम चलाउने गर्दथे । उनको हिँडाइ शान्त स्वभावको देखिन्थ्यो । कहिल्यै हतार भएको महसुस नहुने हरिलट्ठकको बाह्य व्यक्तित्व, सौम्य, शान्त प्रकृतिको, मिलेको जीउडाल आकर्षक देखिन्थ्यो ।

## ३.२.२ आन्तरिक

आन्तरिक व्यक्तित्वअन्तर्गत शील, स्वभाव, आचरण आदि पर्दछन् । रमेश हरिलट्ठक सबैसँग घुलमिल हुन सक्ने सरल स्वभावका, मृदुभाषी र मिलनसार व्यक्ति थिए । सधैं गम्भीर शान्त प्रकृतिका रूपमा देखिने हरिलट्ठक भित्र–भित्रै कुनै चिन्तन मनन गर्दै केही न केही सोचे जस्तो मुखाकृतिमा देखिन्थे । आफूभन्दा ठूला व्यक्तिसँग आदर सम्मानपूर्वक व्यवहार गर्ने, बाबु–आमाले भनेको

खुरुक्क मान्ने, कसैसँग झै–झगडा नगर्ने, एकान्तमा बस्न रुचाउँने स्वभाव उनमा थियो । कहिलेकाहीं आमा–बावुले गाली गरे भने पनि घरबाट निस्किएर एकान्त ठाउँमा गई बस्ने गर्दथे । कसैले नमीठो भन्यो भने उनी साह्रै

---

५५. शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।

नराम्रो मान्दथे तर प्रतिवाद गर्न भने कहिल्यै तम्सिदैनथे । [१३] कुनै सामान्य विषयले पनि उनको ध्यान आकर्षित गर्दथ्यो । हरिलट्टक भावुक प्रवृत्तिका व्यक्ति थिए । उनले विशेष गरी आफ्ना काव्यमा प्रकृति, समाजका विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको चाहना राख्दछन् । उनले विशेष गरी शोषित, पीडित, दुःखीहरूको पक्षमा कलम चलाएको पाइन्छ ।

अत्यन्त मीठो र नम्र स्वभाव, मिजासिलो बानी व्यहोरा, साना–ठूला सबैसँग समान व्यवहार गर्ने हरिलट्टकका स्वभावगत विशेषताहरू हुन् । साथी भाइसँग भेट हुँदा र आफ्नो घरमा आफूलाई भेट्न जाने जोसुकैसँग पनि आफ्नो घरायसी कुराकानी भन्दा नेपाली साहित्य र यसको फाँटमा देखापरेका उतारचढाव, विकृति, विसङ्गति र सामाजिक कुरीति अन्धविश्वासका बारेमा कुराकानी गर्न रुचाउँथे ।[१४] अध्ययनप्रति निकै रुचि लिने हरिलट्टक पूर्वीय र पाश्चात्य दुबै साहित्यको अध्ययन गर्न मन पराउँथे । सादा जीवन उच्च विचारको धारणा राख्ने हरिलट्टक भावुक प्रवृत्तिका थिए । खानामा सात्विक भोजन मन पराउने हरिलट्टकलाई कपडामा सर्ट पाइन्ट नै मन पर्थ्यो । [१५] मधुर तथा स्पष्ट वक्ता रमेश हरिलट्टक समयमा स्वाभीमानी, भावुक प्रवृत्तिका व्यक्ति थिए ।

### ३.२.३ शैक्षिक व्यक्तित्व

प्रत्येक व्यक्तिले अवोध शिशुको रूपमा असहाय अवस्थामा पृथ्वीमा जन्म लिन्छ । यस पृथ्वीमा जन्म लिइसकेपछि उसलाई गाँस, बास, कपासको साथै शिक्षाको पनि आवश्यकता पर्दछ । शिक्षाविना जीवन अन्धकारमय हुने हुनाले शिक्षा जीवनको अपरिहार्य तत्त्व हो । प्राचीन कालमा गुरुकूल शिक्षा प्रणाली थियो । गुरूको सेवा गर्नु,

---

५७. पूर्ववत् ।
५८. शोधनायकका साथीभाइबाट प्राप्त जानकारी ।
५९. शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।

भिक्षा मागी गुरूलाई खुवाउनु, गुरुकै आश्रममा बसी पढ्नु आदि गुरूकूल शिक्षा प्रणालीका विशेषताहरू हुन् । उच्च वर्गका व्यक्तिले बाहेक अन्य वर्गका व्यक्तिहरू शिक्षा प्राप्त गर्नबाट वञ्चित थिए

।[६०] तर अहिले शिक्षा प्रणालीमा धेरै भिन्नता आएको छ । अहिले ठाउँठाउँमा स्कुल, कलेजहरू खोलिएका छन् । कुनै पनि स्कुल कलेजहरूमा गएर केही सिक्ने वा अध्ययन गर्ने व्यक्तिलाई विद्यार्थी भनिन्छ । साहित्यकार रमेश हरिलट्टकले भारतको मेघालयमा रहँदा दुई कक्षासम्मको अध्ययन गरेका थिए ।[६१] नेपालमा आएपछि वि.सं. २०४४ सालमा पुनः एक कक्षामै भर्ना भई अध्ययन गर्न थाले । अध्ययनको क्रममा रमेश सधैं प्रथम स्थान आउँथे । अति नै अनुशासित, मिलनसार र मिहिनेती छात्र भएको हुनाले शिक्षकहरूमा पनि उनी प्रिय पात्र बनेका थिए । सधैं प्रथम श्रेणीमा उत्तीर्ण हुन सफल रमेश हरिलट्टक वि.सं. २०५४ सालको प्रवेशिका परीक्षामा पनि प्रथम श्रेणीमा नै उत्तीर्ण भए । त्यसपछि उनी उच्च शिक्षा हासिल गर्नको निम्ति वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनमा प्रमाण पत्र तहमा भर्ना भए ।[६२] यहाँबाट गणित, राजनीतिशास्त्र र अर्थशास्त्र विषय लिई उत्तीर्ण भएपछि वि.सं.२०५८ सालमा राजनीतिशास्त्र र अर्थशास्त्र विषय लिई बुटवल बहुमुखी क्याम्पस, बुटवलमा स्नातक तह (बि.ए.) मा भर्ना भई अध्ययन गर्न थालेका थिए, तर धेरै पढेर देशको सच्चा व्यक्ति बन्ने अभिलाषा राखेका हरिलट्टकको असामयिक निधन भयो ।६३ जसले गर्दा उनका आकाङ्क्षा र सपनाहरू अधुरा रहे । क्याम्पसमा राजनीतिशास्त्र र अर्थशास्त्र विषय लिई अध्ययन गरे तापनि उनको झुकाव भने साहित्यतिर नै थियो । यसरी अध्ययनको साथसाथै उनले रेडियो टेलिभिजनबाट प्रसारित साहित्यिक कार्यक्रम सुन्नु, हेर्नुका साथै फुर्सदको समयमा पत्रपत्रिकाहरू पनि पढ्ने गर्दथे । रमेश हरिलट्टक विद्यार्थी अवस्थामा ज्यादै चतुर थिए । बि.ए.सम्मको औपचारिक शिक्षा हासिल गरेका हरिलट्टक लगनशील र अनुशासित छात्र थिए ।

### ३.२.४. शिक्षक व्यक्तित्व

शिक्षण पेसा गहन, महत्त्वपूर्ण र उत्तरदायित्व पूर्ण पेसा हो । विद्यार्थी, समाज र राष्ट्रका लागि अनुकरणीय व्यक्तित्व शिक्षक नै भएकाले उसको जिम्मेवारी ज्यादै ठूलो मानिन्छ । विद्यार्थीलाई कस्तो शिक्षा दिने समाजतर्फ कसरी मार्ग निर्देशन गर्ने, सामाजिक मूल्यमान्यता र संस्कृतिको विकास तथा संरक्षण कसरी गर्ने, राष्ट्रिय गौरवलाई कसरी प्रभावशाली बनाउने जस्ता कुराहरू शिक्षकको जिम्मेवारी मानिन्छ ।[६४] रमेश हरिलट्टकले आफ्नो अध्ययनको साथसाथै गहन, महत्त्वपूर्ण र उत्तरदायित्वपूर्ण शिक्षण पेसालाई पनि अँगालेका थिए । शिक्षक समाजका पथ प्रदर्शक हुन् । समाजलाई कता लैजाने भन्ने कुरा शिक्षककै हातमा निर्भर हुन्छ । बालबालिकाको सफा र स्वच्छ मस्तिष्कमा समाज, राष्ट्र र स्वयम व्यक्तिकै जीवनका लागि आवश्यक पर्ने सम्पूर्ण ज्ञान, नैतिकवान, विवेक र अनुशासनको लेपन लगाई निष्ठावान् नागरिक तयार गर्ने गम्भीर जिम्मेवारी शिक्षकहरूको काँधमा रहेको हुन्छ । शिक्षक स्वयम् अनुशासित लगनशील, मेहनती, इमानदार र आदर्श चरित्रका वाहक हुनु जरुरी हुन्छ । यिनै मापदण्डका आधारमा साहित्यकार रमेश हरिलट्टकको व्यक्तित्वको आँकलन गर्दा उनी सफल शिक्षकको रूपमा स्थापित हुन पुगेका थिए । उनले सगरमाथा बोर्डिङ स्कुल बुटवलमा ३ वर्ष जति सेवा गरेका थिए भने दुम्कीवास स्थित शान्तिदीप बोर्डिङ स्कुलमा करिब २ वर्षजति सेवा गरेको पाइन्छ । [६५]

स्कुलमा उनी प्रभावकारी शिक्षकको रूपमा चिनिन्थे । उनको अध्ययनबाट सबै विद्यार्थीहरू प्रभावित हुन्थे । कक्षमा गएर सर्वप्रथम विद्यार्थीहरूको ध्यानलाई विभिन्न माध्यमबाट आफूतिर आकर्षित गर्दै विषयवस्तुतिर प्रवेश गर्ने र स्पष्ट मृदुभाषामा विद्यार्थीहरूलाई आवश्यक ज्ञानको सम्प्रेषणकै कारण उनी विद्यार्थीहरूका बीचमा पनि औधी लोकप्रिय बनेका थिए । उनी गजलकार भएकाले विद्यार्थीहरूलाई आफ्नै सिर्जनाका गजल,मुक्तक सुनाएर मन्त्रमुग्ध पार्दथे ।[६६] स्पष्ट आवाज, आकर्षक बाह्य व्यक्तित्व, विषयवस्तुप्रतिको ज्ञान, आत्मविश्वास, आदर्श र

---

६०.चिरञ्जीवी शर्मा र निर्मला शर्मा, शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, एम.के पब्लिसर्ज र डिष्ट्रिव्युटर्स,( २०५७)।
६१. शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।
६२. ऐजन ।
६३. ऐजन ।

अनुकरणीय चरित्रकका साथै शिष्ट व्यवहारले उनको शिक्षक व्यक्तित्व सबल रहेको पाइन्छ ।

---

६४. चिरञ्जीवी शर्मा र निर्मला शर्मा पूर्ववत् पृ.२०८ ।
६५.शोधनायकका भाइ राजीव सापकोटा प्राप्त जानकारी ।
६६. शोधनायकका छात्र सुनील घिमिरेबाट प्राप्त जानकारी ।

## ३.२.५ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो त्यसैले ऊ समाजदेखि पृथक् रहन सक्दैन र रमेश हरिलट्टकमा सानैदेखि सामाजिक भावना थियो । समाजका यावत् क्रियाकलाप घटना र परिघटनाहरूमा मानिस कुनै न कुनै रूपमा समावेश हुनै पर्छ । साहित्यकार रमेश हरिलट्टकले समाजमा भएका अन्याय, अत्याचारका विरुद्ध, कलम चलाउँथे । उनले शोषण, दमनलाई सहन सक्दैनथे । उनको लक्ष्य आफू पढेर आएपछि गाउँको सेवा गर्ने थियो । टोल छिमेकमा हुने हरेक सामाजिक कार्यमा उनी सरिक हुन्थे ।[६७]

समाजमा शिक्षाको ज्योति सल्काउनु पर्छ भन्ने मान्यता उनमा थियो । समाजका बाल–वृद्धलाई उपयोगी खालका पुस्तकहरू भएको पुस्तकालय खोल्ने इच्छा उनमा थियो तर छिट्टै मृत्यु भएकाले आफ्ना इच्छालाई पूरा गर्न सकेनन् । उनको सपनालाई साकार पार्न उनका माता–पिताले दुम्कीवास–१ मा रमेश स्मृति पुस्तकालयको स्थापना गरिदिएका छन् ।[६८] त्यहाँ सबैलाई उपयोगी हुने खालका पुस्तकहरू राखिएका छन् । त्यस्तै उनी गजल सागर नेपालका अध्यक्ष, पारदर्शी साप्ताहिक पत्रिका नवलपरासीका संवाददाता, बाडुली साहित्यिक पत्रिका भरतपुरका सदस्य भएर सामाजिक क्षेत्रमा सहयोग पुऱ्याएका थिए ।[६९] यसबाट पनि उनको सामाजिक समन्वयात्मक व्यक्तित्व अभिव्यक्त हुन्छ । सडक नाटकको माध्यमबाट समाजका विकृति विसङ्गति राजनैतिक अस्थिरताप्रति व्यङ्ग्य प्रहार गर्दथे । उनले आफ्ना साहित्यमा विशेष गरी समाजका गरिब, निमुखा, शोषितपीडित व्यक्तिहरूका पक्षमा कलम चलाउँथे । यसरी उनले गरेको सामाजिक सेवा प्रेरणादायी र महत्त्वपूर्ण रहेको छ ।

## ३.३ साहित्यिक व्यक्तित्व

रमेश हरिलट्ठकको साहित्यिक व्यक्तित्व कथा कविता, गजल आदि क्षेत्रमा छरिएको पाइन्छ । कुनै पनि साहित्य सिर्जना गर्ने व्यक्तिलाई स्रष्टा भनिन्छ । साहित्यका विविध फाँटमा कलम चलाउने हस्तीहरूमध्ये रमेश हरिलट्ठक पनि एक हुन् ।उनी स्कुले जीवनदेखि नै साहित्य सिर्जनामा अनवरत रूपमा लागेका थिए ।[७०] यसरी विद्यार्थी जीवनदेखि

६७. शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।
६८. ऐजन ।
६९. ऐजन ।
७०. ऐजन ।

नेपाली साहित्य सिर्जनामा निरन्तरता दिँदै आएका स्रष्टा रमेश हरिलट्ठकको साहित्यप्रति गहिरो अनुराग भएको अनुभूति हुन्छ ।[१६] उनको साहित्यिक व्यक्तित्व अन्य व्यक्तित्वको तुलनामा निकै माथि छ । उनको यो व्यक्तित्व सिर्जनाकै परिधिमा घुमेको पाइन्छ । आफ्नो अध्ययनको साथसाथै साहित्य सिर्जनालाई पनि निरन्तरता दिँदै आएका हरिलट्ठकका पाँच ओटा कृतिहरू प्रकाशित भएका छन् । यसरी छोटो अवधिमै कृति प्रकाशनमा निरन्तरता दिनु चानचुने कुरा होइन । रमेश हरिलट्ठकको साहित्यिक व्यक्तित्वलाई निम्न लिखित आधारमा विश्लेषण गर्न सकिन्छ ।

### ३.३.१ कथाकार व्यक्तित्व

मानवसभ्यताको विकाससँगै मानिसले पीडा र खुसीहरूलाई एकअर्कामा प्रकट गर्दै जाने क्रममा कथाको विकास भएको हो । कथा कुनै पनि निश्चित संरचनामा आबद्ध प्रभान्वितिपूर्ण कल्पनात्मक संक्षिप्त आख्यानात्मक गद्य रूप हो । कुनै पनि कथा लेख्ने व्यक्तिलाई कथाकार भनिन्छ । कथालाई विषयवस्तुका आधारमा, प्रवृत्तिका आधारमा, स्रोतका आधारमा र प्रभावका आधारमा वर्गीकरण गर्न सकिन्छ ।[१७] यी आधारहरू मध्ये विषयगत आधार र उद्देश्यगत आधारहरू प्रमुख मानिन्छ । विषयगतअन्तर्गत सामाजिक कथा, ऐतिहासिक कथा, धार्मिक कथा दार्शनिक कथा पर्दछन् । यी मध्ये रमेश हरिलट्ठकको कथालाई मनोवैज्ञानिक

७१. ऐजन ।
७२. भोजराज ढङ्गेल र दुर्गाप्रसाद दाहाल, नेपाली कथा र उपन्यास, एम.के.पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स, (२०५८),पृ.३ ।

कथाअन्तर्गत राख्न सकिन्छ । यसअन्तर्गत बालमनोविज्ञान, नारीमनोविज्ञान, अपराध मनोविज्ञान र यौनमनोविज्ञानसँग सम्बन्धित कथाहरू पर्दछन् ।

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर चितवनमा प्रमाणपत्र तह अध्ययन गर्दा त्यहाँको वातावरण र अल्लारे युवा–युवतीको प्रेमाकर्षणबाट प्रभावित भई रमेश हरिलट्ठकले कथा लेखनमा अग्रसरता देखाएका छन् । यसैक्रममा वि.सं.२०५५ सालमा ‘सानु’ नामक हृदयस्पर्शी प्रेमकहानीमा आधारित कथा प्रकाशित भएपश्चात् उनको कथाकार व्यक्तित्व सार्वजनिक हुन्छ ।

यथार्थवादी, प्रतीकात्मक, मनोवैज्ञानिक एंव स्वैरकल्पनात्मक कथा लेखनमा सक्रिय देखिने रमेश हरिलट्ठकको कथाकार व्यक्तित्व सरल, सहज र सम्प्रेष्य देखिन्छ । हरिलट्ठकको कथालाई कथात्मक सङ्गठनका दृष्टिले हेर्दा विषयवस्तुको ढाँचा आदि, मध्य र अन्त्यका क्रमिक व्यवस्थापनमा आवद्ध रहेको पाइन्छ । यिनका कथामा स्त्री पुरुष दुबै पात्रको समान रूपमा सहभागी रहे तापनि स्त्री पात्र नै बढी प्रभावकारी रहेका छन् । यिनका कथामा प्रयुक्त पात्र व्यक्तिगत नभई वर्गीय रहेका छन् । आफ्नै ग्रामीण परिवेशबाट लिइएका हुनाले पात्रहरूको चित्रणमा जीवन्तता र यथार्थता पाइन्छ । सरल, सहज र बोधगम्य भाषाको प्रयोग गर्नुका साथै वर्णनात्मक शैलीको प्रयोग उनका कथामा पाइन्छ ।

‘सानु’ कथा लेखेर नेपाली कथा साहित्यमा प्रवेश गरेका रमेश हरिलट्ठकको अर्को ‘धर्तीको क्षणिक यात्रा’कथा सङ्ग्रह प्रकाशोन्मुख कृति थियो । [१८] तर उनको असमायिक निधनको कारणले कृति प्रकाशनमा अवरोध तुल्याएको छ ।

यसरी उनको प्रकाशित कृतिलाई आधार मानेर हेर्दा उनको कथाकार व्यक्तित्व पनि सबल रूपमा रहेको पाइन्छ । आफूले देखे भोगेका, अनुभव गरेका प्रणय तथा करुणका अनुभूतिलाई आफ्ना कथामा समावेश गरेका छन् । युवा–युवति बीचको विपरीत लैङ्गिक आकर्षणलाई उजागर गर्न सफल उनको ‘सानु’ कथामा एक–आपसमा विश्वास नगर्दा दुबैलाई मृत्युको मुखमा पुऱ्याएको तीतो सत्यलाई यथार्थपरक ढङ्गमा प्रस्तुत गरिएको छ ।

---

७३. शोधनायकका भाइबाट प्राप्त जानकारी ।

### ३.३.१.१ लघु कथाकार व्यक्तित्व

कथा लेखनको माध्यबाट आख्यान विधामा प्रवेश गरेका साहित्कार रमेश हरिलट्टकको 'सपना' शीर्षकको लघुकथा रसरङ्ग मासिक पत्रिकामा प्रकाशित भएको पाइन्छ । उनको लघुकथा सङ्ग्रह नै नभएतापनि फाटफुट मात्रामा आफूले देखेका, भोगेका र अनुभव गरेका कुराहरू अनि समाजका विकृति, विसङ्गति र यथार्थ घटनालाई आधार बनाएर लेख्नु लघुकथा लेखनको विशेषता हो । उनको यस सपना लघुकथामा नेपाल एउटा प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको देश हो । यहाँ विभिन्न प्राकृतिक सम्पदाहरू प्रशस्त छन्, तर तिनीहरूको सदुपयोग गर्न सकिएको छैन । यहाँ ठूला–ठूला उद्योग, कलकारखानाहरू खुलाउन सकिएको छैन । जसको कारणले यहाँ प्रशस्त युवा–युवतीहरू बेरोजगारी समस्याले पिरोलिनु परेको छ । आफ्ना शैक्षिक योग्यताका प्रमाणपत्रहरू बोकेर जागिरको क्रममा भौतारिनु परेको छ । त्यस्तै यस कथामा रमेश हरिलट्टक अथवा 'म' पात्र पनि जागिरको क्रममा कतै काम नपाएकोमा निरास छन । उनी सपनामै हा हा दस हजारको जागिर भनेर बर्बराउन थाल्छन् र उनकी प्रियसीले सम्झाउँछिन् । उनले सपनासँग र हप्ता अगाडि अन्तर्जातीय विवाह गरेका थिए । बावु–आमाका आशास्तम्भका रूपमा रहेका 'म' पात्र अन्तर्जातीय प्रेम विवाहपश्चात् घरबाट केही टाढा थिए । आफूले बावुआमाप्रति गराएको निराशालाई सम्झी उनी आफैंलाई धिक्कार्दथे । यसरी रमेश हरिलट्टकको लघुकथाकार व्यक्तित्व पनि साहित्यका क्षेत्रमा देखिएको पाइन्छ ।

### ३.३.२ कवि व्यक्तित्व

रमेश हरिलट्टकको व्यक्तित्वको अर्को पाटो कवि व्यक्तित्व हो । उनले साहित्यतर्फ सिर्जनाको प्रारम्भ कविताबाट नै गरेका थिए । साहित्यकार रमेश हरिलट्टकले भानूदय मा.वि.मा अध्ययन गर्दा शुक्रबारे साहित्यिक कार्यक्रमबाट प्रभावित भई कविता लेखनको चेष्टा गर्न थालेको पाइन्छ ।[१९] वि.सं. २०५४ सालमा कान्तिपुर साप्ताहिक पत्रिकामा 'अछुत बालक' बालक शीर्षकको कविता

प्रकाशन गरेर नेपाली कविता साहित्यमा प्रवेश गरेका हरिलट्ठकले आफ्नो जीवनावधिमा 'शब्दक्रान्ति' नामक कवितासङ्ग्रह र प्रशस्त फुटकर कविताहरू प्रकाशित गरेका छन् । विभिन्न पत्र–पत्रिकाहरूमा छरिएका उनका कविताहरू एउटा डायरीमा सङ्कलन गरेर राखिएको छ ।[२०] उनको 'अछुत बालक' कविता कक्षा १० मा अध्ययन गर्दा प्रकाशित भएको थियो । यस कवितामा छुवाछुत परम्पराप्रति व्यङ्ग्य प्रहार गर्दै निम्नवर्गीय बालकले भोग्नु परेका पींडाहरूलाई व्यक्त गरिएको छ । यस कविताका केही पंक्तिहरू यहाँ प्रस्तुत गरिएका छन् :

पानी लिन जाँदा पनि कुर्नुपर्ने धेरै
धारो रित्तो भए मात्र पालो आउने मेरै
अरूभने किताब बोकी स्कुलभित्र पस्ने
म भने साहुजीकहाँ गोठालो बस्ने ।[२१]

यसैगरी 'शब्दक्रान्ति' कवितासङ्ग्रहमा सङ्कलित 'यात्रा' कवितामा जीवन कहिल्यै नटुङ्गिने यात्रा हो । यात्राको क्रममा अनेक बाधा अड्चनहरू आई पर्छन् । त्यस्तै देशमा विद्यमान हड्ताल बन्दले गर्दा सबै यात्रा निरर्थक बन्दै गएका छन् । सबैले दुःख पाइरहेका छन् । यसरी युद्धबाट मुक्ति दिलाउन अझै पनि विश्वासिलो यात्रा गर्ने रहर भएको लयात्मक र भावमय शैलीमा प्रस्तुत भएको यस कविताले हरिलट्ठकको कवि व्यक्तित्वलाई प्रखर रूपमा चिनाएको छ । उक्त कविताका केही पङ्क्तिहरू तल प्रस्तुत गरिएको छः

जीवनमा थुप्रै यात्राहरू गरेँ
झण्डा बोकेर सभाहरूमा
झोला बोकेर चुनावहरूमा
ढुङ्गा र मुडाहरू बोकेर .............
नेपाल बन्द र चक्का जामहरूमा
............. तर सब निरर्थक ।[२२]

---

७४.शोधनायकका परिवारजनबाट प्राप्त जानकारी ।
७५. शोधनायकका भाइ राजीव सापकोटाबाट प्राप्त जानकारी ।

यस्तै उनका कवितामा सामाजिक विकृति विसङ्गतिहरूलाई उजागर गर्दै राष्ट्रवादी भावना, मानवतावादी चिन्तन अनि अन्याय, अत्याचार, शोषण, दमन, थिचोमिचो, गरिबी र आर्थिक दुरावस्था, छलकपट, समानता, स्वतन्त्रता, शान्तिप्रतिको चाहना, प्रणय आदि विषयवस्तुमा आधारित भएर मूलतः गद्य र आंशिक लोकलयमा कविता लेखेका छन् । कविताका माध्यमबाट देशमा शान्तिको र परिवर्तनको सङ्केत गरिएको छ । 'परिवर्तनको सङ्केत' शीर्षकको कविताका केही पङ्क्तिहरूलाई यसरी व्यक्त गरेका छन् :

धेरै नै भयो, म सतहमा मात्र खुम्चिएको
आज भने धुरीमा चढेर हेरे
पश्चिमको डाँडोबाट बिस्तारै–बिस्तारै
कोइलीको कुहु–कुहु सुनिँदैछ
आजको कोइलीको बोलीमा
काफल पाकेको समाचार मात्र छैन
छुट्टै मिठास,नयाँ उमङ्ग छ ।[२३]

यसरी उनका प्रकाशित काव्यकृतिलाई मात्र आधार मानेर हेरेको खण्डमा पनि उनको अन्य विधामा भन्दा काव्य विधामा बढी समय खर्च भएको देखिन्छ । उनले देखे भोगेका अनुभव गरेका अनुभूतिलाई शब्दशिल्पले टिपेर अभिव्यञ्जनात्मक पारामा प्रस्तुत गर्ने कविको शैली आलङ्कारिक र प्रभावपूर्ण छ । रमेश हरिलट्टकको कवि व्यक्तित्वको सम्बन्धमा दिल साहनीले "कवि रमेश हरिलट्टकबाट विचारले सही गोरेटो समातेका र कलाले माजिएका कविता लेख्ने

---

७६. रमेश हरिलट्टक 'अछुत बालक' कान्तिपुर साप्ताहिक वर्ण–अङ्क–२०५४ ।
७७. रमेश हरिलट्टक 'यात्रा' **शब्दक्रान्ति कविता सङ्ग्रह**, दाउन्ने साहित्यिक तथा साँस्कृतिक समूह, नवलपरासी २०५८, पृ.७ ।

७८. रमेश हरिलट्टक 'परिवर्तनको सङ्केत' **शब्दक्रान्ति कविता सङ्ग्रह**,दाउन्ने साहित्यिक तथा सांस्कृतिक समूह नवलपरासी २०५८,पृ.१५ ।

कार्यमा सफलता मिलोस् भन्ने शुभेच्छा प्रकट गरेका छन् । [२४] साहित्यकार रमेश हरिलट्टकका कविता कृतिहरूको समग्र रूपमा अध्ययन गर्दा र समीक्षकहरूबाट प्रस्तुत विचारलाई समेत केन्द्रमा राखेर हेर्दा उनको कवि व्यक्तित्व विशेषतः फुटकर गद्य कविता सिर्जनाका क्षेत्रमा सशक्त रूपमा मुखरित भएको पाइन्छ ।

### ३.३.२.१ गजलकार व्यक्तित्व

गजल अरबीमा जन्मेर उर्दू, फारसी र हिन्दी हुँदै नेपाली साहित्यको माध्यमिक कालका युवक कवि मोतीराम भट्टद्वारा प्रवेश गराइएको कविता विधाअन्तर्गत पर्ने उपविधा हो । [२५] रमेश हरिलट्टकलाई विशेष गरी गजलकार भनेर चिन्न सकिन्छ । उनले अन्य विधाको तुलनामा गजलका क्षेत्रमा प्रशस्त कलम चलाएका छन् । विभिन्न पत्र–पत्रिकाहरूमा फाटफुट रूपमा आफ्ना गजलहरू प्रकाशित गर्दै आएका हरिलट्टकको ‘दबाइएका स्वरहरू’ नामक गजलसङ्ग्रह(२०५७) सालमा प्रकाशित भएको थियो । त्यसपछि वि.सं. २०६१ सालमा ‘जिन्दगीको कहानीमा’ शीर्षकको गजलसङ्ग्रह पनि प्रकाशित भएको छ । दबाइएका स्वरहरू गजलसङ्ग्रहमा २७ वटा गजलहरू सङ्ग्रहीत छन् भने जिन्दगीको कहानी गजलसङ्ग्रहमा ५१ वटा गजलहरू सङ्ग्रहीत छन् । समाजमा व्याप्त विकृति विसङ्गतिहरू माथि व्यङ्ग्य प्रहार गरेर लेखिएको ‘कुकुरलाई घ्यू व्यङ्ग्यसङ्ग्रहमा पनि ५ वटा गजलहरू रहेका छन् । त्यसबाहेक उनका गजलहरू फुटकर रूपमा विभिन्न पत्र–पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । नेपालको राजनीति र यहाँको फितलो कानुनप्रति व्यङ्ग्य प्रहार गर्दै ‘नेपालको राजनीति’ शीर्षकको गजलमा केही पंक्तिहरूलाई यसरी प्रस्तुत गरेका छन्:

नेपालको राजनीति कती सान्हो भ्रुट छ,
प्रत्येक गुटभित्र पनि अनेक उपगुट छ ।
गरिबलाई मात्र यहाँ कानुन लाग्छ क्या हो
ठूलाबडालाई मात्र यो देशमा छुट छ ।[२६]

त्यस्तै युद्धको सन्त्रासमा वातावरणलाई आधार बनाएर ‘आउँदैन कि आजको भोलि फेरि भनेर गजलमार्फत आफ्ना भावनालाई यसरी व्यक्त गरेका छन्:

चल्दैछन् आजकल अन्धाधुन्ध गोली फेरी
यस्तो लाग्छ आउँदैन कि आजको भोली फेरी ।
कतिबेला आउँछ काल आफैलाई थाहा छैन

---

७९. दिल साहनी ‘जनताका घर आँगनमा स्वागत पाउन सक्ने सङग्रह’ **शब्दक्रान्ति कविता सङ्ग्रह**, दाउन्ने साहित्यिक तथा साँस्कृति समूह नवलपरासी २०५८,पृ.५ ।

८०. रामनाथ ओभ्ना र मधसुदन गिरी, **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निवन्ध** (२०६०), पृ.२३१।

८१. रमेश हरिलट्टक ‘नेपालको राजनीति’ **कुकुरलाई घ्यू** व्यङ्ग्य सङ्ग्रह, बहुमुखी छापाखाना, नारायणगढ, चितवन २०५६पृ.२१।

एक्लो छोरो मरे भने आमा कति रोली फेरी ।[२७]

(गजल –दुई)

मानवीय स्वार्थी चरित्रको उद्घाटन, विश्वासको सङ्कट, अभावग्रस्त जीवनको जटिलता, प्रजातन्त्रको उपभोग गर्न नपाएको अनुभूति, इतिहास ठूला बडाको मात्र लेखिन्छ भन्ने भाव र त्यसप्रति व्यङ्ग्यात्मक विरोध जस्ता विविध अनुभूति पोखिएका केही उदाहरणहरू यस प्रकार छन्:

कुन्नि किन अँधेरीमा आँसु झऱ्यो फेरि आज
मुटु साँच्चै कुडिएर गाँठो पऱ्यो फेरि आज (गजल१२)
अनौठो छ यात्रा मेरो गन्तव्य नै बिर्सिएछु
के गर्नु त समयले घात गऱ्यो फेरी आज ।

रमेश हरिलट्टकले अङ्ग्रेजी भाषामा पनि गजल लेख्ने प्रयास गरेको दृष्टिगत हुन्छ यसको उदाहरणका लागि वि.सं. २०६० मा प्रकाशित यिनको '10 Ghazals' लाई लिन सकिन्छ । जसका केही पंक्तिहरू यस प्रकार छन्:

Raise your eyes, smile once,
show lips' size, smile once .
what can a give you except love
Accept my prize, smile once. [८४]

रमेश हरिलट्टकको गजलकार व्यक्तित्वका सम्बन्धमा बुँद रानाले एउटा सफल गजलकार हुनलाई जेजति र जुन कुराहरूको आवश्यकता पर्दछ त्यसको राम्रो उपस्थिति उहाँमा देख्न सकिन्छ [८५] भनेका छन् । डा. घनश्याम न्यौपाने परिश्रमीले "रमेशका यी गजलहरूको अवलोकनबाट के स्पष्ट हुन्छ भन्दा यिनीभित्र सचेत र सफल गजलकार लुकेको छ । आफ्नो गजल सृजना यात्रालाई निरन्तरता दिँदै र सफलताका सोपानहरू कुल्चँदै यिनी माथि चढिरहेका छन् । विषयबस्तुका दृष्टिले यी गजलहरूमा वैविध्य पाइन्छ गजलकार रमेश हरिलट्टकले आफूले देखेको भोगेको र अनुभूति गरेको वर्तमानलाई भावपूर्ण ढङ्गले गजलका शेरहरूमा अभिव्यञ्जित गरेका छन् ।[८६]

यसरी साहित्यकार रमेश हरिलट्टक एउटा सफल गजलकार हुन् । उनका गजलहरूको समग्र रूपमा अध्ययन गर्दा र समीक्षकहरूबाट प्रस्तुत विचारहरूलाई

८२. रमेश हरिलट्टक नवप्रतिभा द्वैमासिक पत्रिका वर्ष–१ अङ्क–१(स्याग्दी),पृ. २।

हेर्दा उनको गजलकार व्यक्तित्व सशक्त रहेको पाइन्छ । विषेश गरी उनले समाजका विकृति, विसङ्गति, राजनैतिक अस्थिरता प्रेम–प्रणय आदिलाई व्यक्त गरेर गजल लेखेका छन् ।

---

८३. रमेश हरिलठ्ठक **जिन्दगीको कहानीमा,** बुटवलः गजल सागर नेपाल, (२०६१),पृ.२१।

८४. रमेश हरिलठ्ठक **दश गजलहरू** गजल सागर, नेपाल (२०६०) पृ.१४।

८५. बुँद राना 'शुभकामना' **जिन्दगीको कहानीमा** गजल सङ्ग्रह, बुटवलः गजल सागर नेपाल, (२०६१),पृ.१।

८६. डा. घनश्याम न्यौपाने पश्चिमी 'भूमिका' जिन्दगीको कहानीमा गजल सङ्ग्रह, गजल सागर नेपाल, बुटवल २०६१ पृ.२।

### ३.२.२.२ व्यङ्ग्यकार व्यक्तित्व

व्यङ्ग्य भनेको विषयलाई प्रस्तुत गर्ने एउटा पारा ढाँचा हो । हास्यव्यङ्ग्य विधा होइन शैली हो, विभिन्न विधामा अभिव्यक्ति हुने यो शैली भाव प्रकाशनको एउटा पद्धति हो ।[८७] साहित्यका विविध विधाहरूमध्ये कविता विधाको उपविधाअन्तर्गत पर्ने व्यङ्ग्यका क्षेत्रमा पनि रमेश हरिलठ्ठकको व्यङ्ग्यकार व्यक्तित्व झल्किएको पाइन्छ । 'कुकुरलाई घ्यू' (२०५६) शीर्षकको व्यङ्ग्यसङ्ग्रह प्रकाशित भएपछि उनी व्यङ्ग्यकारका क्षेत्रमा सार्वजनिक भएका थिए । नेपाली समाज र राजनीतिमा घट्ने वा घटेका घटनालाई सटीक ढङ्गले व्यङ्ग्यात्मक शैलीमा चोटिलो प्रहार गरिएको यस सङ्ग्रहभित्र ९ वटा कविता, ८ वटा मुक्तक र ५ वटा गजल गरी २२ वटा खण्ड रहेका छन् । यस सङ्ग्रहमा समाजमा व्याप्त राजनैतिक अस्थिरता, पाश्चात्य शैलीको अनुसरण, भ्रष्टाचार प्रवृत्ति, गरिबी, शोषण, स्वार्थीपन, बालबालिकाको अधिकारको हनन सहरिया गतिविधि र देखावटीपन आदिप्रति तिखो एवं सटिक व्यङ्ग्य प्रहार गरिएको छ । प्रस्तुत सङ्ग्रहका केही पङ्क्तिहरू यस प्रकार रहेका छन् :

नेताका त कुरै नगरौं पजेरो छ साथमा
अस्ति भर्खर बजेट निस्क्यो लाखौ छ हातमा

---

८७. नरनाथ लुइटेल **नेपाली हास्यव्यङ्ग्य सिद्धान्त, इतिहास र प्रवृत्तिहरूको अवलोकन**, सिस्नुपानी नेपाल,काठमाडौं प्रथम संस्करण,(२०५८),पृ.१

यस्तो ठाउँमा नटिक्ने भयो इमानदारीको जीउ
सकेको घिच पस्किएको छु, यो कुकुरलाई घ्यू ।[२९]

त्यस्तै यहाँ अनेक थरीका पार्टी छन् । जुन पार्टीका व्यक्तिहरू आएपनि चुनावपछि उनीहरूले जनतालाई हेर्दैनन् भन्दै ‘पाटी’ शीर्षकको कवितामा व्यक्त गरेका केही पङ्क्तिहरू यस प्रकार रहेका छन् :

बावु पार्टी, आमा पार्टी
कट्टटु पार्टी, जामा पार्टी
कुन पार्टीमा जाने हो खै ?
बरु पार्टी खोलौं आफै आँटी
जनतालाई भनौला बरु
गाँस,बासका कुरा ढाँटी–ढाँटी
राजनीतिमा लागे भूँडी बनी हाल्छ ।
त्यसपछि हिँडौला भाषण छाटी । [३०]

जमानाअनुसार चल्नुपर्ने स्थिति पनि ‘जमाना’ शीर्षकको मुक्तक रहेको छ । जसका केही पंक्तिहरू निम्नानुसार छन्:

अरूले ‘ठेल’ भने म चाहिँ तान्छु
अरूले ‘बस’ भने म चाहिँ जान्छु,
अरूले भन्छन् उल्टो गर्छु त्यसको
मेरो त दोष छैन जमाना नै यस्तो ।[३१]

रमेश हरिलट्टकको व्यङ्ग्यकार व्यक्तित्वका सम्बन्धमा सतीश ‘समर्पित’ ले देशका राजनीतिक पार्टी, राजनीतिक नेता, तिनका बोली, व्यवहार र समाजमा भित्रिएका नयाँनयाँपन र त्यसले भित्र्याएका विकृति, विसङ्गतिप्रति हरिलट्टकका कलमले तीखो व्यङ्ग्य प्रहार गर्न चुकेका छैनन् । व्यङ्ग्य विधाको धर्म निर्वाह गर्ने

---

८८. रमेश हरिलट्टक **कुकुरलाई घ्यू** व्यङ्ग्य सङ्ग्रह, चितवनः बहुमुखी छापाखाना, नारायणगढ, (२०५६), पृ.४
८९. रमेश हरिलट्टक ‘पार्टी’ **कुकुरलाई घ्यू** व्यङ्ग्य सङ्ग्रह, ऐजन, पृ.६ ।

९०. रमेश हरिलट्टक ‘जमाना’ **कुकुरलाई घ्यू** व्यङ्ग्य सङ्ग्रह ऐजन,पृ.१४ ।

क्रममा रमेश पछाडि हटेका छैनन् । वास्तवमा जे लेखिएका छन्, सत्य कोरिएका छन् र जसरी चित्रित छन् । वास्तविकता चित्रण गरिएका छन्[३२] भनेका छन् । हरिहर खनालले रमेशले आफ्नो किशोरावस्थामा नै देखाएको जुन सिर्जनाप्रियता छ, त्यो कार्यकालको पालिसले माझिँदै जाँदा निख्खर भएर निस्कने यथेष्ट सम्भावना देखिरहेको छु [३३] भनेका छन् । बलराम सुवेदीले वास्तवमा छेडपेच गर्नु व्यङ्ग्य विधाको धर्म हो । प्रस्तुत कृतिले समाजमा रहेका अन्धविश्वास, कुरीति र अनुशासनहीनताप्रति झटारो नै हानेको छ भनेका छन् । नेपाल पत्रकार महासंघ जिल्ला समिति चितवनले यो सङ्ग्रहले नेपाली समाज र नेपाली राजनीतिमा घट्ने वा घटेका घटनालाई सटीक ढङ्गले व्यङ्ग्यात्मक शैलीमा चोटिलो प्रहार गरेको छ । यो सङ्ग्रहमा प्रयोग भएको भाषा, छोटा मिठा शब्द र वाक्यहरूले यसका पाठकहरूलाई पनि छुट्टै किसिमको आनन्द प्रदान गरेको छ  भन्दै उनको व्यङ्ग्यकारिताको चित्रण गरेको छ ।[३४] साहित्यकार रमेश हरिलठ्ठकको 'कुकुरलाई घ्यू' व्यङ्ग्यसङ्ग्रहको समग्र रूपमा अध्ययन गर्दा र समीक्षकहरूबाट प्रस्तुत विचारहरूलाई समेत समेटेर हेर्दा उनको व्यङ्ग्यकार व्यक्तित्व सशक्त रूपमा मुखरित भएको पाइन्छ ।

### ३.३.३ विविध व्यक्तित्व

साहित्यकार रमेश हरिलठ्ठकले नेपाली साहित्यका विधामा मात्र कलम नचलाएर अन्य क्षेत्र जस्तै सम्पादक, समीक्षक, पत्रकार आदि विविध साहित्यिक फाँटतर्फ पनि त्यक्तिकै अग्रसर भएको पाइन्छ । उनले प्रशस्त सडक नाटकहरूमा पनि सक्रिय रूपमा सहभागी भई नाटकको प्रतिनिधित्व गरी काम गरेका छन् । उनी राजनीतिमा प्रत्यक्ष रूपमा संलग्न नभए पनि उनी प्रजातन्त्रप्रति आस्था र विश्वास राख्दथे । उनी देशमा प्रजातान्त्रिक राजनैतिक संस्कृतिको विकास भएको

---

९१. सतिश 'समर्पित' हरिलठ्ठकको 'कुकुरलाई घ्यू' लुम्बिनी दैनिक पत्रिका २०५७,जेष्ठ २५ गते बुधवार ।
९२. हरिहर खनाल 'शुभकामना' ,**कुकुरलाई घ्यू** व्यङ्ग्य सङ्ग्र, पूर्ववत्, पृ.१ ।
९३. बलराम सुवेदी 'शुभकामना' **कुकुरलाई घ्यू** पूर्ववत्, पृ.२

हेर्न चाहन्थे ।[३५] धर्मप्रति पनि केही विश्वास राख्ने हरिलठ्ठक विशेष गरी मानवताको पक्षमा कलम चलाउने गर्दथे । तसर्थ उनमा मानववादी दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । उनलाई देशप्रेमी व्यक्तित्व भनेर पनि चिन्न सकिन्छ । उनमा देशप्रति गहन चिन्तन थियो । उनमा पत्रकार,सम्पादक,समीक्षक, हास्यव्यङ्ग्य चित्र कोर्ने आदि विविध क्षेत्रमा उनको संलग्नता रहेको पाइन्छ ।

### ३.३.३.१ सम्पादक व्यक्तित्व

साहित्यका प्रायः सबै विधामा आफ्नो साहित्यिक वर्चस्व कायम गर्न सफल हरिलठ्ठकले आफूलाई सम्पादक व्यक्तित्वका रूपमा पनि चिनाएका छन् । उनले हवाई साहित्य समूह नेपाल हसासने वि.सं.२०५४ सालमा काठमाडौं, नेपालमा स्थापित चितवन जिल्लाबाट प्रकाशित हुने बाडुली साहित्यिक हवाई पत्रिकाका सम्पादक भई सेवा गरेका थिए ।[३६] यस पत्रिकाको सम्पादक मण्डलको अन्य सदस्यहरूमा महेन्द्र घिमिरे, हरिशरण 'रसिक' पनि रहेका छन् । यसरी उनले विभिन्न पत्र–पत्रिकाको सम्पादक मण्डलको सदस्य र सल्लाहकार पदमा रही आफ्नो सम्पादकीय व्यक्तित्वलाई सबैका सामु प्रस्तुत गरेको पाइन्छ । जसबाट उनमा सम्पादक व्यक्तित्व पनि प्रखर रूपमा रहेको पाइन्छ ।

### ३.३.३.२ समीक्षक व्यक्तित्व

रमेश हरिलठ्ठक बहुमुखी प्रतिभाका धनी थिए । उनले अध्ययनका साथसाथै साहित्यिक एंव समीक्षक दुबै क्षेत्रतिर कलम चलाएको पाइन्छ । उनले नेपाली साहित्यअन्तर्गतका मुक्तक, गजल, कविता आदि विधामा समीक्षकको रूपमा कलम चलाएका छन् उनले 'जिउँदो चिहान' मुक्तक सङ्ग्रहको 'सानो कृति–ठूलो कुराका' शीर्षकमा

---

९४. शोधनायकका भाइ राजीव सापकोटाबाट प्राप्त जानकारी ।
९५. 'बाडुली' साहित्यिक हवाई पत्रिका भरतपूर,चितवन वर्ष –१,अङ्क १ (२०५४)

एक मूठी चामलको लागि

एक कौडी पैसाको लागि

हिमाल झैं शीरहरू

बटुका पैतालामुनी कुल्चदै ।

जीवनयापन गर्ने

अनौठो जन्तु भनिने यो युगका

जो–जो छन् गरीब गुरूवाहरू ।

त्यस्तै गरी मोतीराम भट्टद्वारा लिखित मोतीरामका गजलमा शृङ्गार शीर्षकमा उनका गजलहरूबारे समीक्षा गरेका छन् । त्यस्तै जनसंघर्षमा २०५८ सालको पुस ६ गते शनिबारको पत्रिकामा नवकविताको समीक्षा गरेका छन् । यसरी साहित्यकार रमेश हरिलकट्ठकले साहित्यका माध्यमबाट आफ्ना भावना मात्र प्रस्तुत नगरी अन्य भाषामा लेखिएका अरू साहित्यकारका कृतिहरूको समेत समीक्षा गरेर समीक्षक व्यक्तित्वको राम्रो परिचय दिएका छन् ।

### ३.३.३.३ हास्यव्यङ्ग्य चित्रकार व्यक्तित्व

रमेश हरिलकट्ठक हास्यव्यङ्ग्य चित्रकारका रूपमा पनि सुपरिचित छन् । उनले विभिन्न हास्यव्यङ्ग्य चित्रहरू प्रकाशन गरी नेपालमा विद्यमान विकृति,विसङ्गति प्रति व्यङ्ग्य प्रहार गर्दथे । यसरी विभिन्न पत्रिकाहरूमा हास्यव्यङ्ग्य चित्रहरू प्रकाशन गर्ने हुनाले उनलाई कार्टुनिष्ट पनि भनेर चिन्न सकिन्छ । चितवनबाट मासिक पत्रिकामा प्रकाशित भएको कार्टुनबाट के स्पष्ट हुन्छ भने नेपालमा विभिन्न किसिमका दिवसहरू मनाइन्छ । जसमा नेताहरू व्यस्त हुन्छन् भन्ने भाव व्यक्त गरिएको छ । यहाँ एउटा मानिस पत्रिका पढिरहेको छ, कान्छो भाँडा माझिरहेको छ र नेताले ताल दिवस मनाउन जान ढिलो भयो भन्दै छिटो चिया ल्याउन आव्हान् गरेको छ । [३७]

---

९६. रमेश हरिलट्ठक चितवन पोष्ट दैनिक वर्ष–२,अङ्क ३०,पूर्णाङ्क ११०,२०५६ भाद्र ४

नेपालीहरू वीर हुन्छन् नालापानी जिल्लाका युद्धमा नेपालीहरूले आफ्नो वीरता प्रर्दशन गरी नेपालको राष्ट्रिय झण्डा गाडेका थिए । सुरुमा भारतले आफ्नो सर्वस्व राखे तापनि आफ्नो वीरता प्रदर्शन गरी उनीहरूलाई पुनः हराएका थिए ।[३८]

## ३.४.निष्कर्ष

कुनै पनि व्यक्तिको व्यक्तिगत जीवनका विविध पक्षलाई देखाउने गुण नै व्यक्तित्व हो । व्यक्तित्व बुझ्नका लागि जीवनका आरोह–अवरोह, उकाली–ओराली लगायत विविध साहित्येतर र साहित्यिक पक्षसँग परिचित हुनुपर्दछ । रमेश हरिलठ्ठकको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई धारामा विभाजित गरिएको छ ।

निजी व्यक्तित्वका रूपमा हरिलठ्ठकको व्यक्तित्वको पाटोलाई केलाउँदा कम बोल्ने, विचार गरेर मात्र बोल्ने अन्तर्मुखी प्रवृत्तिका व्यक्ति, स्वतन्त्रताप्रेमी, स्वाधीनताप्रेमी र स्वाभिमानी व्यक्ति हुन् । सरल, मृदुभाषी र निष्कपट प्रकृतिका हरिलठ्ठक करुणा, दया, माया विवेक भएका एक मानवतावादी र राष्ट्रवादी व्यक्ति थिए । समसामयिक परिस्थिति र घट्ने घट्नाबाट बढी संवेदनशील हुने रमेश देशमा दिगो शान्ति र समानता चाहन्थे ।

रमेश हरिलठ्ठकको निजी व्यक्तित्वको छाप सार्वजनिक व्यक्तित्वका विभिन्न क्षेत्रमा प्रवाहित छ । उनी बहुमुखी प्रतिभाका धनी थिए । समाजसेवी व्यक्तित्व, साहित्यिक व्यक्तित्व आदि उनीभित्र निहित छन् ।

साहित्यिक व्यक्तित्व नै उनको प्रभावशाली व्यक्तित्व हो ।

साहित्यिक व्यक्तित्वलाई पनि विभिन्न विधा उपविधामा बाँडेर हेर्दा कथाकार व्यक्तित्व, लघुकथाकार व्यक्तित्व,कवि व्यक्तित्व गजलकार व्यक्तित्व, व्यङ्ग्यकार व्यक्तित्व, विविध व्यक्तित्व, सम्पादकीय व्यक्तित्व, समीक्षक व्यक्तित्व र हास्यव्यङ्ग्य चित्रकार व्यक्तित्व पाइन्छ । उनी समानता, स्वतन्त्रता, राष्ट्रियता र निम्नवर्गका

९७. रमेश हरिलठ्ठक चितवन पोष्ट दैनिक वर्ष २, अङ्क २५, पूर्णाङ्क–१०९ २०५७ श्रावण २५

पक्षमा उभिने कवि हुन् । समाजसेवामा त्यत्तिकै अभिरुचि राख्ने रमेशले विभिन्न संघ–संस्थाहरूसँग आबद्ध रहेर काम गरेको पाइन्छ ।

बहुमुखी प्रतिभाका धनी रमेश हरिलठ्ठकको साहित्यको क्षेत्र र समाजसेवाको क्षेत्रमा उल्लेखनीय योगदान रहेको पाइन्छ ।

# चौथो परिच्छेद

# साहित्यकार रमेश हरिलठ्ठकको कृतित्वको अध्ययन

## ४.१. परिचय

वि.सं.२०३७ साल फागुन २१ गतेका दिन भारतको मेघालय प्रान्तमा पिता भीमलाल सापकोटा र माता जयन्ती सापकोटाका प्रथम सन्तानका रूपमा रमेश हरिलठ्ठकको जन्म भएको हो । उनी नवलपरासी जिल्लाका युवा गजलकार हुन् । उनको स्थायी ठेगाना दुम्कीवास–१, नवलपरासी थियो । स्कुले जीवनको कक्षा चारमा अध्ययन गर्दा विद्यालयको वार्षिकोत्सवमा सर्वप्रथम 'शिक्षा' कविता वाचन गरेर नेपाली साहित्यमा प्रवेश गरेका 'हरिलठ्ठक'को प्रकाशनका दृष्टिले पहिलो रचना २०५४ साल माघ २४ गतेको कान्तिपुर पब्लिकेसनको 'साप्ताहिक'मा प्रकाशित 'अछुत बालक'[९८] शीर्षकको कविता हो ।

वि.सं.२०५५ सालमा सर्वप्रथम 'सानु' नामक लघुकथा प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका हरिलठ्ठक राम्रा साहित्यकार मानिन्छन् । आफ्नो जीवनकालको २४ वसन्तमध्ये एक दशक भन्दा पनि कम समय साहित्यको श्रीवृद्धिमा खर्चेर एउटा अङ्ग्रेजी गजलसङ्ग्रह 'टेन गजल्स' सहित अन्य दुई गजलसङ्ग्रह नेपाली साहित्यलाई प्रदान गरेका छन् । उनका प्रायः गजलहरूमा संरचनागत सचेतता साथै शिल्पगत वैशिष्ट्य पाइन्छ ।

हरिलट्टकका 'सानु' (२०५५) लघु कथा, 'कुकुरलाई घ्यु' (२०५६), हाइकू (२०५७), दबाइएका स्वरहरू (२०५७) गजलसङ्ग्रह, 'शब्दक्रान्ति' (२०५८) कवितासङ्ग्रह, जिन्दगीको कहानीमा (२०६०) गजलसङ्ग्रह  प्रकाशित छन् । आफ्नो छोटो जीवनकालमै चर्चामा आएका उनले थुप्रै गजल, मुक्तक प्रतियोगितामा उत्कृष्ट पुरस्कार प्राप्त गरेका छन् । नवलपरासी साहित्य परिषद्ले उनलाई मरणोपरान्त सम्मान प्रदान गरेको छ । गजल व्यक्तिगत होइन संस्थागत रूपमा अघि बढ्नुपर्छ भन्ने मान्यता राख्ने हरिलट्टकले चितवनमा रहँदा 'बाडुली' नामक पत्रिकाको सम्पादन गरेर त्यसबाट गजल लगायतका साहित्यिक विधालाई अघि बढ्न मार्ग प्रशस्त गरेका थिए ।

---

९८. रमेश हरिलट्टकका बाबु भीमलाल सापकोटाबाट शोधार्थीलाई प्राप्त जानकारी अनुसार

तत्पश्चात् अध्ययन कै क्रममा बुटवल आएका उनी 'गजल सागर' नामक विशुद्ध गजलसँग सम्बन्धित रहने संस्थाका संस्थापक र पछि अध्यक्ष भएर गजलको  श्रीवृद्धिमा लागि परेको पाइन्छ । नवलपरासी भित्रै पनि दाउन्ने साहित्यिक तथा सांस्कृतिक समूह नामक संस्था स्थापना गरी त्यसको संस्थापक अध्यक्ष भएर विभिन्न भित्ते तथा बाल पत्रिकाहरू प्रकाशित गर्दै साहित्यको उन्नयनमा लागि परेको प्रस्ट हुन्छ ।

अँधेरी रातमा पिल्पिलाउँदा जुनकीरी सरी समाजमा विद्यमान अवस्थाहरूप्रति तीव्र रोष प्रकट गर्दै सिर्जन कार्यमा तल्लीन हुन प्रयत्नरत सिर्जनकर्महरूले पनि हाम्रो समाजलाई माया गर्ने काम गरी नै रहेका छन् । रमेश तिनीहरूमध्ये एक हुन् ।[९९] सादा जीवन उच्च विचार राख्ने जो कोहीलाई पनि रमेशले आँखाको नानीमा सजाइदिन्थे ।[१००] सानैदेखि तीक्ष्ण बुद्धि भएका, आफ्नो विद्यालयीय जीवनकालमा कहिल्यै पनि द्वितीय नभएका रमेश हरिलट्टकलाई उनका मातापिताले डाक्टर, इन्जिनियर बनाउने चाहना राखेपनि गजलकारको प्रतिभा गजल लेखन मै छताछुल्ल भएर पोखियो । एउटा २३ वर्षको युवक विभिन्न पत्रिकाको सम्पादक, विभिन्न संस्थाको संस्थापक र पाँचवटा कृतिको लेखक भएको कुरा अलि अनपत्यारिलो लागे पनि आफ्नो कामप्रति निष्ठावान् रमेश हरिलट्टकले प्रत्येक अनपत्यारिला र असम्भव मानिएका कार्यहरूलाई सम्भव बनाइदिएका छन्: जुन हामी सबैका लागि उदाहरणीय र अनुकरणीय बनेका  छन् । आफ्ना प्रारम्भिक गजलबाटै गजलका तत्त्वहरूप्रति सचेत देखिने उनमा पछिल्लो समयमा अत्यन्त निखार आएको पाइन्छ । उनको 'बाडुली' हवाई पत्रिकामा प्रकाशित

लेखनका दृष्टिले पहिलो गजलको मत्ला यस्तो छ–

> नदेखाऊ ठट्टापना आज हाँस्ने मन छैन
> जलिरहेछ यो आज हाँस्ने मन छैन ।[१०१]

रमेश हरिलट्टक जब उत्कर्षमा पुग्दै थिए; ठीक त्यसैबेला मात्र २३ वर्षको उमेरमा २०६१ साल श्रावण २१ गते बुधवारका दिन मृत्यु भयो । यो घटनाले सारा गजल साहित्यले नै बरखी बारेको अनुभव गर्दै बुँद राना लेख्छन्–

> यस्तो लाग्छ गजलले आज बरखी बारेको छ
> जित भन्दो होला तर नियतिले हारेको छ ।

---

९९. रमेश हरिलट्टकको घरमै गई शोधार्थीले गरेको अवलोकन अनुसार
१००. रमेश हरिलट्टककी माता जयन्ती सापकोटाबाट प्राप्त जानकारी अनुसारः
१०१. रमेश हरिलट्टकका सम्बन्धमा घनश्याम न्यौपाने परिश्रमीबाट प्राप्त जानकारी अनुसार ।

## ४.२. कथाको परिचय

संस्कृतको ‘कथ्’ धातुमा ‘आ’ प्रत्यय लागेर निर्माण भएको ‘कथा’ शब्दको शाब्दिक अर्थ गद्यात्मक छोटो आख्यान भन्ने हुन्छ। कथा पूर्वीय र पाश्चात्य दुबै परम्परामा पुरानो विधा मानिन्छ। अङ्ग्रेजी साहित्यमा प्रयोग गरिएको Story शब्दको नेपाली रूपान्तरण नै कथा हो। पूर्वीय र पाश्चात्य दुबै क्षेत्रमा कथा सङ्क्षिप्त तर पूर्ण एक सशक्त आख्यात्मक कृतिका रूपमा सबैभन्दा जनप्रिय र जीवन्त विधाको रूपमा वर्तमान समयमा उपस्थित भएको छ। यसरी हेर्दा कथालाई निम्नलिखित केही बुँदामा स्पष्ट पार्न सकिन्छ ।

- सङ्क्षिप्त तर पूर्ण रचना,
- गद्यात्मक रूपमा लेखिने,
- आख्यानात्मक स्वरूपमा रहने,
- प्रभावयुक्त प्रस्तुति ।

### ४.२.१ कथाको परिभाषा

कथाको स्वरूप चिनाउनका लागि पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले कथाको परिभाषा आ-आफ्नै तरिकाले प्रस्तुत गरेका छन्। कथाको स्वरूप गतिशील भएकाले पनि विभिन्न समयमा प्रस्तुत गरिएका परिभाषामा केही भिन्नता देखिए पनि कथाको मुटु भने एउटै प्रतीत हुन्छ। विद्वान्हरूका मतलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

कथा एक बसाइमा पढेर सकिने हुनाले यो सानो हुन्छ तर आफैंमा पूर्ण हुन्छ । यो पाठकमा प्रभाव जमाउन रचना गरिने हुनाले त्यस प्रभावमा व्यवधान गर्ने सम्पूर्ण कुरालाई यसमा त्यागिन्छ । **– एडगर एलेन पो**

छोटो समयमा पढिसकिने आख्यानयुक्त कृतिलाई कथा भनिन्छ । – **एच्.जी. वेल्स**

पात्रद्वारा घटित हुने घटना जुन निश्चित परिणाममा पुगी अन्त्य हुन्छ, त्यसलाई कथा भनिन्छ । **– इ. एम्. फोर्स्टर**

आदि, मध्य र अन्त्ययुक्त विशिष्ट ढाँचालाई कथा भनिन्छ । **–समरसेट मम**

छोटो किस्सा एउटा सानो आँखीझ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो । यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरू छँदै छैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ । यसमा कला छ र यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ ।

**–लक्ष्मीप्रसाद देवकोटा**

### ४.२.२ कथाका तत्त्वहरू

कथा निर्माण हुनका लागि चाहिने चिजहरू नै यसका तत्त्वहरू हुन् । कथाका तत्त्वहरूलाई निम्नलिखित आरेखसहित व्याख्या गर्न सकिन्छ :

#### ४.२.२.१. कथानक

कथाभित्र घट्ने घटनाहरूको शृङ्खलालाई बन्धनयुक्त बनाई आदि, मध्य र अन्त्यको शृङ्खलामा प्रस्तुत गर्नु नै कथानक हो । तर्कपूर्ण तरिकाले घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति नै कथानक हो । कुनै पनि कार्य सम्पन्न गर्नका निम्ति कारण अनिवार्य रूपमा उपस्थित हुनुपर्दछ । तिनै कार्यकारणयुक्त घटनाहरूको प्रस्तुतिलाई कथानक भनिन्छ । कथाको सुरुदेखि अन्त्यसम्म कुनै न कुनै रूपमा कथाको प्रसङ्ग एक आपसमा अन्तर-सम्बन्धित रहेको हुन्छ ।

कथामा कथानकलाई प्रस्तुत गरिने ढाँचा दुई किसिमका हुन्छन्- रैखिक र वृत्ताकारीय । विषयवस्तुका आधारमा कथानकलाई सामाजिक, पौराणिक, ऐतिहासिक, यथार्थपरक, मिथकीय, स्वैरकल्पनायुक्त, आदिका स्रोतबाट प्राप्त गर्न सकिन्छ । यी

आधारहरूबाहेक अन्य आधारहरू पनि कथानकमा देखिन्छन् तर यी आधारबाटै अन्य आधारहरूलाई पनि समेट्न सकिन्छ ।

### ४.२.२.२. **चरित्र/पात्र**

चरित्रलाई नै पात्र भनिन्छ । विषयवस्तुलाई अगाडि बढाउने माध्यम नै पात्र हो । लेखकद्वारा कल्पना गरिएको घटनालाई शृङ्खलित रूपमा प्रस्तुत गर्ने मुख्य माध्यमका रूपमा पात्र उपस्थित भएको हुन्छ । कथानकसँग पात्र सोझो रूपमा गाँसिएको हुन्छ । विषयवस्तुका आधारमा चरित्रहरू विभिन्न तरिकाले उपस्थित भएका हुन्छन् । तिनलाई निम्नानुसार देखाउन सकिन्छ ।

### ४.२.२.३. **उद्देश्य/सारवस्तु**

कथाकारले रचना गरेका कथा पढिसकेपछि पाठकले जे भाव बुझ्दछ, वास्तवमा त्यही नै उद्देश्य हो । यही उद्देश्यलाई नै विचार, सारवस्तु, जीवनदृष्टि, सन्देश पनि भन्ने गरिन्छ । उद्देश्य विना कथा रचना गरिएको हुँदैन । त्यसैले कथा सोद्देश्यपूर्ण हुन्छ । कथामा समाजसुधारको सन्देश, कलात्मक रूपमा यथार्थको प्रस्तुति, शाश्वत ज्ञानको सन्देश, शिक्षाको चेतना, मनोरञ्जनात्मकता, समानताको खोजीजस्ता कुराहरू उद्देश्यका रूपमा आएका हुन्छन् । पाठकलाई दिइने जीवनमा भोगिएको र भोग्न सकिने सम्पूर्ण कुराको चेतना नै कथाको सारवस्तु हो । यसरी कथाकारको जीवनप्रतिको भोगाइ र त्यसबाट निर्दिष्ट नयाँ विचार नै मुख्य उद्देश्यका रूपमा आएको हुन्छ । त्यसैले उद्देश्यलाई कथाको मुख्य तत्त्वका रूपमा स्वीकार गरिन्छ ।

### ४.२.२.४. **भाषाशैली**

भाषा र शैली दुई भिन्न स्वरूपका भए पनि एकअर्कासँग अन्तरसम्बन्धित भएका हुनाले यी दुबैलाई एउटै तत्त्वका रूपमा स्विकार गरिन्छ । वास्तवमा भाषा अभिव्यक्तिको माध्यम हो भने शैली त्यसलाई प्रस्तुत गर्ने तरिका हो । कथामा आएका वर्णका तहदेखि अक्षर, शब्द, पदावली, वाक्य, उपवाक्य, अनुच्छेद, खण्ड आदिको समष्टि रूप नै भाषा हो । भाषा सरल, सहज, सरस र सम्प्रेषणयुक्त हुनुपर्दछ । कथामा मानिसले भोगेको जीवनको यथार्थ र आदर्शबीचको द्वन्द्व खोतल्दै सशक्त अभिव्यक्ति प्रस्तुत गर्नुपर्ने हुँदा भाषामा जीवन्तता आउनुपर्दछ ।

### ४.२.२.५. **दृष्टिविन्दु**

कथाको विषयवस्तु प्रस्तुत गर्दा कुन शैली अपनाउने हो त्यही आधारमा दृष्टिविन्दुको निर्धारण गरिन्छ। कथामा कुन पात्रलाई मुख्य आधार बनाएर कथा भनिएको छ र कथासँग त्यस पात्रको कुन प्रकारको सम्बन्ध कायम रहेको छ भन्ने आधारमा दृष्टिविन्दु निर्धारण गरिन्छ।

कथामा दृष्टिविन्दु पात्र प्रथम पुरुष (म र हामी) का रूपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ। कथामा दृष्टिविन्दु पात्र तृतीय पुरुष (ऊ, त्यो, उनी, यिनी आदि) का रूपमा रहँदा बाह्य दृष्टिविन्दु हुन्छ।

### ४.२.२.६. परिवेश

विषयवस्तुभित्रका घटनाहरू र पात्रहरूले गर्ने कार्यहरू घट्ने स्थान वा समयलाई परिवेश भनिन्छ। परिवेश भन्नाले वातावरण, देशकाल र परिस्थितिलाई बुझिन्छ। परिवेश भनेको त्यो स्थान हो जहाँ पात्रहरूले विभिन्न घटनाहरू घटाएका हुन्छन्। त्यो ठाउँमा पात्र रहँदा पात्रले त्यस समाजको रीतिस्थिति, रहनसहन, बोलीचाली र त्यहाँका मानिसको वेशभूषा स्वभाविक रूपमा ग्रहण गर्ने गर्दछ। यसैलाई परिवेश भनिन्छ।

## ४.३. 'सानु' लघुकथाको विश्लेषण

नवलपरासीको दुम्कीबासमा जन्मिएका रमेश सापकोटाले आफूलाई 'हरिलट्ठक' उपनामले चिनाउने गरेको पाइन्छ। वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा अध्ययनरत अवस्थामा लेखिएको उनको प्रस्तुत कथा साहित्यिक यात्राका रूपमा सुरुवाती पाइलाका रूपमा देखिन्छ।

प्रेम प्रसङ्गमा आधारित प्रस्तुत कथामा प्रेममा मान्छे कतिसम्म अन्धो बन्दछ र प्रेममय जीवनमा जब शङ्काको बीजारोपण हुन्छ तब जीवन कसरी ध्वंश बन्दछ भन्ने कुरा देखाउने जमर्को गरिएको यस कथामा चार प्रमुख पात्र र केही सहायक पात्र रहेका छन्। क्याम्पसको शैक्षिक वातावरण, जङ्गल, भिर, पहाड, खोच आदिलाई प्राकृतिक परिवेशमा समेटिएको यस कथामा १६ दिनको समयगत परिवेश समेटिएको छ। यस कथामा शर्मिला र बलराम खलपात्रका रूपमा देखिएका छन् र विशेषगरी क्याम्पस तहमा वर्तमानमा देखिएका विकृतिहरूमध्येको प्रेमलाई फेसनका रूपमा लिने युवायुवतीको प्रतिनिधि पात्रका रूपमा देखिएका अपरिवर्तनशील पात्र

हुन् भने सानु र किरण अरूको कुरामा छिट्टै शङ्का पनि गर्ने, कुनै पनि कुराको गहिराइमा नपुगी जस्तोसुकै निर्णय पनि गर्ने संवेदनशील युवायुवतीको प्रतिनिधि पात्रका रूपमा देखिएका छन् ।

बलरामले सानुको हात छोपेपछि कथानक सुरु हुन्छ । बलराम र किरण बीच हात हालाहाल एवं भनाभन हुनु यस कथाका आरम्भ हो । बलराम र शर्मिलाको योजना मुताबिक किरणलाई शर्मिलाको कोठामा लगिनु प्रेमपत्र लेख्न लगाउनु, सानुको किताबको बीचमा शर्मिलाको फोटो राख्नु, किरणले देख्नु, सानुसँग झगडा गर्नु कथाका कथानक अगाडि बढाउने घटना हुन् भने सानुद्वारा आत्महत्या गर्नु कथानकको चरम बिन्दु हो । यस कथामा सानुको अन्त्यपछि शर्मिलाको (झुठो) प्रेममा अन्धो भएर विश्वास गरेको किरण त्यतिबेला झसङ्ग हुन्छ जतिबेला घरपरिवारबाट नातातोडी शर्मिलासँग पुग्दछ । यसबेला मात्र उसले वास्तविकता बुझ्दछ र आफूले सानुप्रति अपमान गरेको महशुस गरी मर्माहत भएर आफूपनि उक्त जङ्गल मै आत्महत्या गर्दछ ।

यस कथाको नायक भएर पनि छिट्टै अरूको विश्वास गर्नु, आफ्नै प्रेममा विश्वास गर्न नसक्नु आदि उसको चारित्रिक कमजोरी कै कारण उसको अन्त भएको छ । साहित्यिक यात्राको सुरुवात भएकोले होला घटना संयोजन र शब्द चयन कमजोर देखिन्छ । सरल भाषाशैलीमा संरचित यस कथामा कतैकतै अङ्ग्रेजी शब्दको प्रयोग गरिएको पाइन्छ ।

## ४.४. हास्यव्यङ्ग्यको परिचय

हास्यव्यङ्ग्य मानव जातिको इतिहाससँगै आरम्भ भएर मानवजाति सँगसँगै विकसित भएको देखिन्छ । खुसीमा हाँस्नु र विस्माद्मा व्यङ्ग्य कस्नु मानवजातिको स्वभाव हो । त्यसैले हास्यव्यङ्ग्य मानवको आदिम स्वभावको प्रवृत्तिको सहकारी बनेर प्राचीनकालदेखि वर्तमा युगसम्म निरवच्छिन्न ढङ्गले विकसित भएको देखिन्छ । यसमा मानिसको हर्ष, विस्माद्, आँसु र हाँसो, उत्थान-पतन यावत् कुराको प्रतिच्छाया परेको देखिन्छ ।

शिष्ट र मर्यादित ढङ्गले कसैप्रति व्यङ्ग्य हान्नु र उसको मुर्ख्याइँप्रति खिल्ली उडाउनु मानवीय प्रवृत्ति हो । अन्य प्राणी पनि खुसीले आप्लावित हुन्छन् र

रमाउँछन् तर कसैप्रति व्यङ्ग्य गर्दैनन् । तर सृष्टिको ज्यादै संवेदनशील मानव भने आफूले सोचेको र खोजेको वस्तु पाउँदा रमाउने, रङ्गन ढङ्गको काम गर्दा खिसी गर्ने र आफूले चाहेजस्तो नभएमा ठुस्किने र आक्रोश व्यक्त गर्ने गर्दछ । यिनै मानवीय जीवनका अड्मिल्दा र बिब्ल्याँटाहरूप्रति धारिलो ढङ्गले कसैको बेकुफी र बेइमानीप्रति कसिलो भाषामा उल्लीबिल्ली पारेर मनोरञ्जन लिन थालेपछि हास्यव्यङ्ग्यले अझ फराकिन र मौलाउन थालेको आभास पाइन्छ । वैज्ञानिक उन्नति व्यक्तिगत स्वार्थ, आर्थिक समानता, धार्मिक-सामाजिक आडम्बर, राजनैतिक विकृति, शोषण, अन्याय, अत्याचारजस्ता समाजविरोधी गतिविधि बढ्न थालेपछि त हास्यव्यङ्ग्य एउटा धारिलो हतियारका रूपमा विश्वमानव समुदायमा विकसित र विस्तारित हुँदै प्रायः साहित्यका सबै विधा र मानवजातिका सबै लिङ्ग र उमेरका मानिसमा उत्तिकै लोकप्रिय भएर आएको छ ।

हास्यव्यङ्ग्य साहित्यको अन्य विधा सरह सँगसँगै विकसित देखिन्छ । यद्यपि यसको छुट्टै पहिचान नभए पनि साहित्यको सहकारी सहगामी प्रवृत्ति बनेको देखिन्छ । त्यसैले हास्यव्यङ्ग्यले शिष्ट साहित्यको हाराहारीमा आफ्नो अस्तित्व जोगाएको छ । अहिलेको युगमा हास्यव्यङ्ग्य साहित्यका कथा, कविता, नाटक, निबन्ध, उपन्यास, यात्रा-संस्मरणजस्ता विविध विधामा परिचित हुँदै गतिशील बनेको छ । पूर्वीय साहित्यमा नवरसमध्ये हास्यरसको छुट्टै पहिचान छ । पाश्चात्य साहित्यमा पनि हास्यव्यङ्ग्य एउटा प्रवृत्ति बनेको छ । त्यसैले मानव इतिहाससँगै विकसित र विस्तारित भएको हास्यव्यङ्ग्य नेपाली साहित्यमा पनि उत्तिकै प्रभावशाली ढङ्गले विकसित हुँदै आएको देखिन्छ ।

### ४.४.१. हास्यव्यङ्ग्यको परिभाषा

हास्यव्यङ्ग्यलाई पूर्वीय र पाश्चात्य विद्वान्हरूले विभिन्न ढङ्गले चिनाउने काम गरेका छन् । पूर्वमा हास्यको प्रयोग अग्निपुराणमा पाइछ । त्यसपछिका भरतले नाटकमा हास्यरसको अपरिहार्यता स्विकार गरेका छन् । त्यसैले काव्यशास्त्रमा हास्यरसको विशिष्ट स्थान रहेको छ । धनञ्जयले दशरूपकमा हाँसोको महत्व झल्काएको पाइन्छ भने विश्वनाथले साहित्य दर्पणमा हाँसो उठ्नाको कारण उल्लेख गरेका छन् । पाश्चात्य साहित्यमा पनि सोफोक्लिज र युरिपाइडिसका रचनामा हास्यव्यङ्ग्यको चर्चा पाइन्छ । यस परम्परालाई प्लेटो र अरिस्टोटलले अझ व्याख्या

र विश्लेषण गर्ने जमर्को गरेका छन् । यसरी हास्य र व्यङ्ग्यको परिभाषा दिने र चर्चा-परिचर्चा गर्ने काम पूर्वमा पुराणकालदेखि आरम्भ भएको देखिन्छ भने पश्चिममा अरिष्टोटलको काव्यशास्त्रमा यसको उल्लेख गरिएको छ । हास्यव्यङ्ग्यसम्बन्धी केही परिभाषा तल उल्लेख गरिन्छः

श्रृङ्गार, वीर, रौद्र र वीभत्समध्ये श्रृङ्गार रसबाट हास्य रसको उत्पत्ति हुन्छ ।

- अग्निपुराण

वेषभूषा र व्यवहारबाट आफैँलाई आफ्नो व्यवहार र परिधानबाट अरूलाई हाँसोमा पुऱ्याउन सक्ने गुण नै हास्य हो । - धनञ्जय

आकारप्रकार, रूपरङ्ग, छाँटकाँट आदिमा विकृति, विसङ्गति आउनु हास्य हो ।

विश्वनाथ

## ४.४.२. हास्यव्यङ्ग्यको तत्त्व

हास्यव्यङ्ग्य एउटा कला हो । कलाले आफ्नो रूपाकृति प्राप्त गर्न केही आधारभूत आवश्यकता पूरा गर्नुपर्दछ । हास्यव्यङ्ग्यले पनि आफ्नो आधारभूत तत्व प्राप्त गरेपछि पूर्णता प्राप्त गर्दछ । हास्यव्यङ्ग्यका लागि भाषिक रूप र चित्रकलाले पूर्णता प्रदान गर्दछन् । यो शून्यमा सृजित कला होइन, यसको पनि आफ्नै भौतिक वातावरण र उद्देश्य हुन्छ । त्यसैले हास्यव्यङ्ग्यका लागि आवश्यक पर्ने आधारभूत तत्त्वको उल्लेख तल गरिन्छ-

### ४.४.२.१. विषयवस्तु

हास्यव्यङ्ग्यमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कुनै पनि क्षेत्रबाट विषयवस्तुको छनोट गर्न सकिन्छ । विषय छनोटमा सीमा निर्धारण गर्न सकिँदैन । मूलतः व्यङ्ग्यकारले समाजमा अड्मिल्दा कार्य गर्ने र समाजलाई प्रभावित पार्ने व्यक्तिका कार्यव्यापारलाई टिपेर गति प्रदान गर्दछ । हास्यव्यङ्ग्यको विषयवस्तु उच्च ओहोदामा बसेर पर्दा पछाडिबाट गरिने समाजविरोधी गतिविधि नै हुन्छ । समाजमा अवाञ्छित गतिविधि गरी सामाजिक संरचनालाई खलल पार्ने कुनै पनि पाखण्ड, बेथिति, अन्याय, अत्याचारजस्ता विषयको कलात्मक प्रस्तुतीकरण हास्यव्यङ्ग्यको विषयवस्तु बन्दछ ।

### ४.४.२.२.चरित्र

हास्यव्यङ्ग्यको चरित्र कुनै पनि समाजको उच्चपदस्थ अधिकारी, राजनेता, धर्मगुरु, शोषक, सामन्त, समाजसेवी, गाउँका मुखिया वा यस्तै वर्गका कुलीन व्यक्तिहरू हुन्छन् । त्यसैले यस्ता व्यक्तिबाट गरिने कार्यव्यापारलाई यथावत् उतार्न व्यङ्ग्यकार निकै सतर्क, सचेत र जागरुक हुनुपर्दछ । उसले यथातथ्य सामग्री उपलब्ध गराउने र उनीहरूको गराउने र उनीहरूको चरित्रलाई उदाङ्गो पार्ने प्रयास गहन र जिम्मेवारीपूर्ण एवम् जोखिमपूर्ण पनि हुन्छ । त्यसैले हास्यव्यङ्ग्यको चरित्र जीवन्त र प्रभावकारी बनाउनु पर्दछ । त्यस्ता चरित्रको कार्यव्यापार सशक्त र जीवन्त हुन्छ ।

### ४.४.२.३. भाषाशैली

भाषा विचारभिव्यक्तिको सशक्त र भरपर्दो माध्यम हो । भाषाविनाको अभिव्यक्ति वाहनविनाको यात्राजस्तो ठहरिन्छ । मौखिक वा सङ्केत जे भए पनि विचारको संवाहकका रूपमा भाषाले गहन भूमिका खेलेको हुन्छ । हास्यव्यङ्ग्य उत्पन्न गर्नका लागि सर्वप्रथम विशिष्ट प्रकारका शब्द संयोजन गर्नुपर्दछ । शब्द संयोजन हास्यव्यङ्ग्यको पहिलो शर्त हो ।

विचाराभिव्यक्तिका लागि भरपर्दो र सशक्त माध्यमका रूपमा भाषालाई नै लिइन्छ । त्यसैले भाषिक रूप हास्यव्यङ्ग्यका लागि एउटा अपरिहार्य तत्व हो ।

### ४.४.२.४. पहिरन (परिधान)

हास्य कलाकारले सामान्यका अतिरिक्त विशेष प्रकारको पहिरनको चयन गर्नु अपरिहार्य छ । पहिरन मञ्चनका लागि मात्र होइन पठित रूपमा पनि यसको चित्रण हुनु अति आवश्यक देखिन्छ । विचित्र प्रकारको वेषभूषा भएको पात्र पाठकको मानसिकतामा उपस्थित हुन थालेपछि उसले पाठक/दर्शकको अन्तस्करणदेखि नै एक प्रकारको कुतकुताहटको सृष्टि गर्दछ । विचित्र प्रकारको पोशाकका माध्यमबाट पाठक/दर्शकको ध्यानाकर्षण गरी हास्य उत्पन्न गर्न सजिलो हुन्छ । त्यसैले हास्यव्यङ्ग्यका लागि विशेष प्रकारको पहिरन आवश्यक ठहरिन्छ ।

### ४.४.२.५. वातावरण

हास्यव्यङ्ग्यकारले कुन समय र परिस्थितिमा उक्त कार्य कसरी घटेको हो, त्यसलाई विश्वासिलो पाराले चित्रण गर्नु वाञ्छनीय छ । त्यसैले वातावरणको सृजना गर्दा लेखक निकै सचेत र होसियार हुनु पर्दछ । वातावरणप्रति शङ्का उत्पन्न भए उक्त कृतिले पाठकलाई प्रभाव पार्न सक्दैन । घटनाको श्रृङ्खलाबद्ध ढङ्गले विश्लेषण गर्दै पाठकीय प्रभाव पार्ने खालको सहज र स्वाभाविक वातावरण सृजना गर्नु हास्यकलाकारको स्व-पहिचान हो । त्यसैले हास्यकलाकार वातावरण सृजनामा सचेत हुनु अत्यावश्यक देखिन्छ ।

### ४.४.२.६. विचार वा उद्देश्य

स्मित हास्य सृजना गरी पेचिलो व्यङ्ग्य हानेर सुधारको अपेक्षा गर्नु हास्यव्यङ्ग्य विधाको उद्देश्य हो । त्यसैले हास्यव्यङ्ग्यकारले समाजका अड्मिल्दा परिस्थिति, बेथिति, रीतिरिवाज, चालचलन, गलत प्रवृत्ति, कुलत, खराबी, अन्याय, अत्याचार, भ्रष्टाचार, घूसखोरी, जाली फटाहालाई मीठासपूर्ण ढङ्गले ढण्डेसो खुस्कुञ्जेल प्रहार गरी उसका खराबीको सचित्र प्रस्तुत गरी सही बाटोतिर अग्रसर गराउनु प्रमुख उद्देश्य बनाएको हुन्छ । आफ्नो मूल उद्देश्यलाई सफल पार्न हास्यव्यङ्ग्यकारले न्यायाधीशले झैं तटस्थ रहेर मान्छेलाई बौद्धिक र निख्खरो बनाउनु पर्दछ । उसले कसैको मूर्खताप्रति खिल्ली उडाउने र क्षोभमात्र प्रकट गर्ने उद्देश्य राख्न हुँदैन । त्यसैले हास्यहीन व्यङ्ग्यलाई गालीगलौजका रूपमा लिइन्छ ।

## ४.५. 'कुकुरलाई घ्यू' व्यङ्ग्यसङ्ग्रहको विश्लेषण

रमेश हरिलट्टकको 'कुकुरलाई घ्यू' व्यङ्ग्यसङ्ग्रह लेखक स्वयंले २०५६ सालमा प्रकाशन गरेका हुन् । यस सङ्ग्रहका बारेमा लेखक भन्छन् - "मैले पनि राष्ट्रको बजेट चाट्न पल्केका भ्रष्टाचारी तर राजनेताको खोल ओडेका माननीयहरूको लागि मात्र होइन समाजमा पाश्चात्य संस्कृतिको सिको गरेर विकृति भित्र्याउने सम्भ्रान्त, सभ्यजनहरूको लागि यो घ्यू पस्कने प्रयत्न गरेको छु

।" यस सङ्ग्रहमा कविता खण्ड, मुक्तक खण्ड र गजल खण्ड रहेका छन् । कविता खण्डअन्तर्गत ८ वटा कविता, मुक्तक खण्डअन्तर्गत १२ वटा मुक्तक र गजल खण्डअन्तर्गत पाँच वटा गजलहरू रहेका छन् ।

### ४.५.१. विषयवस्तु

कविता खण्डअन्तर्गत रहेका आठवटा कविताहरूमा राजनैतिक फोहोरी खेल, राजनैतिक विकृति, राष्ट्रिय परिवेशमा देखापरेका विसङ्गति, भ्रष्टाचार, मानवीय स्वार्थी व्यवहार, गरिबीका पीडा आदिलाई मुख्य विषयवस्तु बनाइएको छ । 'पार्टी' कवितामा प्रजातन्त्रको स्थापनापछि विभिन्न राजनैतिक दलहरू खुलेका, फुटेका, जुटेका कुरालाई व्यक्त गरिएको छ । 'प्रजातन्त्र नेपालको' वीर सहिदहरूको बलिदानबाट प्राप्त प्रजातन्त्र सङ्कटमा पर्दै गएको कुरालाई देखाइएको छ । 'अराष्ट्रिय गीत' मा राष्ट्रिय गीतलाई प्यारोडीका रूपमा प्रस्तुत गरी नेपाली समाजको विकृतिप्रति व्यङ्ग्य गरिएको छ । 'आजकल उसको भुँडी लाएको छ' मा भूमिगत कालमा देश र जनताका लागि राजनीति गर्ने व्यक्तिहरू प्रजातन्त्रपछि आफ्नो स्वार्थमा लिप्त भएको कुरालाई प्रस्तुत गरिएको छ । 'चाटौँ' मा सबै मिलेर राष्ट्रिय सम्पत्तिमाथि भ्रष्टाचार गरेको कुरालाई उठाइएको छ । 'विचित्रको मेरो घर' कवितामा उच्चवर्ग र निम्नवर्गको भिन्नतालाई देखाइएको छ । मुक्तक खण्डअन्तर्गतका बाह्रवटा मुक्तकहरूमा परिस्थितिअनुसार चल्नुपर्ने बाध्यता, नेताहरूको फोस्रो भाषण, गिर्दो नेपालको स्थिति, कुरा एकातिर र काम अर्कातिर गर्ने मानसिकता, सहरको गतिविधि, समाजमा विकृति मौलाउँदै गएको, युवापिँढीमा पश्चिमी संस्कृतिले पारेको प्रभाव, इमानदारीको खडेरी परेको, देशभक्तको कुनै मूल्य नरहेकोजस्ता कुराहरूलाई विषयवस्तु बनाइएको छ ।

गजल खण्डअन्तर्गतका पाँचवटा गजलहरूमा विश्वमानचित्रमा सानो देखिने देश नेपाल भ्रष्टाचार विकृतिमा ठूलो रहेको, भ्रष्टाचार मौलाउँदै गएको, संसार प्रगतिपथमा लम्के पनि हामी नेपालीले उन्नति गर्न नसकेको, नेपालको राजनीति फूटको खेती भएको अन्यायले न्यायलाई थिच्दै गएको,नातावाद,कृपावाद हाबी हुँदै गएको जस्ता कुराहरूलाई विषयवस्तु बनाइएको छ ।

### ४.५.२. भाव

'कुकुरलाई घ्यू' व्यङ्ग्यसङ्ग्रहभित्र रहेका कविता, मुक्तक र गजलहरूले नेपालको राजनैतिक, सामाजिक सास्कृतिक क्षेत्रमा विकृति र विसङ्गतिलाई कडा व्यङ्ग्य गरेको छ । देशमा बहुदल आएपछि धेरै पार्टी खुलेका, जनतालाई ढाँटेर राजनीति गर्ने, शोषण गर्ने र देशको बजेटमाथि भ्रष्टाचार गरेको कुरालाई उद्घाटन गरिएको छ । स्वार्थका लागि पार्टी फुट्ने र जुट्ने गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । सहिदको बलिदानबाट आर्जित प्रजातन्त्र सङ्कटमा परेको, गरिब मजदुरहरू पीडाले छटपटिएका, नेतागण राष्ट्रको सुविधामा मस्त बनेका कुरालाई प्रस्तुत गर्दै देशको प्रजातन्त्र काट्न पालेको खसीको जस्तै छोटो आयु भएकोप्रति यसरी व्यङ्ग्य गरिएको छ–

म भन्न बाध्य छु
दशैंमा काट्न पालेको खसी
र नेपालको प्रजातन्त्रको आयु
बराबर छ भनेर ।                    (पृ.७,प्रजातन्त्र नेपालको)

हिजोका वीर नेपालीहरू आज शत्रुका अगाडि शिर झुकाएका छन् । जनताका नाममा राजनीति गर्नेहरू भ्रष्टाचार गरेर भुँडी बढाउन व्यस्त छन् भन्दै लेखक भन्छन्–

एकसरो कपडा लाएर हिँड्यो,
म सँगै ढिँडो र गुन्द्रक खान्थ्यो ऊ
आजकल मलाई नै चिन्दैन,
किनकि
उसले लाखौं सम्पत्ति खाएको छ ।
त्यसैले त
आजकल उसको भुँडी लाएको छ ।        (पृ.९)

नेताहरू बेलाबेलामा फुटे पनि विचारमा द्वन्द भए पनि आफ्नो स्वार्थका लागि र राष्ट्रिय सम्पत्ति चाट्ने क्रममा एकजुट हुने गरेको सत्यलाई यसमा उद्घाटन गरिएको छ । पश्चिमी संस्कृतिको प्रभावले आफ्नो मौलिक संस्कृति गुम्दै

गएको वास्तविकतालाई र यसरी प्रस्तुत गरिएको छ–

युवाहरू हिँड्न थाले नयाँ पाइन्ट टालेर
युवतीहरू हिँड्न थाले जीउका लुगा फालेर
नेपालको संरकृतिलाई जरै देखि उखेली गुन्यु,
चोली, दौरा, सुरुवाल थोत्रो झोलामा हालेर । (पृ.१६)

यसमा कुर्सीमा बसेपछि कुर्सी छोड्न नचाहने नेताहरूप्रति व्यङ्ग्य गरिएको छ । वर्तमान इमानदारीको खडेरी परेको र कोही पनि इमानदार नभएको सत्यलाई प्रस्तुत गरिएको छ । जसले जनता र देशका पक्षमा आवाज उठाउछन् तिनै बन्दी हुन्छन् र देशद्रोही नै नेतृत्व तहमा पुग्छन् भन्ने वास्तविकतालाई व्यक्त गरिएको छ । विकृति र विसङ्गतिको दलदलमा फसेको नेपालमा हक अधिकारका लागि जनता आन्दोलन गर्छन्, रगत बगाउँछन् तर नेताहरू कुर्चीका लागि दौडधूप गर्छन् । विकासका नामको बजेटले आफ्नै भुँडी भर्ने नेताहरूको व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

### ४.५.३. लय भाषाशैली

प्रस्तुत कवितासङ्ग्रहका कविता एवं मुक्तकहरू मुक्तलयमा रचिएका छन् । मुक्त लयमा लेखिएका मुक्तक र कविताहरूमा अन्त्यानुप्रासको सफल आयोजना गरिएको छ । गजलमा रदिफ र काफियाको उचित संयोजन गरिएको छ । चारकोसे झाँडी, बिरालो, लामखुट्टे, भेडोजस्ता विम्बको प्रयोग देखिन्छ । तद्भव शब्दको अधिक प्रयोगले कविता सरल बनेको छ । तत्सम र आगन्तुक शब्दको समेत प्रयोग देखिन्छ । सरल भाषाशैलीमा लेखिएका यस सङ्ग्रहका कविता, मुक्तक र गजलहरूले सशक्त रूपमा व्यङ्ग्य गरेका छन् । रूपक र उपमा अलङ्कारको प्रयोगले कविताहरू सजिएका छन् ।

## ४.६. गजलको सैद्धान्तिक परिचय

### ४.६.१. परिचय

गजल साहित्यको पद्य विधाअन्तर्गत पर्ने लोकप्रिय विधा हो । गजलको

शाब्दिक अर्थ प्रेमिकासँगको कुराकानी, स्त्रीको वाणी, प्रेमिकाका विषयमा कुराकानी, प्रणयवार्ता, यौवना नारीको वर्णन गर्नु ,प्रेमको भावना व्यक्त गर्नु आदि हुन्छ । [३९] वस्तुतः साहित्यका हरेक विधाको आआफ्नै स्वरूप हुन्छ । गजलको पनि विशेष किसिमको पृथक् रूप छ । गेयता, सरूगीतसँग अन्योन्याश्रितता, कोमलता, सुकुमारता, अभिव्यक्ति कौशल, उक्ति वैचित्र्य, सूक्तिमयता, शैल्पिक प्राञ्जलता, लघुता, सूक्ष्मता, भावसघनता,विम्बमयता, प्रतीकात्मकता, अनुभूतिको तीव्रता, कलपनाशीलता, लौकक प्रेम, रोचक स्मृति, मनमोहक शब्दविन्यास, चमत्कार प्रधानता, लालित्यपूर्णता, सरसता, सम्प्रेषणीयता, प्रत्येक शेरहरूमा विषयवस्तुको स्वतन्त्रता, जीवनसापेक्ष प्रभावकारी प्रसङ्गको प्रस्तुति, मिस्राहरूबीचको अन्तर्सम्बन्ध, शिष्ट र शालीन भाषाको प्रयोगजस्ता विशेषताहरू गजलमा विद्यमान हुनु आवश्यक छ । [४०]

### ४.६.२. गजलका तत्त्व

साहित्यका कुनै पनि विधाको स्वतन्त्र पहिचानका लागि निश्चित केही तत्त्वहरूहुन्छन् । गजलका पनि आफ्नै बाह्य । आन्तरिक तत्त्वहरू छन् । यिनै तत्त्वहरूले गजलको स्वरूपलाई कविता र गीतभन्दा भिन्न तुल्याएका छन् । गजलका तत्त्वहरू निम्न छन्:

क. शेर

ख. काफिया

ग. रदिफ

घ. मतला

ङ. मक्ता

---

[३९] घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा,रूपन्देहीः सनसाइन उ.मा.वि.,२०६४,पृ ५।

[१०३] ऐजन,पृ १ ।

च. तखल्लुस

छ. बहर

माथि उल्लिखित गजलका तत्त्वहरूबाट गजलको संरचना तयार भएको हुन्छ । गजलको विश्लेषणका क्रममा यिनै तत्त्वहरूलाई आधार मानिन्छ ।

## ४.७. 'दबाइएका स्वरहरू' गजलसङ्ग्रहको विश्लेषण

दबाइएका स्वरहरू गजलसङ्ग्रह वि.सं.२०५७ सालमा बाडुली गफाडी जमघट भरतपुरबाट प्रकाशित भएको हो । यसमा छब्बीसवटा गजलहरू रहेका छन् । गजलकार यस सङ्ग्रहका बारेमा भन्छन् -'कुकुरलाई घ्यू' बढी सफल भएजस्तो लागेर यो कृतिको प्रकाशन गरेको हुँ ।

### ४.७.१. विषयवस्तु

'दबाइएका स्वरहरू' गजलसङ्ग्रह रमेश हरिलठ्ठकको पहिलो गजलसङ्ग्रह भए पनि यस सङ्ग्रहदेखि नै विषयवस्तुगत वैविध्य गजलकारले प्रस्तुत गरेका छन् । पहिलो सङ्ग्रह मै हरिलठ्ठक गजलका सैद्धान्तिक पक्षहरूमा सचेत देखिन्थे । कतै देशप्रेम, कतै मायाप्रेम, कतै बिग्रिएको समय त कतै सभ्यताको अवस्थाप्रति चिन्तित रहन्थ्यो उनको कलम । हरिलठ्ठकका गजलमा देशमा राजनीतिक क्षेत्रमा देखिएको विकृति युद्ध गरिबी आदिको चित्रण पाइन्छ भने रातारात मालामाल बन्ने व्यवस्था प्रति विरोध पनि जनाइएको हुन्छ । गजलकार वर्तमान शासकहरूदेखि असन्तुष्ट छन् । उनलाई यस्तो शासन देखेर चित्त बुझेको छैन । केवल आफ्नो स्वार्थको निम्ति जे जस्तो नीच कार्य गर्न पनि पछि नपर्ने नेताहरू कै कारण देश तहसनहस भएको ठान्दै गतिलो शासकको अभाव रहेको गुनासो यसरी पोख्दछन्–

चल्दै छ शासन कंश र रावणको
जन्मिएनन् यहाँ कृष्ण र रामहरू

गजल.१७–३

गरिब जनतालाई शोषण गरेर महलमा यश गर्ने नेताहरू कै कारण देश बर्बाद भएको ठहर गजलकारको रहेको छ । पैसामुखी नेताहरू देशको लागि केही आवश्यक नभएको ठान्दै उनी भन्छन्–

उदासी नेताको गलामा विजयको फुल देखें
जनतादेखि दरबार पुग्ने पैसाको पुल देखें

गजल १-१

यस्तै सामन्त प्रवृत्तिलाई चुपचाप सहँदै गयौँ भने हाम्रो अस्तित्व रहदैन; त्यसकारण यस्ता शोषण, दमन विरुद्ध आवाज बुलन्द पार्नुपर्छ भन्ने आह्वान आफ्नो कृतिको शेरमा यसरी गर्दछन्-

अझै पनि ओठमा ताला लगाई बसूँ भने
च्यातिनेछन् 'चमेली' र 'जुनेली' का चोली फेरि ।

गजल–२-४

केवल चुनावको बेलामा मात्र टाउको झुकाउने अनि अरू बेला पुच्छर लुकाउने नेतृत्व कै कारण गरिबीले पराकाष्ठा नाघेको हो र जति शासन व्यवस्थामा परिवर्तन आए पनि त्यो परिवर्तनले गरिबको झुप्रो भित्र बास नपाएको अवस्थाको चित्रण उनको गजलमा छ, जस्तैः

न त त्यो झुपडीमा खाना नयाँ आयो
न भुन्टीको जिउमा नाना नयाँ आयो ।

गजल ११-१

बरु धेरै मिश्रण होला भैसीको दानामा
त्यति पनि नहुने भो गरिबको खानामा

गजल १६-१

यसरी गरिबी र दासत्वपूर्ण संस्कारले देशलाई जकड्ने हो भने एकदिन त्यही गरिबी विस्फोट बन्न पुग्दछ र त्यही दासत्वले ज्वालामुखीको रूप लिन पुग्दछ । अनि साराका सारा सामन्तहरू त्यही भर्भराउँदो ज्वालामुखीभित्र परेर खरानी हुनेछन्, किनभने यो अनियमित वितरण र दासत्व विरुद्ध आवाज उठ्न थालेको छ

भन्दै गजलकार आफ्नो सङ्ग्रहभित्रका गजलमा क्रान्तिकारी विचार यसरी प्रस्तुत गर्दछन्:

हँसिया र आरी छ
सङ्घर्ष त जारी छ
कतै फालाफाल छ
कतै महामारी छ ।

गजल २५-१,२

गजलकारले 'दबाइएका स्वरहरू' भित्र केवल राजनैतिक विषयवस्तु मात्र पस्केका छैनन् । सामाजिक विकृतिले निम्त्याएको असभ्य परिस्थिति पनि उनका गजल भित्र अटाएका छन्–

देखेको छु विकृतिको छाल जतातत्तै
हाँसेको छ सभ्यताको काल जतातत्तै ।

गजल १८-१

यस प्रकार सधै राष्ट्र र राष्ट्रियताप्रति चिन्तित रहने 'हरिलट्ठक' आफ्नो गजल भित्र प्रेम प्रणयलाई पनि त्यत्तिकै महत्त्व दिन्छन् । आफ्नी प्रेमिकाले जे–जस्तो व्यवहार गरे पनि सहर्ष स्विकार्ने प्रतिज्ञा गर्न पछि नपर्ने गजलकार प्रेमिकाका प्रत्येक कार्य राम्रा हुने ठान्दछन्–

नजाऊ एक्लै छोडेर अँधेरी रातमा
मुटुको नाता तोडेर अँधेरी रातमा

गजल ८-१

यसरी हेर्दा गजलकार रमेश हरिलट्ठकले आफ्नो कृति 'दबाइएका स्वरहरू' मा नै विषयगत विविधता पस्केर गजल अनुरागीहरूको अनुराग बढाएका छन् ।

### ४.७.२.संरचनागत आधार

#### क. शीर्षक

रमेश हरिलट्ठकको पहिलो गजलसङ्ग्रहको नामकरण सङ्ग्रह भित्रकै २६औं

अर्थात् अन्तिम गजलको रदिफबाट गरिएको छ र समग्र सङ्ग्रहभित्र दबिएका, पिल्सिएका नेपाली जनताका जीवन भोगाइको प्रस्तुतीकरण गरिएकाले यस सङ्ग्रहको शीर्षक अत्यन्तै सार्थक देखिएको छ । यो शीर्षकलाई परिवर्तनकारी अथवा क्रान्तिकारी शीर्षक भन्न सकिन्छ ।

**ख. संरचना**

गजलका तत्त्वहरू वा बाह्य संरचनाको आधारमा यस 'दबाइएका स्वरहरू' गजलसङ्ग्रह अन्तर्गत सङ्ग्रहीत २६ वटा गजलहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छः

**शेर**

'दबाइएका स्वरहरू' गजलसङ्ग्रहभित्रका गजलहरूलाई हेर्दा चार शेरका गजलहरू सबैभन्दा बढी १६ वटा र सात शेरको गजल जम्मा एउटा भेटिन्छ । शेर सङ्ख्याका आधारमा यस गजलसङ्ग्रहलाई यसरी वर्गीकरण गर्न सकिन्छ ।

**तालिका-१**

| शेर सङ्ख्या | गजलक्रम |
|---|---|
| चार | २,३,४,५,७,८,९,१०,११,१२,१३,१४,१५,१९,२०,२६ जम्मा १६ वटा |
| पाँच | १,६,१६,१८,२१,२२,२३ –जम्मा ७ वटा |
| छ | १७,२५ –जम्मा २ वटा |
| सात | २४–जम्मा १ वटा |

**काफिया**

काफिया प्रयोगलाई महत्त्व दिइएको यस सङ्ग्रहका गजलहरूमा प्रयुक्त काफियालाई गजलक्रम अनुसार यसरी वर्गीकरण गर्न सकिन्छः

## तालिका-२

| काफिया प्रकार | गजलक्रम |
|---|---|
| पूर्ण शब्द | २,४,५,८,१२,१३,१४,१५,१६,१७,१९,२०,२४जम्मा १३ वटा |
| शब्दांश | २३–जम्मा एउटा |
| एकाक्षरी | २२–जम्मा एउटा |
| मिलित | छैन |
| मिश्रित | १,३,७,९,१०,११,१८,२१,२५,२६–जम्मा १० वटा |
| | |

यस आधारमा 'दबाइएका स्वरहरू' भित्र सबैभन्दा बढी पूर्ण शब्द काफियाको प्रयोग भएको पाइन्छ भने मिलित काफियाको प्रयोग नै पाइँदैन; साथै यस सङ्ग्रहको छैंठौं गजलमा काफिया दोष देखिन्छ ।

### रदिफ

'दबाइएका स्वरहरू' गजलसङ्ग्रहभित्र मुरद्दफ र गैर मुरद्दफ दुबै खाले गजलहरू पाइन्छन् । रदिफ प्रयोगका आधारमा यस सङ्ग्रहलाई यसरी देखाउन सकिन्छः

## तालिका-३

| रदिफ प्रकार | गजलक्रम |
|---|---|
| मुरद्दफ गजल | एकल रदिफ १,२, ५, १०, १५, १८, १९, २२, २४, २५ जम्मा दसवटा<br>बहुल रदिफ ३, ४, ७, ८, ९, ११, १२, १४, २०, २३,२६ जम्मा एघारवटा |
| गैर मुरद्दफ गजल | ६, १३, १६, १७, २१ जम्मा पाँचवटा |

यसरी हेर्दा यस सङ्ग्रहमा सबैभन्दा धेरै बहुल रदिफको प्रयोग भएको पाइन्छ । रदिफ बिना नै संरचित गजल सङ्ख्या भने पाँच छ । यस सङ्ग्रहभित्र सबैभन्दा लामो रदिफ प्रयोग गरिएको गजलको शेर यस्तो छः

एकान्तको सह र गहभरी आँसु थियो
वेदनाको दह र गहभरी आँसु थियो ।

गजल ९–१

**तखल्लुस**

तखल्लुस प्रयोगका दृष्टिले यो सङ्ग्रह मध्यम खालको देखिन्छ । यसका २६ वटा गजलमध्ये ६ वटा गजलमा तखल्लुसको रूपमा 'रमेश' प्रयोग भएको छ भने अन्य २० वटा गजलमा तखल्लुसको प्रयोग पाइँदैन । तखल्लुस प्रयोग भएको एउटा गजलः

नलेख् 'रमेश' आफ्नो कथा पढिदिने को छ ?
के नै लेख्नु छ र अब च्यातिएका पानामा ? गजल १६–५

**बहर**

'दबाइएका स्वरहरू' गजलसङ्ग्रहभित्र सङ्गृहीत गजलहरूमा शास्त्रीय बहरको छनक नपाइए पनि नेपाली र मौलिक बहरहरूमा आधारित भएर यस सङ्ग्रहभित्रका गजलहरू रचना गरिएका छन्, जस्तैः

घरबारी डुबिसक्यो पीर कता छ ?
खै त अचेल नेपाली वीर कता छ ?

गजल ३-१(४×३=१२ अक्षरी)

हँसिया र आरी छ
सङ्घर्ष त जारी छ ।

**ग. रस**

'दबाइएका स्वरहरू' गजलसङ्ग्रहमा स्वतःस्फूर्त रूपमा विभिन्न रसहरूको प्रयोग गरिएको पाइन्छ । शृङ्गार, वीर, करुण, शान्त आदि रसहरूको प्रयोग अधिक रूपमा भएको देखिन्छ । यसै सङ्ग्रहबाट रस प्रयोगका दृष्टिकोणले उपयुक्त केही शेरहरू यस्ता छन्:

हुने खाने कै घरमा भित्रिँदै छन् सबथोक
झुपडीलाई छोड्दैछन् भातका सिताहरूले ।

गजल २१-४(करुण रस)

कलम खोस्यो अभावले हातहरू पनि भाँचिदियो
जबरजस्ती मुख बाउँछन् दबाइएका स्वरहरू ।

गजल २६-२ (रौद्र रस)

**४.७.३ विम्ब-प्रतीक र अलङ्कार**

रमेश हरिलट्ठकले आफ्नो पहिलो गजलसङ्ग्रहमा विभिन्न विम्ब, प्रतीकको प्रयोग गरेका छन् । उनका प्रायः शेरहरूमा विम्बात्मकताको प्रयोग गर्दै विकृतिप्रति छँड हानिएको पाइन्छ । मातृभूमिलाई आमाको संज्ञा दिँदै आफ्नो गजलमा उनी भन्छन्:

मेचीकाली सम्झिएर चर्किन्छ मुटु यो
भएको छ आमाको बेहाल जताततै ।

गजल १८-५

त्यसैगरी यहाँ विभिन्न अनुप्रास, रूपक आदि अलङ्कारको प्रयोग गरिएको छ । जस्तैः

मेरो जीवन साँच्चै नै हेर्छौ भने
तेल सकिन लागेको टुकी हेर ।

गजल २२-२ (रूपक अलङ्कार)

**४.७.४. भाषाशैली**

'दबाइएको स्वरहरू' गजलसङ्ग्रहको भाषाशैली सरल रहेको छ । ठेट नेपाली

शब्दहरू साथै सत्य डग्दैन झुटो टिक्दैन जस्ता उखान टुक्का, संवादात्मक शैली, चमेली,जुनेली जस्ता पात्रको प्रयोगले यस सङ्ग्रहमा भाषाशैलीगत नवीनता थपेको पाइन्छ ।

## ४.८. 'जिन्दगीको कहानीमा' गजलसङ्ग्रहको विश्लेषण

वि.सं.२०६१ साल जेठमा गजल सागर नेपालबाट प्रकाशित र जेठ १६ गते विमोचित 'जिन्दगीको कहानीमा' गजलसङ्ग्रह गजलकार रमेश हरिलट्टकको पाँचौ कृति र नेपाली गजलसङ्ग्रहमध्ये दोस्रो सङ्ग्रह हो । २०५४ सालदेखि सुरु भएको उनको गजल लेखन यात्राले 'दबाइएका स्वरहरू' (२०५७) हुँदै 'जिन्दगीको कहानीमा' मा आएर परिपुष्टता प्राप्त गरेको छ ।[४१]

सुनेका कुराभन्दा जीवनजगत्लाई भोग्ने क्रममा आएका अनुभवलाई आफ्नो सृजनाको विषय मान्ने कुराको खोलुवा गजलकारले 'आफ्नै कुरो' मा गरेका छन् । समाजमा घटिरहेका घटनाहरूबाट लेखकको मनमस्तिष्कमा पारेको प्रभावको अनुभव पुस्तिकाको रूपमा यो गजलसङ्ग्रह रहेको छ । गजलकारले जीवन भोगाइको क्रममा सँगालेका पलहरूको वास्तविक छविचित्र 'जिन्दगीको कहानीमा' गजलसङ्ग्रहमा विषयवस्तु बनेर आएका छन् । विषयगत विविधतासँगै शिल्पगत स्पष्टता र सूक्ष्म बनोटभित्र अर्थगत व्यापकता हुनु कृतिको विशेषता हो र एउटै कृतिभित्र धेरै विषयवस्तु समेट्न सक्नु कृतिकारको खुबी हो ।

### ४.८.१.विषयवस्तु

विषयवस्तुगत विविधता भएको यस कृतिभित्र सबैभन्दा बढी सहरिया विकृतिप्रति तीक्ष्ण व्यङ्ग्य प्रस्तुत गरिएको छ । गजलकार व्यक्तिवादी प्रवृत्तिमा डुबेको सहरिया विकृतिदेखि वाक्क छन् । मानवताको अधोपतन र ठस्सामा रमाउने सहरलाई उनले फोहरको रास भन्न रुचाउँछन् । कतै आकाशे महल र कतै पेटीको बासमा विभक्त सहरलाई उनले वर्गीय विभेदको मूल स्थल मानेका छन् । आफूलाई

[४१] रमेश हरिलट्टकका बारेमा घनश्याम 'परिश्रमी'द्वारा प्राप्त जानकारी अनुसार ।

हात्ती र अरूलाई बोका ठान्ने सहरले सधैं गाउँलाई उपहास गरेको हुँदा यसको रहर गर्नुनपर्ने तर्क गजलकारको छ । सहरको नक्कली सभ्यतालाई व्यङ्ग्य गर्ने क्रममा उनी भन्छन् -

मान्छे पनि कत्ति जाली तिम्रो सहरमा
हिँड्ने बाङ्गा पाइला चाली तिम्रो सहरमा
हेर्न पनि लाज लाग्ने कस्तो सभ्यता
नीलो काजल कालो लाली तिम्रो सहरमा ।

गजल ६-१,२(पृष्ठ १५)

यस्तो विकराल सहरबाट पन्छिएर गजलकार शान्तिको खोजीमा हिँड्दछन् र शान्तिको आभास कतैबाट नभएपछि लेख्न बाध्य हुन्छन्, यस्तो प्रश्नात्मक शेरः

चर्केको छ अशान्ति र युद्ध आज
कता गए हाम्रा बुद्ध आज ?

गजल ४-१(पृष्ठ १३)

आफ्नै भाइ-भाइ बीच भएको युद्धले नेपाल आमा मर्माहत भएको अनुभव गजलकारको छ । केवल मर्ने र मार्ने खेलले देशले विकासको सोपान चढ्न नसक्ने ठहर गर्दै उनी युद्धको विरोधमा उभिन्छन् अनि युद्धको सन्त्रासपूर्ण वातावरण र उपलब्धिहीन गन्तव्यलाई देखेर उनी द्रविभूत हुँदै लेख्छन् :

सबैथरि आफ्नै त हो नेपालकै छोराछोरी
आफू-आफूहरूमाथि जित्न हार्न छोड अब ।

गजल ९-४(पृ.-१८)

पहिले नै लेखिए पनि हरिलट्टकका गजलहरू आज पनि उत्तिकै सान्दर्भिक छन् । बन्द, हडतालले गर्दा बेहाल भएको नेपालीको अवस्थाप्रति विद्रोहको वाण प्रहार गर्न रमेश पछि पर्दैनन् र बन्दबाट सिर्जित सन्त्रासपूर्ण वातावरणको विरोध व्यञ्जनामूलक तवरले यसरी गर्न पुग्दछन्:

“दुःख मनाउ गर्न पनि मनाही छ
नखोल है आँखा सजल नेपाल बन्दमा ।”

गजल ५०-४(पृ.-५९)

यसप्रकार यस्ता विविध हत्याकाण्डहरूले गर्दा नै गाउँ सहरको संरचना पूर्णतया भताभुङ्ग भएको गजलकारको ठहर छ । गजलकार मान्छेप्रति विश्वास गर्न डर मान्दछन् किनभने उनी आजकलका मानिसमा मानवता हराएर दानवता प्रवेश गरेको अनुमान गर्छन्, जस्तैः

गल्ली गल्ली लाग्छ मलाई पाइखाना जस्तो
मान्छेहरू नै देख्छु म शैतान जस्तो ।

गजल ३८-१(पृ.-४७)

गजलकार हरिलट्टकका गजलहरू सामन्तको झटारो बन्न पुग्छन् भने गरिबका लागि आशाको सुनौलो किरण बोकेर देखापर्दछन् । बाँच्नका लागि अथवा पेट पाल्नका लागि पलपलमा मर्नुपर्ने गरिबको दारुण अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उनी आफ्ना गजलमा यसरी गरिबप्रति सहानुभुति प्रकट गर्दछन्:

मेरो यो बिन्ती सुनिदे ईश्वर गरिबलाई नजन्माइदे
जन्माउनै पर्ने भयो भने शरीरमा भुँडी नझुण्डाइदे ।

गजल ३९-१(पृ.-४८)

कतै युद्धको विरोध, शान्तिको चाहना, कतै समानताको स्वर, कतै विकृतिको भण्डाफोर गरिसकेपछि उनी कहिलेकाहीँ आफ्नै अतीतमा सयर गर्न पुग्दछन् र आफ्ना साथी, सङ्गी र आफ्नो बालककालमा निमेष भरमै डुल्न पुग्दछन्, जस्तैः

आउँछ सम्झनामा त्यो बालापन
भाँडाकुटी खेल्न पुग्छ कति चाँडो मन् ।
सानासाना डिब्बामा माटोको भतेर
नाँच्दा गाउँदा थर्किन्थ्यो सारा रन वन ।

गजल ४०-१,२(पृ.-४९)

यसरी आफ्नो एउटै सङ्गतिभित्र विविध विषय समेट्न सक्ने क्षमता भएका कारण नै उनले गजलको क्षेत्रमै सफलता प्राप्त गरेका हुन् । उनले प्रेम,प्रणयजन्य

गजलहरू पनि सृजना नगरेका होइनन् । आफ्नी प्रेमिकाको वर्णन गर्दै जिन्दगी बिताईदिन सक्ने हरिलट्ठक आफ्नी प्रेयशीको आँखाभित्र हराउन पुगेका छन् र त्यही आँखाको बयान गर्नै नसक्ने कुराको स्वीकारोक्ति आफ्नो गजलमा यसरी गरेका छन्:

दाँतको पंक्ति ओठको मुस्कान,मुहारको ज्योति संझिरहन्छु
मेरो यो मुटु नजरले बेर्ने तिम्रो आँखाको के बयान गरुँ ?

गजल ४१-३ (पृ.-५०)

रमेशका गजलहरू सस्तो मायाका विलापमा केन्द्रित छैनन् । उनले मायालाई जीवन यात्राको सहाराको रूपमा परिभाषित गरेका छन् । शिष्टतापूर्वक प्रेम निवेदन गर्ने उनका गजलमा हलुङ्गो उत्तेजनाको छिचरो प्रवृत्तिभन्दा गम्भीर

भावको कलात्मक सम्प्रेषण पाइन्छ । जस्तैः

बस्न पाऊँ नजरमा हजुरको
सफा मनको त्यो घरमा हजुरको
कटिहाल्थ्यो यात्रा मेरो जीवनको
साथ पाए सफरमा हजुरको ।

गजल ८-१,५ (पृ.-१७)

'हरिलट्ठक' 'जिन्दगीको कहानीमा' भित्र केवल सम्भोगजन्य शृङ्गारका साथ मात्र प्रस्तुत नभई वियोगबाट प्रताडित पनि भएका छन् । प्रेमिकासँगको वियोगले उनमा उदासी र न्यास्रोपन छाएको देखिन्छ । वियोगले छट्पटाएका 'हरिलट्ठक' कहले देउरालीमा आउँदिन भनेर घुर्की देखाउँछन् त कहिले आफ्नो जीवनमा रात परेको अनुभव गर्न पुग्दछन् । कहिले उनी प्रेयशीलाई छोडेर जान अनुरोध गर्छन् त कहिले तिमी आउन......तिमी आउन.......भन्दै आलाप गाउन पुग्दछन् । यसरी एउटा गजल स्रष्टा जसले अन्त्यमा मनमा ढुङ्गो राखेर प्रेयशीलाई बिर्सने प्रयासमा यस्तो गजल रच्दछन्:

बिर्सिएको प्रीतको कुरै नगर
तीतो त्यो अतीतको कुरै नगर ।

गजल ३१-१ (पृ.४०)

यसरी उनका गजलहरू सामन्तको खानामा घुन, गरिबको झुपडीमा तेल, नुन बनेका छन्, साथै शिष्ट प्रणय निवेदन गर्ने खालका उनका गजलहरू देखिन्छन् । गजलकार आफ्ना गजलमा अस्तित्ववादी दृष्टिकोण प्रस्तुत गर्दै समानताको भाका सुसेल्न पुग्दछन् । यसबाहेक गजलकारले गजललाई नै आफ्नो विषयवस्तु बनाएर पनि गजल रचना गरेका छन्,जस्तैः

मनमा पीर परेको गजल के लेख्नु ?
सुटुक्क आँसु झरेको गजल के लेख्नु ?
लासहरू जतातत‍ै बिच्छ्याएको बेला
आफ्नो आत्मा मरेको गजल के लेख्नु ?

गजल ५-१,४(पृ.-१४)

वस्तुतः आजको गजल प्रेमको सङ्कीर्ण वृत्तमा मात्र अनुगुण्ठित, कुण्ठित र प्रतिबन्धित हुन सक्दैन । जटिल जीवनको बिम्ब देखाउने ऐना बनिसकेको छ आजको गजल, यस कुराको उदाहरणका रूपमा रमेश 'हरिलट्टक'का गजलहरूले पनि ठाउँ पाएका छन् । प्रस्तुत सङ्ग्रहमा संकलित गजलहरू विषयवस्तुको प्रस्तुतिका दृष्टिले स्वायत्त हुनुपर्छ भन्ने कुरा रमेशले बुझेका छन् ।

### ४.८.२.संरचनाको आधारमा

### क.शीर्षक

रमेश 'हरिलट्टक'को गजलसङ्ग्रह 'जिन्दगीको कहानीमा'को नामकरण यसै सङ्ग्रहअन्तर्गतको ३४ औं गजलको रदिफबाट गरिएको छ । सङ्ग्रहभित्र सङ्ग्रहीत गजलहरू जीवनसँग सम्बन्ध राख्ने र जीवन भोगाइ कै सेरोफेरोमा गजलहरू रचिएकाले यस सङ्ग्रहको शीर्षक अत्यन्तै सार्थक रहेको पाइन्छ । जिन्दगी सुख र दुःखको मेल हो भन्ने धारणा यस सङ्ग्रहमा भेट्न सकिन्छ । 'जिन्दगीको कहानीमा' गजलसङ्ग्रहको शीर्ष गजल यस्तो छः

कैले सुख कैले दुःख जिन्दगीको कहानीमा

कैले हुन्छौँ आफ्नै माटो कैले हुन्छौँ बिरानीमा ।

गजल ३४-१(पृ.-४३)

**ख. संरचना**

गजलका तत्त्वहरूका आधारमा वा बाह्य संरचनाका आधारमा रमेश 'हरिलट्ठक'को 'जिन्दगीको कहानीमा' सङ्ग्रहलाई विभिन्न आधारहरूमा वर्गीकरण गरिएको छ ।

**शेर**

शेर सङ्ख्याका आधारका पनि 'जिन्दगीको कहानीमा' भित्र विविधता पाइन्छ । यस सङ्ग्रहमा चार शेरदेखि सात शेरसम्मका गजलहरू सङ्ग्रृहीत छन् । शेर सङ्ख्याका आधारमा यस सङ्ग्रहलाई यसरी वर्गीकरण गरिन्छः

**तालिका -४**

| शेर सङ्ख्या | गजलक्रम |
|---|---|
| चार | २,५,७,९,१२,१६,१७,२०,२२,२४,२५,२६,३२,३८,३९,४०,४१,४२,४४,४५, ४८–जम्मा २१ वटा |
| पाँच | ३,४,६,८,१०,११,१३,१४,१५,१८,२१,२३,२७,२८,३०,३१,३३,३४,३५,३६,३७, ४३,४६,४७,५०,५१-जम्मा २६ वटा |
| छ | १,१९–जम्मा २ वटा |
| सात | २९,४९–जम्मा २ वटा |

यसरी हेर्दा यस सङ्ग्रहमा सङ्ग्रहीत गजलमध्ये सबैभन्दा बढी पाँच शेरका गजलहरू २६ वटा र सबै भन्दा कम ६ र ७ शेरका गजलहरू जम्मा दुई–दुई वटा देखिन्छन् भने चार शेर सङ्ख्या भएका गजलहरू २१ वटा रहेका छन् ।

**काफिया**

काफियाका सन्दर्भमा सदैव सचेत रहने रमेश 'हरिलट्ठक' का गजलमा प्रायः

सबैखाले काफियाको प्रयोग गरिएको पाइन्छ । यिनका गजलमा काफियागत पुनरावृत्तिदोष पाइँदैन साथै दुई नम्बरी काफियाको प्रयोग पनि कृतिमा देखिँदैन । काफियागत आधारमा यस कृतिलाई यहाँ विभाजन गरिएको छ :

**तालिका-५**

| काफिया प्रकार | गजलक्रम |
|---|---|
| पूर्ण शब्द | ३,५,६,९,१२,१६,१७,१८,१९,२२,२४,२५,२६,२७,३०,३२,४१,४२,४४ जम्मा १९ वटा |
| शब्दांश | ८,११,१३,१४,२१,२३,२९,३४,३८,३९,४३,४६,४७,५० -जम्मा १४ वटा |
| एकाक्षरी | ४९ -जम्मा एउटा |
| मिलित | छैन |
| मिश्रित | १,२,४,७,१०,१५,२०,२७,३१,३३,३५,३६,३७,४०,४५,४८,५१ -जम्मा १७ वटा |

यसरी हेर्दा यस सङ्ग्रहमा सङ्ग्रहीत सबैभन्दा बढी १९ गजलमा पूर्ण शब्द काफियाको प्रयोग पाइन्छ भने सबैभन्दा कम एकाक्षरी काफियाको प्रयोग एउटा गजलमा मात्र पाइन्छ । यस सङ्ग्रहभित्रका कुनै पनि गजलमा मिलित काफियाको प्रयोग पाइँदैन ।

**रदिफ**

रमेश 'हरिलठ्ठक' ले आफ्ना गजलमा रदिफ प्रयोगप्रति निकै चाँसो देखाएका छन् । एकल रदिफ साथै बहुलमा पनि अत्यन्तै लामा रदिफको प्रयोग पनि उनले गरेका छन् । रदिफ प्रयोगका आधारमा उनको गजल कृति 'जिन्दगीको कहानीमा' अन्तर्गतका गजलहरूलाई यसरी वर्गीकरण गरिन्छः

**तालिका-६**

| रदिफ प्रकार | गजलक्रम |
|---|---|
| मुरद्दफ गजल | एकल रदिफ १,३, ४, ८, १४, १६, १८, २०, २१, २२, २५,२६, २७, ३०, |

| | |
|---|---|
| | ३३, ३६, ३८, ४२, ४४, ४५, ४६, ४७,४९ जम्मा दसवटा<br>बहुल रदिफ २, ५, ६ , ७, ९, १०, ११, १२, १३, १५, १७, २३, २४, २८, ३१, ३५, ३७, ४१, ४३, ४८, ५०, ५१ जम्मा बाइसवटा |
| गैर मुरद्दफ गजल | १९, २९, ३२, ३४, ३९,४० जम्मा छवटा |

'जिन्दगीको कहानीमा' रदिफ प्रयोगको आधारमा उत्कृष्ट कृति हो । यसमा सङ्ग्रहीत धेरैजसो गजलमा रदिफ प्रयोग पाइन्छ । एकल रदिफ सबैभन्दा धेरै २२ वटा गजलमा प्रयोग भएको छ भने गैर मुरद्दफ गजलको सङ्ख्या ज्यादै न्यून ६ वटा मात्र छ । यस कृतिमा सबैभन्दा लामो रदिफ प्रयोग भएको गजलको शेर:

रिसाउन फेरि अब देउरालीमा आउँदिनँ म
सम्झाउन फेरि अब देउरालीमा आउँदिनँ म ।

गजल ४३-१ (पृ.-५२)

### तखल्लुस

तखल्लुसको प्रयोगलाई गजल सौन्दर्यको साधन सम्झने 'हरिलट्ठक'ले 'जिन्दगीको कहानीमा' भित्रका प्रशस्त गजलमा तखल्लुसको प्रयोग गरेका छन् । उनले 'रमेश' नामलाई विशेषगरी तखल्लुसको रूपमा प्रस्तुत गरेको भेटिन्छ । यस सङ्ग्रहको ३० औं गजलमा त झन् रदिफकै रूपमा 'रमेश' नामको प्रयोग गरेका छन् ।[४२] तखल्लुसको उत्कृष्ट प्रयोग भएको एक शेर:

बाडुली त्यो लागे सोच सम्झेको छ 'रमेश'ले
सम्झी मलाई नजाग्नु है सँधै राती–राती ।

गजल ४४-४ (पृ.-५३)

रमेशले तखल्लुसलाई केवल मक्तामा मात्र प्रयोग गर्नुपर्छ भन्ने मान्यताबाट माथि उठेर अन्य शेरहरूमा पनि तखल्लुसको प्रयोग गरेको पाइन्छ, जस्तै:

मनमा पीर परेको गजल के लेख्नु ?
सुटुक्क आँसु झरेको गजल के लेख्नु ?

तर्नुपर्छ जिन्दगीमा कत्रा सागरहरू
जाबो जङ्घार तरेको गजल के लेख्नु ?

था'छ 'रमेश' मान्छेले के के गरिसके ?
जैरे माया गरेको गजल के लेख्नु ?

लाशहरू जताततै बिच्छ्याएको बेला
आफ्नो आत्मा मरेको गजल के लेख्नु ?

गजल ४-१,२,३,४ (पृष्ठ–१४)

**बहर**

बहरबद्धतालाई दृष्टिगत गरेर 'जिन्दगीका कहानीमा'लाई विश्लेषण गर्दा यसमा लोकलय वा नेपाली बहरलाई महत्त्व दिइएको देखिन्छ, साथै स्वनिर्मित बहरहरूको पनि यस सङ्ग्रहका गजलमा प्रयोग भएको पाइन्छ । लयलाई अङ्गीकार गर्ने कुरामा रमेशले सतर्कता अपनाएका छन् । लयको विविधता पनि यिनका गजलमा पाइने विशेषता हो । शास्त्रीय बहरको प्रयोग यी गजलमा भएको पाइँदैन । यो अलि जटिल भएकाले पनि अधिकांश गजलकारहरूका शास्त्रीय बहरहरू भन्दा स्वनिर्मित बहरहरूको प्रयोग गरेको देखिन्छ । रमेशले पनि ३०-३२ अक्षर सम्मका मिसराको माध्यमबाट बहरमा नवीनता थप्ने प्रयास गरेका छन् । बहरगत विविधताका आधारमा 'जिन्दगीको कहानीमा'लाई यसरी उल्लेख गर्न सकिन्छ :

४×३ = १२ अक्षरको मिसरा हुने–

---

[४२] ऐजन

आफूलाई देवताको दूत ठान्नेहरू

पनि शान्तिका विरुद्ध देखें ।

गजल ४-२ (पृ.-१३)

सबैभन्दा छोटो चार अक्षरको मिसरा भएको गजल

भाग्य फुट्यो

साथ छुट्यो ।

गजल १९-१ (पृष्ठ-२८)

चार अक्षरमा यति हुने ४×४ = १६ अक्षरको मिसरा हुने

गरिब पो भयो हामी मरेका त छैनौँ नि,

बेदनाले बेहाल भो हुनुहन्न यति साह्रो ।

गजल २५-३ (पृष्ठ-३४)

उनको सबै भन्दा स्वनिर्मित बहर ४×८ =३२ अक्षरको मिसरा चार-चार अक्षरमा यति हुने

घाम हुन, जुन हुन, संगीतको धुन हुनू

गरिबका झोपडीमा तेल हुनू,नुन हुनू

लङ्गडाको बैशाखी र नेत्रहीनको दृश्य बन्नु,

न्याय र समानताको सधैं पक्षपाती हुनू ।

**ग. रस**

'जिन्दगीको कहानीमा' गजलसङ्ग्रहका गजलहरूमा शृङ्गार, वीर, करुण, शान्त आदि रसको प्रयोग कुशलतापूर्वक गरिएको छ । यसअन्तर्गतका गजलहरूमा सबैभन्दा बढी शृङ्गार रसको प्रयोग भएको पाइन्छ । रस प्रयोगका दृष्टिले उत्कृष्ट ठानिएका उनका केही शेरहरू:

मैलाई ताक्छ तिम्रो नयन

कुन्नि के माग्छ तिम्रो नयन ?

गजल ११-१(पृ.-२०) (शृङ्गार रस)

रुन मन लाग्छ भोका नाङ्गा केटाकेटी देख्दा

रुन कहाँ पाइन्छ र मुख थुन्छे मनमाया ।

गजल ३–३(पृ.-१२) (करुण रस)

कैले सुख कैले दुःख जिन्दगीको कहानीमा

कैले हुन्छौँ आफ्नै माटो कैले हुन्छौँ बिरानीमा ।

गजल ३४-१(पृ.-४३) (शान्त रस)

### ४.८.३. विम्ब, प्रतीक र अलङ्कार

विभिन्न विम्ब प्रतीकहरूको प्रयोग गर्दै सामाजिक असमानताप्रति व्यङ्ग्य गरिएको प्रस्तुत गजलसङ्ग्रहभित्रका शेरहरूमा अलङ्कारको प्रयोग पनि त्यत्तिकै गरिएको पाइन्छ । यसका कतिपय गजल शेरमा प्रकृतिलाई मानवीकृत पनि गरिएको छ । उनको एउटा विम्बात्मकता भएको शेरः

यो जुन अनि हेर तारा उदास छ

लाग्छ आज संसार सारा उदास छ ।

गजल ३५-१(पृ.-४४)

प्रस्तुत सङ्ग्रहमा विभिन्न अनुप्रास आदि शब्दालङ्कारका साथै उपमा रूपक, दृष्टान्त आदि अर्थालङ्कारको पनि प्रयोग भएको छ । उनको गजलसङ्ग्रहभित्रका अलङ्कार प्रयोगले उत्कृष्ट मानिएका केही गजलहरूः

समाइन्छ,पछारिन्छ,उचालिन्छ,पङ्काइन्छ

घुमाइन्छ फनफनी हतियार भएपछि ।

गजल १५-२(पृ.-२४) (श्रुत्यानुप्रास अलङ्कार)

गल्ली गल्ली लाग्छ मलाई पाइखाना जस्तो

मान्छेहरू नै देख्छु म त शैतान जस्तो ।

गजल ३८-१ (पृ.-४७) (उपमा अलङ्कार)

स्वार्थी यो संसारमा रीत हेर कस्तो विचित्र छ

दुःखमा हुन्न साथ कोही सुखमा सबै मित्र छ ।

गजल ३३-१ (पृ.-४२) (दृष्टान्त अलङ्कार)

### ४.८.४. भाषाशैली

यस गजलसङ्ग्रह भरिकै गजलहरूको भाषाशैली अत्यन्तै सहज, सरल र कलात्मक रहेको छ । अझ लयात्मकताले त्यसमा सौन्दर्य बढाएको छ । गजलका गुणहरूको युक्त अत्यन्तै उत्कृष्ट भाव बहन क्षमता भएका गजलहरू यस सङ्ग्रहमा सङ्ग्रृहीत छन् । सामान्यभन्दा सामान्य पाठकको मनभित्र बास गर्न मात्र होइन यिनका गजलहरू राज गर्न सफल छन् । यो कृतिको व्यापकताको एउटा प्रमुख कडी यसको भाषाशैली पनि हो ।

### ४.९. कविताको परिचय

साहित्यका विभिन्न विधाहरूमध्ये कविता साहित्यको प्राचीन विधा हो । पूर्वीय साहित्यचिन्तनपरम्परामा साहित्यको पर्यायवाची रूपमा 'काव्य' शब्दको प्रयोग गरिन्थ्यो । अहिले आएर काव्य शब्दले केवल कविता विधालाई मात्र बुझाउँछ । प्राचीन कालमा अन्य विधाका तुलनामा कविता विधा निकै फस्टाएको पाइन्छ । 'कविता' शब्दको व्युत्पत्ति 'कवि' आधार पदमा 'ता' प्रत्यय लागेर भएको हो । 'कविता' शब्दले कविद्वारा सृजित रचनालाई बुझाउने गर्दछ । तसर्थ कविता भनेको कविको कर्म हो ।

पाश्चात्य साहित्यशास्त्रमा कवितालाई Poetry भनिन्छ । अङ्ग्रेजी शब्द Poet बाट Poetry शब्दको निर्माण भएको हो । Poet ले रचनाकार र Poetry ले रचनालाई बुझाउँछ । तसर्थ कविता भनेको स्रष्टाद्वारा सृजित रचना हो ।

### ४.९.१.परिभाषा

कविताका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्ना मत निम्नानुसार प्रस्तुत गरेका छन्-

अग्निपुराण - इष्टार्थलाई सङ्क्षेपमा व्यक्त गर्ने अलङ्कार गुणले युक्त एवं दोषयुक्त पदावली नै काव्य हो ।

भामह - शब्द र अर्थको सहभावयुक्त रूप नै काव्य हो ।

विश्वनाथ - रसात्मक वाक्य नै काव्य हो ।

जगन्नाथ - रमणीय अर्थको प्रतिपादन गर्ने शब्द नै काव्य हो ।

बालकृष्ण सम - भावनाको बौद्धिक कोमलता नै कविता हो ।

लक्ष्मीप्रसाद देवकोटा - मीठो कविताको बोली चराको बोलीझैं लाग्दछ । कविता निष्प्रयत्न निस्कन्छ । कविताको लयदार मिठास र मोहनीले हृदयलाई इन्द्रेणीले पक्रेर लगेझैं लाग्दछ ।

केदारमान व्यथित - तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकतामा चढेको नै कविता हो ।

डा. वासुदेव त्रिपाठी - कविता, जीवनजगत्का मूल्यवान् अनुभवको काल्पनिक, कलात्मक, बद्ध वा मुक्त लयात्मक भाषिक सङ्कथन हो ।

निष्कर्षमा श्रुतिरम्य लयात्मक सौन्दर्यपूर्ण भाषाका माध्यमबाट जीवनजगत्को चित्रण गरिएको, कल्पना र भावनाको उचित संयोजन गरिएको र रागात्मकताको प्रधानता भएको कलात्मक भाषिक संरचना नै कविता हो ।

### ४.९.२.कविताका तत्त्वहरू

कुनै वस्तुको निर्माण हुनका लागि जुनजुन कुराको आवश्यकता पर्दछ त्यसैलाई तत्त्व भनिन्छ । कविता साहित्यको एउटा प्रमुख विधा हो । कविता

रचनाका निम्ति आवश्यक पर्ने घटकहरू नै कविताका तत्त्व हुन् । कविताका तत्त्वहरूलाई आरेखमा निम्नानुसार देखाउन सकिन्छ-

### ४.९.२.१. **शीर्षक र संरचना**

विषयवस्तु, भाव वा विचार, केन्द्रीय कथ्यप्रति सङ्केत गर्ने कविताको महत्त्वपूर्ण तत्त्व शीर्षक हो । कविताको शीर्षक र केन्द्रीय कथ्यका बीचमा सोझो वा साङ्केतिक सम्बन्ध हुनुपर्दछ ।

कविताको बनोट र बुनोटका माध्यमबाट व्यक्त हुन आउने अर्थगत स्वरूपसँग संरचना सम्बन्धित हुने गर्दछ । बनोट कविताको बाह्य संरचनासँग सम्बन्धित हुन्छ । बाह्य संरचनाले कविताको हरफ/पङ्क्ति, पाउ/चरण, अनुच्छेद, परिच्छेद, सर्ग, खण्ड आदिलाई बुझाउँछ । बुनोट कविताको आन्तरिक संरचनासँग सम्बन्धित हुन्छ । आन्तरिक संरचनाले केन्द्रीय कथ्य, सन्दर्भ सामग्री र भाव विचारको उठान, विकास र रागात्मक परिणतिलाई बुझाउँछ ।

### ४.९.२.२.**केन्द्रीय कथ्य र भावविधान**

कविता रचना गर्नका निम्ति आवश्यक पर्ने विषयवस्तु नै केन्द्रीय कथ्य हो । जीवनजगत्का समग्र विषयवस्तु र मानवचेतनाका अनुभव र अनुभूतिलाई समेटेर कविताको रचना गरिन्छ । यसअन्तर्गत प्रकृति, मानवीय समाज, संस्कृति, ज्ञानविज्ञान, इतिहास, धर्म, दर्शन, नक्षत्रमण्डल, वायुमण्डल, जीवमण्डल आदि साथै मानवमनका समस्त अनुभव पर्दछन् । कविता मानवजीवनको समग्र दशा वा अनुभवका क्षण विशेषको प्रस्तुति भएकाले जीवनको कुनै एक भाव वा समग्रताको प्रकटीकरण गरिएको हुन्छ । यस प्रकार जीवनजगत्सँग सम्बन्धित विषयलाई लिएर कवितामा पाठकलाई प्रभाव पार्न सक्ने किसिमको भावविधान गरिएको हुन्छ ।

### ४.९.२.३. **लयविधान**

कवितालाई स्वतन्त्र विधाका रूपमा चिनाउने कविताको मुख्य परिचायक तत्त्व लय हो । कविताको भाषिक बनोटबाट नै लयको उत्पत्ति हुन्छ । कविताको वर्णगत, पङ्क्तिगत, पाउगत, अनुच्छेदगत, श्लोकगत बनोटबाट लयको उत्पत्ति

हुन्छ। भाषाशैलीका पङ्क्तिगत र पङ्क्ति समूहगत उच्चारण र श्रवणको रमणीय साङ्गीतिक ध्वनि नै कविताको लय हो। लय मुख्यतः बद्ध र मुक्त गरी दुई किसिमका हुन्छन्। वर्ण र मात्राको मुक्त प्रयोग भएको लय मुक्त लय हो भने वर्ण र मात्राको नियमित आवृत्ति भएको लय बद्धलय हो।

### ४.९.२.४.कथनपद्धति

कविता जीवनजगत्‌को भाषिक लयात्मक कथन हो। कविता काव्यमा मूलतः दुई किमिसका कथनपद्धति पाइन्छन्। कविप्रौढोक्ति (कविकथन) र कविनिबद्धवक्तृप्रौढोक्ति (कविनिबद्ध कथन)। कवि आफैँले सोझै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविकथन हुन्छ भने कविले आफ्नो कथन अन्यपात्रका माध्यमबाट प्रस्तुत गरेको हुन्छ भने त्यो कविनिबद्ध कथन हुन्छ।

### ४.९.२.५. बिम्बविधान तथा अलङ्कारविधान

कुनै कृतिमा व्यक्त अर्थको सहचर प्रतिबिम्बका रूपमा आउने अर्को सहवर्ती अर्थलाई बिम्ब भनिन्छ। कविताका सन्दर्भमा कथ्य वा भाव विचारलाई अर्को बिम्बद्वारा झल्काउने प्रक्रिया नै बिम्बविधान हो। कविले कवितामा आफूले व्यक्त गर्न खोजेको अर्थलाई विभिन्न बिम्बको प्रयोग गरेर प्रस्तुत गरेको हुन्छ। कविताको अर्थलाई सौन्दर्यपूर्ण तरिकाले अभिव्यक्ति गर्नका लागि अलङ्कार विधान आवश्यक पर्दछ। साधर्म्य, व्यतिरेक, प्रश्न, संशय, तर्क-वितर्क, विरोधाभास, प्रशंसा, व्यङ्ग्य, मानवीकरण, प्रकृतीकरण, सूक्ति, उखानको प्रयोग आदि बिम्बालङ्कारका प्रविधिहरू हुन्। शब्दालङ्कार शब्दको चमत्कारपूर्ण प्रयोग हो जसले कविताको भावलाई सौन्दर्यपूर्ण बनाउँछ भने अर्थालङ्कारले अर्थलाई विशिष्टीकृत गरी सौन्दर्य थप्ने गर्दछ।

### ४.९.२.६. भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली प्रस्तुतिको तरिका हो। जुनसुकै साहित्यिक विधामा भाषाशैली अनिवार्य घटकका रूपमा रहन्छ। भाषा वर्ण, शब्द, पदावली, वाक्य, अनुच्छेद विधानको समष्टि रूप हो। कवितामा प्रयोग गरिएका वर्ण, शब्द, पदावली आदिको जुन पद्धति देखापर्दछ त्यो शैली हो। कविताको भाषा लयात्मक, ललित र रागात्मक हुन्छ। कविताको भाषा अभिधार्थभन्दा बढी लक्ष्यार्थ वा व्यङ्ग्यार्थ हुन्छ। कविताको भाषामा विचलन पाइने हुँदा यसको लालित्यले लयात्मकता प्राप्त गर्दछ।

## ४.१०. 'सडक' हवाई हाइकू सङ्ग्रहको विश्लेषण

रमेश हरिलट्टकको 'सडक' हवाई हाइकू सङ्ग्रह २०५७ साल वैशाखमा प्रकाशित भएको हो। यसको प्रकाशन जगन्नाथ पौडेलले गरेका हुन्। यसमा ३४ वटा हाइकूहरू सङ्कलित छन्।

### ४.१०.१. विषयवस्तु र भाव

प्रस्तुत सङ्ग्रहको 'हाइकू' शीर्षकमा हाइकूको परिचय दिइएको छ। 'म' मा मानवीय जीवनको विवशता, 'सिद्धान्त' मा राजनैतिक खिचातानी, 'सडक' मा राजनैतिक नेताहरूको भ्रष्टाचारपूर्ण व्यवहार, 'परिवर्तन' मा साँस्कृतिक परिवर्तन, 'कला' मा ठूलाबडाको चाकरी गर्ने प्रवृत्ति, 'भाषण' मा उच्च ओहोदामा पुगेका व्यक्तिले गर्ने आडम्बर र फोस्रो भाषणप्रति व्यङ्ग्य, 'कसम' मा अनावश्यक र असम्भव कुरा बाँडेर प्रलोभनमा पार्न खोज्ने व्यवहार, 'अचम्म' मा कुर्चीका लागि नेता र राजनैतिक दलमा हुने गुटबन्दी, 'दोधार' मा कृत्रिम तडकभडकबाट आकर्षित भएर गरिने प्रेम, 'अनुभव' मा बेरोजगारीको समस्या, 'कलम' मा प्रेमका लागि मरिमेट्ने प्रवृत्ति, 'राजनैतिक पार्टी' मा अघिपछि एक अर्काको विरोध गरे पनि स्वार्थपूरा गर्नका लागि एकजुट हुने राजनीतिक दलको व्यवहार, 'कवि' मा साहित्यप्रति घट्दै गएको रुचि, 'विकास' मा राजनैतिक विकृति, 'सहर' मा बढ्ने

सहरीकरणप्रति व्यङ्ग्य, 'नेपाल-१' मा स्वर्गको टुक्रा नेपाल लाटाको देश र गाँडाको राज्य बनेको, 'पत्रिका' मा राजनैतिक विकृति, 'राजनीतिक' मा लुट,झूट र कुटाकुटको राजनीतिप्रति व्यङ्ग्य, 'विद्यार्थी' मा पढ्ने विद्यार्थीमा देखिएको कुलत र विकृति, 'कानुन' मा कानुन पैसाका भरमा चल्ने र गरिबको दुश्मन भएको, 'नेपाल-२' मा बुद्धको देशमा हत्याहिंसा बढेको र राजनैतिक चलखेल हाबी भएको, 'पैसा' मा पैसा सबैभन्दा शक्तिशाली बनेको, बोर्डिङमा शिक्षाका नाममा विकृति भित्र्याउने

प्रस्तुत कवितासङ्ग्रहका कविताहरू मुक्त लयमा लेखिएका छन् । अन्त्यानुप्रास, वृत्यानुप्रासको आयोजना गरिएको छ । कविताहरू गेयात्मक खालका छन् । राम, रावण, विभीषण, सुग्रीवजस्ता पौराणिक पात्रलाई मिथकका रूपमा प्रयोग गरिएको छ । समाज र प्रकृतिसँग सम्बन्धित विविध खालका विम्बको प्रयोग कवितामा गरिएको छ । रूपक, उपमा, दृष्टान्त अलङ्कारले कविताहरू सजिएका छन् । तत्सम्, तदभव र आगन्तुक शब्दको प्रयोग देखिन्छ । सरल भाषाशैलीमा लेखिएका यस सङ्ग्रहका कविताहरू प्रगतिवादी चिन्तनले ओतप्रोत देखिन्छन् ।

## ४.१२. रमेश हरिलट्ठकका पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरूको विवरण

**तालिका-७**

| क्र.सं. | शीर्षक | विधा | पत्रिकाकोनाम | वर्ष, अङ्क, साल |
|---|---|---|---|---|
| १. | गरिबको गीत | गीत | पारदर्शी साप्ताहिक | ? |
| २. | हिजो र आज | कविता | " | २०५३ |
| ३. | नेपालकोस्थिति | मुक्तक | जनसत्ता साप्ताहिक | २०५४ |
| ४. | सक्तिनँ | " | " | २०५४ |

| | | | | |
|---|---|---|---|---|
| ५. | अछुत बालक | कविता | साप्ताहिक | माघ २४,२०५४ |
| ६. | कार्टुन | चित्र | चितवन पोष्ट | २०५६ भाद्र ४, वर्ष २, अङ्क ३० |
| ७. | अचेत मान्छेहरू | कविता | पारदर्शी | २०५४ |
| ८. | दुई मुक्तक | मुक्तक | " | २०५४ |
| ९. | गजल | गजल | " | २०५५,वर्ष१, अङ्क ४० |
| १०. | निर्धा अक्षरहरू | कविता | जनदर्पण | वर्ष१,अङ्क४६,२०५५ |
| ११. | परदेशी र परिवर्तित देश | " | " | वर्ष २ अङ्क ८,२०५६ |
| १२. | सहिद दिवस र औपचारिकता | " | पारदर्शी | ? |
| १३. | गजल | गजल | "<br>" | २०५४ |
| १४. | बिडम्बना | कविता | बाडुली हवाई पत्रिका | २०५५ |
| १५. | गजल | गजल | पारदर्शी | वर्ष१अङ्क१,२०५४ |
| १६. | फेरि आए गिद्धहरू | कविता | " | वर्ष४,अङ्क२,२०५६ |
| १७. | परिचय | कविता | जनदर्पण | २०५६ |
| १८. | प्रजातन्त्र नेपालको | कविता | " | २०५६,वर्ष २,अङ्क १७ |
| १९. | स्कुल छोड्ने दिन | कविता | साप्ताहिक | २०५६ज्येष्ठ१४ |
| २०. | कोही छ इमान्दार | व्यङ्ग्यलेख | जनदर्पण | २०५६साउन १२ |
| २१. | के छ सिंहदरबार | " | " | २०५६साउन२६ |
| २२. | गजल | गजल | पारदर्शी | २०५६साउन१६ |
| २३. | खेलकुद पनि गाईजात्रै भो | व्यङ्ग्यलेख | जनदर्पण | २०५६भाद्र२ |

| | | | | |
|---|---|---|---|---|
| २४. | गजल | गजल | पारदर्शी | २०५६भाद्र ६,वर्ष४,अङ्क१९ |
| २५. | कार्टुन | चित्र | चितवन पोष्ट दैनिक | २०५६ साउन २९ |
| २६. | कार्टुन | ” | जनदर्पण | २०५६ भाद्र ९ |
| २७. | गजल | गजल | चितवन पोष्ट | २०५६भाद्र२४,वर्ष२, अङ्क४७ |
| २८. | बालदिवस अमर रहोस् | व्यङ्ग्यलेख | जनदर्पण | २०५६भाद्र ९, वर्ष२, अङ्क २६ |
| २९. | कार्टुन | चित्र | चितवन पोष्ट | २०५६भाद्र२४,वर्ष२, अङ्क४७ |
| ३०. | कार्टुन | ” | जनदर्पण | २०५६भाद्र२३,वर्ष२ अङ्क२८ |
| ३१. | हिस्सा बुढी हिस्सा दाँत | व्यङ्ग्य | जनदर्पण | २०५६ भाद्र २३, वर्ष २, अङ्क २८ |
| ३२. | गजल | गजल | पारदर्शी | २०५६ भाद्र २० वर्ष ४, अङ्क २१<br>२०५६भाद्र१६,वर्ष२,अङ्क२७ |
| ३३. | पैसा!पैसा!!पैसा!!! | व्यङ्ग्य | जनदर्पण | २०५६ भाद्र १६, वर्ष २, अङ्क ४० |
| ३४. | शान्तिक्षेत्र नेपाल | कार्टुन व्यङ्ग्य | चितवनपोष्ट | २०५६भाद्र२६,वर्ष२,अङ्क२७ |
| ३५. | कार्टुन | चित्र | जनदर्पण | २०५६ भाद्र २२, पूर्णाङ्क १२५ |
| ३६. | कार्टुन | ” | चितवनपोष्ट | २०५६ भाद्र ८, पूर्णाङ्क ११३ |
| ३७. | कार्टुन | ” | ” | वर्ष २,अङ्क ६१ |
| ३८. | कार्टुन | ”<br>” | ” | २०५६असोज५,वर्ष२,अङ्क३०<br>” ” ” ” |
| ३९. | कार्टुन | व्यङ्ग्य | जनदर्पण | २०५६असोज १२, वर्ष २, अङ्क ३१ |
| ४०. | भरतपुर नगरी | ” | ” | |
| ४१. | गोर्खाली चाकरी बाजर पूर्ण बहादुर | ” | ” | २०५६असोज१९ |
| ४२. | हामी...खेलाडी | ” | ” | २०५६कार्तिक,वर्ष १,अङ्क ४ |
| ४३. | गजल | गजल | अनुशीलन मासिक | २०५६मंसिर ५, वर्ष ५, अङ्क ३१<br>२०५६कार्तिक/मंसीर,वर्ष |

| | | | | |
|---|---|---|---|---|
| ४४. | गजल | ” | पारदर्शी | २,अङ्क ९<br>वर्ष १,अङ्क १ |
| ४५. | गजल | | सञ्जीवनी द्वैमासिक | |
| ४६ | जवाफ एक :प्रश्न अनेक | एकांकी | बारुद्ध द्वैमासिक | २०५६ कार्तिक २१, वर्ष ४, अङ्क २९<br>२०५६मङ्सीर२२,वष ा२, |
| ४७. | देशको पनि कुरा गरौं | कविता | पारदर्शी | अङ्क ३८<br>२०५६ पौष २, वर्ष २, |
| ४८. | कार्टुन | चित्र | जनदर्पण | अङ्क ११९<br>वर्ष २, अङ्क ३९, २०५६ |
| ४९. | कार्टुन | | चितवनपोष्ट | मंसीर<br>२०५६पुस१५वर्ष३,अङ्क६ |
| ५०. | कार्टुन | ” | जनदर्पण | २०५६ पुस ७, वर्ष २, |
| ५१. | कार्टुन | ” | चितवनपोष्ट | अङ्क ४० |
| ५२. | कार्टुन | ”<br>” | जनदर्पण | २०५६कार्तिक/मङ्सीर, वर्ष १, अङ्क ५ |
| ५३. | एकाङ्की | लघु एकांकी | बाडुली | वर्ष १, अङ्क २, २०५६ पौष<br>वर्ष४,अङ्क३९,२०५७ |
| ५४. | गजल | गजल | आभा मासिक | वर्ष३,अङ्क३०,२०५६माघ१५ |
| ५५. | म हारेँ | कविता | पारदर्शी | |
| ५६. | मैले झोला बोक्न थालेँ | कविता | चितवनपोष्ट | वर्ष ३, अङ्क ३१, २०५६ माघ १६<br>वर्ष ३, अङ्क ५, २०५६ |
| ५७. | कार्टुन | चित्र | चितवनपोष्ट | फागुन ३<br>? ? |
| ५८. | यति भए पुग्छ | गीत | जनदर्पण | वर्ष ३,अङ्क२२ ,माघ ५, |
| ५९. | गजल | गजल | चितवनपोष्ट | वर्ष४, अङ्क ४७, |
| ६०. | कार्टुन | चित्र | ” | वर्ष १, अङ्क १, २०५६ |
| ६१. | पैसा | कविता | पारदर्शी | फागुन १६<br>वर्ष ५, अङ्क ३, २०५७ |
| ६२. | कार्टुन | चित्र | ताजा खबर | वैशाख १८<br>कैलाली ? |
| ६३. | कमजोरी | कविता | पारदर्शी | वर्ष ५, अङ्क ९, २०५७ |

| | | | | |
|---|---|---|---|---|
| ६४. | गजल | गजल | सहस्राब्दी | ज्येष्ठ२९ |
| ६५. | गजल | गजल | पारदर्शी | २०५८ आश्विन २० |
| ६६. | लडाइँ दुई आतंकवादीको | कविता | जनसघंर्ष | २०५८ असोज ६ |
| ६७. | विवादास्पद छ त भक्तपुरका देश | समीक्षा | " | २०५८ भाद्र ३० |
| ६८. | यो पागल प्रलाप होइन | समीक्षा | " | २०५८असोज १३ |
| ६९. | अध्ययनविनाको कलियुगको मानव | " | " | २०५८ आषाढ २४ |
| ७०. | लक्ष्यको गोरेटो पढाउँदा | कविता | मेचीकाली | ? |
| ७१. | के हो गजल? | लेख | लुम्बिनी | २०५८ मङ्सिर १० |
| ७२. | एउटै ड्याङ्का मुलाहरू | कविता | मेचीकाली | २०५७ वैशाख २८ |
| ७३. | केही हाइकुहरू | कविता | घटना र विचार | ? |
| ७४. | बधु चाहियो | व्यङ्ग्य | चितवनपोष्ट | ? |
| ७५. | गजल | गजल | पारदर्शी | २०५६ चैत्र १६ |
| ७६. | उठ कोसो भारहरू | कविता | चुरेसन्देश | २०५८ श्रावण ७ |
| ७७. | लडाइँ हतियारले लडिन्न | कविता | मेचीकाली | ? |
| ७८. | बाटो | " | नयाँ दिशा | ? |
| ७९. | भाग्यमानी मार्क्सहरू | कविता | " | २०५८ चैत्र १० |
| ८०. | गजल | गजल | लुम्बिनी | २०५८फागुन १८ |
| ८१. | एउटा चित्रमय सुरुवात पारिजातको | समीक्षा | " | ? |
| | पुरानो पुस्तकको | | | |

| | | | | |
|---|---|---|---|---|
| | ताजा सम्झना | | | |
| ८२. | | समीक्षा | जनसङ्घर्ष | |
| | जुनको देशबाटः खरो | | | ? |
| | प्रगतिशीलता | | | |
| ८३. | | | | |
| | सानो कृति– | ” | ” | २०५८ चैत्र १० |
| | ठूलो कुरा | | | २०५८चैत्र ७ |
| ८४. | साहित्यमा हाइकू | | | |
| | कविता | समीक्षा | जनसङ्घर्ष | २०५९ वैशाख १ |
| ८५. | | लेख | मेचीकाली | |
| | नयाँ वर्ष पुरानो | | | |
| | चिन्तन | | | |
| ८६. | | कविता | ” | ? |
| | गजलमा सराबको | | | |
| | कुरा | | | |
| ८७. | | लेख | लुम्बिनी | |
| | प्रगतिवादी | | | ? |
| | लेखनःआजको | | | |
| ८८. | आवश्यकता | | | |
| | | ” | ” | |
| | | | | २० अप्रिल,२००२ |
| | शब्द क्रान्ति | | | |
| | | | | १९ ” ” |
| ८९. | श्रीमतीहरू | कविता | नयाँ दिशा | |
| ९०. | मजदुरहरूको | ” | श्री देउराली | २०५९, वैशाख १८ |
| | एकता र सङ्घर्षको | | | |
| ९१. | वर्ष :मई दिवस | | | |
| | | लेख | मेचीकाली | २०५९ जेठ ५ |
| | बारुद्ध र बुद्ध | | | |
| | | | | २०५९जेठ १८ |
| ९२. | गजल | कविता | मेचीकाली | |
| | | | | ? |
| ९३. | नेपालमा हवाई | गजल | जनसङ्घर्ष | |
| | साहित्यको | | | |
| ९४. | विकासक्रम | लेख | लुम्बिनी | |
| | | | | २०५९ मङ्सिर १४ |
| | गजल | | | |
| | | | | २०५९ पुस ६ |
| ९५. | नयाँनयाँ प्रयोगहरूको | गजल | मेचीकाली | |
| | ‘नव कविता’ | | | |
| ९६. | | समीक्षा | जनसङ्घर्ष | |
| | गजल | | | २०५९ मङ्सिर २८ |

| | | | | |
|---|---|---|---|---|
| | हल्लाको खेती | | | वर्ष १,अङ्क १,२०५८ |
| ९७. | गजल | गजल | मेचीकाली | २०५९माघ ११ |
| ९८. | | लेख | हिमक्षितिज | |
| | मास्टरहरूको | | | २०५९ फागुन २४ |
| ९९. | बस्तीबाट | गजल | भावना | |
| १००. | गजल | कविता | नयाँ दिशा | २०५९चैत्र ८ |
| | गजल | | | २०५९ चैत्र ८ |
| १०१. | | गजल | जनसङ्घर्ष | |
| | बगदाद | | | २०५९ चैत्र १५ |
| १०२. | | " | नयाँ दिशा | |
| | गजल | | | २०६०वैशाख २० |
| १०३. | | कविता | " | |
| | गजल | | | २०६०जेठ २८ |
| १०४. | | गजल | " | |
| | गजल | | | २०६० जेठ ३१ |
| १०५. | | " | साप्ताहिक भैरहवा | |
| | सेतो हिमाल | | | ? |
| १०६. | मेरो:कति उचाँईमा | " | जनसङ्घर्ष | |
| १०७. | यसरी जन्मिन्छ अपराधी | समीक्षा | जनसङ्घर्ष | २०६० असार २८ |
| १०८. | उर्दू साहित्यको मुटुः रुवाई | कविता | ? | २०५९ चैत १ |
| १०९. | मोतीरामका | | | २०६०भाद्र १० |
| | गजलमा शृङ्गार | | मेचीकाली | |
| ११०. | सत्ता | समीक्षा | मेचीकाली | अङ्क २६० |
| | सोच,एक कदम | | | २०५९ कार्तिक २३ |
| १११. | अगाडि | व्यङ्ग्य | कामना | |
| ११२. | | कविता | मेचीकाली | |
| | गजल मन्थनसगै 'दीपिका'को कुरा | | | ? |
| ११३. | | समीक्षा | अनुराग | |
| | बुख्याचाको राज्य | | | २०५९ भाद्र २९ |

| | | | | |
|---|---|---|---|---|
| ११४. | पार्टी फुटाइ दे ! | कविता | नयाँ दिशा | ? |
| | | | | ९मे२००० |
| ११५. | रेडक्रस यात्रा: सल्फेरिनोको | कविता | मेचीकाली | |
| ११६. | सेवादेखि आतङ्कित विश्वसम्म | लेख | मेचीकाली | |
| | सेर्नेभो !सेर्नेभो!! | | | |
| | | | | २०५९ गाईजात्रे अङ्क |
| | आलु उछिट्टिँदा | | | |
| | | | | ? |
| ११७. | एलनको विहे हाम्रो जात्रा | कविता | मेचीकाली | |
| | | | | २०५८ चैत्र १० |
| ११८. | वर्तमान नेपाली | संस्मरण | नयाँ दिशा | |
| | | | | वर्ष३,अङ्क ५६फागुन १८ |
| ११९. | साहित्यका हवाई पत्रिकाहरू | समस्या | नयाँ दिशा | |
| १२०. | | लेख | चितवनपोष्ट | |
| | सपना | | | |
| | | | | ? |
| | जयको कोइराला वाद ! | | | |
| | | | | ? |
| १२१. | टर्रो तर लाभदायक | कथा | रसरङ्ग | |
| | | | | वर्ष २,अङ्क २९ |
| १२२. | कथा | व्यङ्ग्य | चितवनपोष्ट | |
| | | | | २०५९असोज ५ |
| १२३. | | व्यङ्ग्य | दर्पण | |
| १२४. | | कथा | लुम्बिनी | |

स्रोत : शोधनायकले सङ्कलन गरेको डायरीबाट प्राप्त जानकारीअनुसार ।

# परिच्छेद पाँचौं

## ५. शोध निष्कर्ष

साहित्यकार रमेश हरिलट्टकको जन्म वि.सं. २०३७ साल फाल्गुन २१ गते भारतको मेघालयमा पिता भीमलाल सापकोटा र माता जयन्ती सापकोटाका ज्येष्ठसुपुत्रको रूपमा भएको थियो । रमेश हरिलट्टकको वंश–परम्पराको कुनै ऐतिहासिक लिखित तथा प्रामाणिक आधार फेला पर्दैन तापनि उनका परिवारजनको जानकारीअनुसार उनका पुर्खाहरू बाग्लुङ जिल्लाको थन्थाप गा.वि.स. बाट बसोबास गर्न थालेको पाइन्छ । त्यसपछि रमेशका पिता भीमलाल सापकोटाले रोजगारको क्रममा भारतको मेघालयमा केही समय बिताएपछि

वि.सं.२०४४ सालमा नेपाल फर्के र पछि स्याङ्जा पुनः बसाइँ सरी पछि नवलपरासीको दुम्कीवास –१ मा बसोबास गर्दै आएको पाइन्छ । हजुरबुवा टीकाराम सापकोटाका चार सन्तानहरूमध्ये रमेशका पिता कान्छा सन्तान हुन् । रमेश सापकोटाका पिता भीमलाल सापकोटा, भीमलाल सापकोटाका पिता टीकाराम सापकोटा, टीकाराम सापकोटाका पिता नारद सापकोटा र नारद सापकोटा पिता बलभद्र सापकोटा गरी पाँच पुस्ता पुगेका छन् ।

उनले गणित, अर्थशास्त्र र राजनीतिशास्त्र विषयमा प्रमाणपत्र तह उत्तीर्ण गर्नुका साथै अर्थशास्त्र र राजनीतिशास्त्रमा बी.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । रमेश हरिलट्ठकको नामबाट साहित्य सिर्जना गर्ने उनको खास नाम, थर रमेश सापकोटा हो । स्कुले जीवनदेखि नै विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना कविता, गजलहरू प्रकाशन गर्दै आएका हरिलट्ठक वि.सं. २०५४ सालमा कान्तिपुर साप्ताहिक पत्रिकामा 'अछुत बालक' बालक शीर्षकको कविता प्रकाशन गरेर नेपाली कविता साहित्यमा प्रवेश गरेका हुन् । उनका हालसम्म प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् :– 'सानु' (२०५५) हृदयस्पर्शी प्रेमकथा, 'कुकुरलाई घ्यू'(२०५६) व्यङ्ग्यसङ्ग्रह, 'दबाइएका स्वरहरू '(२०५७), 'शब्दक्रान्ति'(२०५८) कवितासङ्ग्रह, 'जिन्दगीको कहानीमा'(२०६१) गजलसङ्ग्रह । उनको अंग्रेजी भाषामा

लिखित 'Ten Ghazals' दस गजलहरू पनि (२०६०) मा प्रकाशित भएको छ । त्यस्तै उनका अन्य कविता र गजलहरू पनि विभिन्न पत्र–पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ ।

'सानु' (२०५५) शीर्षकको प्रेम कथामा आधारित हृदयस्पर्शी प्रेमकथा प्रकाशन गरेर आफ्नो साहित्यिक यात्रा थालनी गरेका रमेश हरिलट्ठकले नेपाली साहित्यमा गजल, कविता, मुक्तकजस्ता विधाहरूमा समेत कलम चलाएको पाइन्छ । अठार वर्षको कलिलो उमेरदेखि आफ्नो साहित्यसाधनालाई निरन्तरता दिएका हरिलट्ठकको वि.सं.२०६१ साल श्रावण २१ गते असामयिक निधन भयो । जसको निधनबाट नेपाली साहित्यले एउटा आशा लाग्दो प्रतिभालाई गुमाएको छ । रमेश हरिलट्ठक नवलपरासीको साहित्यिक नवयुवा जमातका अत्यन्त उत्साही र क्रियाशील प्रतिभाका रूपमा पनि सम्मानित भएका थिए । उनी 'बाडुली' हवाई

पत्रिकाका सम्पादकका साथै दाउन्ने साहित्यिक तथा सांस्कृतिक समूह नवलपरासी तथा विभिन्न पत्रपत्रिकाहरूमा समेत संलग्न थिए ।

रमेश विद्यार्थी जीवनदेखि नै शिक्षक पेसामा लागेको पाइन्छ । उनले सगरमाथा बोर्डिङ स्कुलमा शिक्षकको रूपमा रहेर तीन वर्षजति सेवा गरे भने आफ्नो घर नजिकैको शान्तिदीप बोडिङ स्कुलमा करिब १ वर्ष गरी जम्मा ४ वर्ष शिक्षण पेसामा संलग्न रहेको पाइन्छ । स–साना केटाकेटीहरूसँग छिट्टै घुलमिल हुन सक्ने र ज्यादै मायालु स्वभावका भएकाले स्कुलका छात्र–छात्राहरूले पनि उनको प्रशंसा गर्दथे । शिक्षण पेसाका साथै रमेश हरिलट्ठकले विभिन्न संघ–संस्थाहरूमा पनि आबद्ध भई सेवा गरेका थिए । उनी विभिन्न सामाजिक संघ–संस्थाहरू गजल सागर नेपालका अध्यक्ष, पारदर्शी साप्ताहिक पत्रिका नवलपरासीका संवाददाता, जनदर्पण साप्ताहिकका समाचार सङ्कलन कर्ता तथा स्तम्भ लेखक, बाडुली साहित्यिक पत्रिका भरतपुरका सदस्य भएका थिए ।

रमेश हरिलट्ठकले सर्वप्रथम लेखन प्रेरणा आफ्नै माता–पिताबाट प्राप्त गरेका थिए । भारतमा रहँदा आफ्ना माता–पिताको साथै गुरूजनको सक्रियतामा सामान्य अक्षरहरू चिनिसकेका रमेशले नेपालमा आएपछि पनि उत्तिकै शैक्षिक वातावरण पाएका थिए । उनका हजुरबुवा विद्वान् पण्डित थिए । त्यसैले हरिलट्ठकले हजुरबुवाबाट पनि त्यत्तिकै राम्रो प्रेरणा पाएका थिए । हजुरबुवाले भट्टयाएका मीठा–मीठा संस्कृतका रामायणका र गीताका श्लोकले उनलाई पढाइप्रति झनै प्रेरित गर्दथ्यो । स्कुलमा पनि आफ्ना गुरूजनबाट त्यत्तिकै प्रभावित भएका थिए ।

यथार्थवादी, प्रतीकात्मक, मनोवैज्ञानिक एंव स्वैरकल्पनात्मक कथा लेखनमा प्रवीण देखिने रमेश हरिलट्ठकको कथाकार व्यक्तित्व सरल, सहज र सम्प्रेष्य देखिन्छ ।

यसरी उनका प्रकाशित काव्यकृतिलाई मात्र आधार मानेर हेरेको खण्डमा पनि उनको अन्य विधामा भन्दा काव्य विधामा बढी समय खर्च भएको देखिन्छ । उनले देखे भोगेका अनुभव गरेका अनुभूतिलाई शब्दशिल्पले टिपेर अभिव्यञ्जनात्मक पारामा प्रस्तुत गर्ने कविको शैली आलङ्कारिक र प्रभावपूर्ण छ । साहित्यकार रमेश

हरिलट्टकका कविता कृतिहरूको समग्र रूपमा अध्ययन गर्दा र समीक्षकहरूबाट प्रस्तुत विचारलाई समेत केन्द्रमा राखेर हेर्दा उनको कवि व्यक्तित्व विशेषतः फुटकर गद्य कविता सिर्जनाका क्षेत्रमा सशक्त रूपमा मुखरित भएको पाइन्छ ।

रमेश हरिलट्टकलाई विशेष गरी गजलकार भनेर चिन्न सकिन्छ । उनले अन्य विधाको तुलनामा गजलका क्षेत्रमा प्रशस्त कलम चलाएका छन् । विभिन्न पत्र–पत्रिकाहरूमा फाटफुट रूपमा आफ्ना गजलहरू प्रकाशित गर्दै आएका हरिलट्टकको 'दबाइएका स्वरहरू' नामक गजलसङ्ग्रह (२०५७) सालमा प्रकाशित भएको थियो । त्यसपछि वि.सं. २०६१ सालमा 'जिन्दगीको कहानीमा' शीर्षकको गजलसङ्ग्रह पनि प्रकाशित भएको छ । 'दबाइएका स्वरहरू' गजलसङ्ग्रहमा २७ वटा गजलहरू सङ्ग्रहीत छन् भने जिन्दगीको कहानी गजलसङ्ग्रहमा ५१ वटा गजलहरू सङ्ग्रहीत छन् । समाजमा व्याप्त विकृति विसङ्गतिहरू माथि व्यङ्ग्य प्रहार गरेर लेखिएको 'कुकुरलाई घ्यू व्यङ्ग्यसङ्ग्रहमा पनि ५ वटा गजलहरू रहेका छन् । त्यसबाहेक उनका गजलहरू फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ ।

'कुकुरलाई घ्यू' (२०५६) शीर्षकको व्यङ्ग्यसङ्ग्रह प्रकाशित भएपछि उनी व्यङ्ग्यकारका क्षेत्रमा सार्वजनिक भएका थिए । नेपाली समाज र राजनीतिमा घट्ने वा घटेका घटनालाई सटिक ढङ्गले व्यङ्ग्यात्मक शैलीमा चोटिलो प्रहार गरिएको यस सङ्ग्रहभित्र ९ वटा कविता, ८ वटा मुक्तक र ५ वटा गजल गरी २२ वटा खण्ड रहेका छन् । यस सङ्ग्रहमा समाजमा व्याप्त राजनैतिक अस्थिरता, पाश्चात्य शैलीको अनुसरण, भ्रष्टाचार प्रवृत्ति, गरिबी, शोषण, स्वार्थपन, बालबालिकाको अधिकारको हनन सहरिया गतिविधि र देखावटीपन आदि प्रति तिखो एवं सटिक ढङ्गले व्यङ्ग्य प्रहार गरेर लेखिएको छ ।

साहित्यिक व्यक्तित्व तर्फ रमेश कवि, कथाकार र गजलकारका रुपमा सुपरिचित छन । उनी बहुमुखी प्रतिभाका धनी थिए । समाजसेवी व्यक्तित्व र साहित्यिक व्यक्तित्व उनमा विद्यमान थियो । साहित्यिक व्यक्तित्व नै उनको

प्रभावशाली व्यक्तित्व हो । साहित्यिक व्यक्तित्वलाई पनि विभिन्न विधा उपविधामा बाँडेर हेर्दा कथाकार व्यक्तित्व, लघुकथाकार व्यक्तित्व,कवि व्यक्तित्व गजलकार व्यक्तित्व, व्यङ्ग्यकार व्यक्तित्व, विविध व्यक्तित्व, सम्पादकीय व्यक्तित्व, समीक्षक व्यक्तित्व र हास्यव्यङ्ग्य चित्रकार व्यक्तित्व पाइन्छ । यसरी बहुमुखी प्रतिभाका धनी रमेश हरिलट्टकको साहित्यको क्षेत्र र समाजसेवाको क्षेत्रमा उल्लेखनीय योगदान रहेको पाइन्छ ।

हरिलट्टकका 'सानु' (२०५५) लघु कथा, 'कुकुरलाई घ्यु' (२०५६), हाइकू (२०५७), दबाइएका स्वरहरू (२०५७) गजलसङ्ग्रह, 'शब्दक्रान्ति' (२०५८) कवितासङ्ग्रह, जिन्दगीको कहानीमा (२०६०) गजलसङ्ग्रह प्रकाशित छन् । आफ्नो छोटो जीवनकालमै चर्चामा आएका उनले थुप्रै गजल, मुक्तक प्रतियोगितामा उत्कृष्ट पुरस्कार प्राप्त गरेका छन् । नवलपरासी साहित्य परिषद्ले उनलाई मरणोपरान्त सम्मान प्रदान गरेको छ । गजल व्यक्तिगत होइन संस्थागत रूपमा अघि बढ्नुपर्छ भन्ने मान्यता राख्ने हरिलट्टकले चितवनमा रहँदा 'बाडुली' नामक पत्रिकाको सम्पादन गरेर त्यसबाट गजल लगायतका साहित्यिक विधालाई अघि बढ्न मार्ग प्रशस्त गरेका थिए । तत्पश्चात् अध्ययन कै क्रममा बुटवल आएका उनी 'गजल सागर' नामक विशुद्ध गजलसँग सम्बन्धित रहने संस्थाका संस्थापक र पछि अध्यक्ष भएर गजलको श्रीवृद्धिमा लागि परेको पाइन्छ । नवलपरासी भित्रै पनि दाउन्ने साहित्यिक तथा सांस्कृतिक समूह नामक संस्था स्थापना गरी त्यसको संस्थापक अध्यक्ष भएर विभिन्न भित्ते तथा बालपत्रिकाहरू प्रकाशित गर्दै साहित्यको उन्नयनमा लागि परेको प्रस्ट हुन्छ ।

नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार रमेश हरिलट्टक वहुमुखी प्रतिभा हुन् । कथा, कविता, गजल र हास्यव्यङ्ग्यका क्षेत्रमा चलाएको कलमले उनलाई बहुआयामिक व्यक्तित्वको सङ्केत गरेको छ । उनका कृतिहरुको अन्तरवस्तुमा युगवोध र नयाँ चेतना मुखरित भएको छ । सानै उमेर देखि साहित्य सृजना तर्फ उत्प्रेरित भएका हरिलट्टक मूलतः गजलकार हुन् र यसै क्षेत्रमा उनको

योगदान रहेको छ । साढे दुई दशकको अवधिमा उनले साहित्यका क्षेत्रमा देखाएका गतिविधी र कार्यहरुले प्रतिभाका प्रशस्त छनक दिएका छन् । उनमा विद्यमान त्यो प्रतिभा दृर्घकाल सम्म जीवित रहन पाएको भए संख्यात्मक र गुणात्मक दुवै दृष्टिले उत्कृष्ट लेखनका साथै कृतिहरु थपिने संभावना प्रवल देखिन्छ । साहित्यिक यात्रा आराम्भ भएदेखि जीवनपर्यन्तको साहित्यिक व्यक्तित्वले हरिलट्ठकलाई प्रतिभावान युवा श्रष्टाका रुपमा स्थापित गरेको छ । अढाई दशकको अवधि वचेका रमेश हरिलट्ठक अँभै वाँचेको भए नेपाली साहित्यको विकासमा थप योगदान पुग्ने थियो भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

## ६.सन्दर्भग्रन्थसूची


उदासी, टीकाराम, (२०५९),**गजलसिद्धान्त र नेपाली गजलको इतिहास**, नेपाल : अतिरिक्त प्रकाशन ।

उपाध्याय, गोपीरमण, (२०५९), **प्रगतिशील साहित्य समालोचना**, रूपन्देही : बुटवल साहित्य, कला, संस्कति प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव, (२०२७), **नेपाली कविताको सिंहावलोकन**, काठमाडौं : साभा प्रकाशन, ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.),(२०५२), **नेपाली बृहत् शब्दकोश**, तेस्रो सं. काठमाडौं : ने.रा.प्र.प्र.।

पराजुली, ठाकुरप्रसाद, (२०५६), **नेपाली साहित्यको परिक्रमा**, दोस्रो सं., काठमाडौं : साभा प्रकाशन ।

परिश्रमी, घनश्याम न्यौपाने, (२०६४),**गजल सौन्दर्य मीमांशा**, रूपन्देहीः सनसाइन उ.मा.वि. ।

भट्टराई, घटराज, (२०५१), **साहित्यकार परिचय कोश**, काठमाडौं : एकता बुक्स डिस्टिब्युटर्स ।

भट्टराई, जयदेव, (२०५४), **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौं : ने.रा.प्र.प्र.।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँचौं सं., काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल खगेन्द्प्रसाद, (२०५५), **शोधविधि,** दोस्रो सं. काठमाडौँ : साझा प्रकाशन ।

लामिछाने, कपिल, (२०५८), **नेपाली साहित्यको सेरोफेरो**, सिद्धार्थनगर : कला सदन ।

हरिलट्टक, रमेश, (२०५५), **सानु लघुकथा**, भरतपुरः वीरेन्द्र बहुमुखी क्याम्पस ।

....................,(२०५६), **कुकुरलाई घ्यू,** चितवन : लेखक स्वयं ।

...................., (२०५७),**दबाइएका स्वरहरू,** भरतपुरः बाडुली गफाडी जमघट ।

..................., (२०५७),**सडक हवाई हाइकू सङ्ग्रह**, भरतपुरः बाडुली गफाडी जमघट ।

..................., (२०५८),**शब्दक्रान्ति, नवलपरासी** दाउन्ने साहित्यिक तथा सांस्कृतिक समूह ।

..................., (२०६१),**जिन्दगीको कहानीमा**, बुटवलः गजल सागर नेपाल ।